(क) निम्न लेखिएका बाहेक रासायनिक तवरले छुट्टै रुपमा परिभाषित तत्व वा यौगिकहरु :

(१) कृत्रिम ग्रेफाइट (शीर्षक ३८.०१);

(२) कीटनाशक, कृतकान्तक (रोडेन्टिसाइड), च्याउनाशक, झारपातनाशक, अंकुणरोधी (एण्टीस्प्राउटिङ) उत्पादनहरु, वनस्पति बृद्धिनियामक (प्लान्ट ग्रोथ रेगुलेटर), विसंक्रामकहरु र त्यस्तै उत्पादनहरु, शीर्षक ३८.०८ मा उल्लेख भए बमोजिम राखिएका;

(३) अग्निशामक (फायरएक्स्टिङ्वीशर) को इन्धन (चार्ज) को रुपमा राखिएको वा अग्निशामक हातगोला (ग्रिनेड) को इन्धन (चार्ज) को रुपमा राखिएका उत्पादनहरु (शीर्षक ३८.१३);

(४) तल द्रष्टव्य २ मा उल्लेख भएका प्रमाणित सन्दर्भ सामग्रीहरु (रेफरेन्स म्याटेरियल्स);

(५) तल द्रष्टव्य ३(क) वा ३(ग) मा उल्लिखित उत्पादनहरु ।

(ख) मानवीय भोजन सामाग्रीको रुपमा प्रयोग हुने खालका खाद्य पदार्थहरु वा पौष्टिक महत्वका अन्य वस्तुहरुका साथ रासायनिक द्रव्यको मिश्रण (सामान्यतः शीर्षक २१.०६);

(ग) धातुहरु (मेटल्स), घातक विष (आर्सेनिक) वा तिनका मिश्रणहरु भएका भाग २६ (शीर्षक २६.२०) को द्रष्टव्य ३(क) वा ३(ख) का आवश्यकता वा अपेक्षा (रिक्वायरमेण्ट्स) पूरा गर्ने धातुमल, क्षार र अवशेषहरु (स्ल्याग, ऐस एण्ड रेसिड्यूज) (फोहोर नालीको हिलो बाहेक फोहोर मैलाको हिलो समेत);

(घ) औषधिहरु (शीर्षक ३०.०३ वा ३०.०४); वा

(ङ) अपधातुहरु (बेस मेटल्स)को निस्सारण (एक्सट्राक्सन) मा प्रयोगहुने खालका वा अपधातुहरु (बेसमेटल्स) का रासायनिक यौगिक (केमिकल कम्पाउण्डस) को उत्पादन (म्यानुफ्याक्चर) को लागि प्रयोग हुने खालका प्रयुक्त उत्प्रेरकहरु क्याटालिस्ट्स) (शीर्षक २६.२०), वहुमूल्य धातुको पुनर्प्राप्ति (रिकभरी) का लागि मुख्य रुपमा प्रयोग हुने खालका प्रयुक्त उत्प्रेरकहरु (स्पेन्ट क्याटालिस्ट्स) (शीर्षक ७११२) वा; उदाहरणको लागि, मिहीन रुपले छुट्टिने

चूर्ण (फाइनली डिभाइडेड् पाउडर) वा बुनिएको जाली (वुभेन गउज) को रुपमा भएका धातुहरु वा मिश्रधातु भएका उत्प्रेरकहरु (क्याटालिस्ट्स) १४ वा १५)।

२. (अ) शीर्षक ३८.२२ को प्रयोजनको लागि "प्रमाणित सन्दर्भ सामाग्रीहरु" (फाइड रेफरेन्स म्याटेरियल्स) को अर्थ त्यस्ता सन्दर्भ सामाग्रीहरु जसको साथमा यस्तो प्रमाणपत्र हुन्छ, जसले प्रमाणीत लक्षणहरु (सर्टिफाइड् प्रोपर्टिज) का मान वा मूल्यहरु (भ्यालुज), यस्तो मान वा मूल्य (भ्यालु) निश्चित गर्न प्रयोग गरिएका पद्धतिहरु (मेथडस्) र प्रत्येक मान वा मूल्यसंग सम्वद्ध निश्चितता (सरटेण्टी) को मात्रा वा परिमाण (डिग्री) समेत हुन्छन् र यी विश्लेषणी (एनालिटिकल), अनुसंशोधनीय (क्यालिब्रेटिङ्ग) वा सन्दर्भको रेफरेन्सिङ्ग) प्रयोजनको लागि उपयुक्त (सु टेबल) हुन्छन्।

(आ) भाग २८ वा २९ का उत्पादनहरु बाहेक, प्रंमाणित सन्दर्भ सामाग्रीको वर्गीकरणका लागि यस दरबन्दी (नोमेनक्लेचर) का अन्य शीर्षक (हेडिङ्ग) भन्दा शीर्षक ३८.२२ लाई प्राथमिकता (प्रेसिडेन्स) दिइनेछ।

३. तल उल्लेख भएका सामानहरु शीर्षक ३८.२४ मा समावेश गरिनेछन् र ती सामानहरु यस दरबन्दीमा अन्य कुनै शीर्षक अन्तर्गत पर्ने छैनन् :

(क) म्याग्नेसियम अक्साइड वा क्षारीय धातु वा क्षारीय मृत्तिका धातु (अर्थ मेटल) को हलाइडहरुको प्रत्येकको तौल २.५ ग्रा. भन्दा कम नभएका संवर्धित (कल्चर्ड) मणिभहरु (चाक्षुश तत्व बाहेक);

(ख) फ्युजल तेल; डिपेलको तेल;

(ग) खुद्रा बिक्रीको लागि पेक गरेर राखिएको मसी मेट्नेहरु (इङ्क रिमुभर);

(घ) स्टेनशीलमा सच्याउनेहरू, अन्य सच्याउने द्रव (फ्लूड) हरू र सच्याउने टेपहरू (शीर्षक ९६.१२ मा पर्ने बाहेकका), खुद्रा बिक्रीको लागि प्याक गरिएको; र

(ङ) सेरामिक फाइरिङ टेस्टरहरु, फ्युजिवल (गलनशील) (जस्तै, सेगेर कोनहरु)।

४. यस दरबन्दी (नोमेन्क्लेचर) भरि नै "नागरिक उत्सर्जित पदार्थ" (म्युनिसिपिल वेष्ट) भन्नाले गृहस्थको घर आंगन (हाउसहोल्ड), होटेलहरु, रेष्टुरांहरु, अस्पतालहरु, पसलहरु, कार्यालयहरु आदिबाट जम्मा गरिए जस्ता फोहोर मैला (कसिङ्गर) हरु, सडक र सडकका पेटी, खरन्जा (पेभमेण्ट) का बढारकुँढार (स्वीपिङ्ग), साथै निर्माण कार्य र ढाल्ने तोड्ने (डेमोलिशन) कार्यका उत्सर्जनहरु (वेष्ट) लाई जनाउंछ। नागरिक उत्सर्जित पदार्थ (म्युनिसिपल वेष्ट) मा सामान्यतः प्लाष्टिक, रबर, काठ, कागज, तान्तव वस्तुहरु (धागो, कपडा, डोरी आदि टेक्सटाइल), काँच, धातु, खाद्य वस्तुहरु, टुटफुट भएका फर्निचरहरु र अन्य विग्रे भत्केका (ड्यामेज्ड) वा उत्सर्जित (फालिएका:

डिस्कार्डेड्) वस्तुहरु हुन्छन् । तर "नागरिक उत्सर्जन (उतसर्जित पदार्थ)" भन्ने शब्दहरुले देहायका वस्तुलाई समावेश गर्दैन :

(क) कसिंगर फोहर (वेष्ट) बाट छुट्याइएका (सेग्रीगेटेड) अलग अलग (इनडिभिजुअल) पदार्थहरु वा वस्तुहरु जस्तो कि प्लाष्टिक, रबर, काठ, कागज, तान्तव वस्तुहरु (धागो, कपडा, डोरी, आदिः टेक्सटाइल) काँच वा धातुहरुको उत्सर्जन (वेष्ट) तथा प्रयुक्त (स्पेण्ट) ब्याटरीहरु । यस्ता वस्तुहरु दरबन्दीका उपयुक्त शीर्षकहरु मै पर्दछन्;

(ख) औद्योगिक उत्सर्जित पदार्थहरु (वेष्ट);

(ग) भाग ३० को द्रष्टव्य ४(ञ) मा परिभाषित वेकम्मा औषधीय उत्पादनहरु; वा

(घ) तल द्रष्टव्य ६(क) मा परिभाषा गरिए अनुसारको औषधोपचारीय उत्सर्जनहरु (क्लिनिकल वेष्ट) ।

५. शीर्षक ३८.२५ को प्रयोजनको लागि, "नालीको फोहोर मैलो" (सिवेज स्लज) भन्नाले शहरी क्षेत्रको निस्सारित फोहर मैला शोधन संयत्र (अर्वन एफ्लुएण्ट ट्रिटमेण्ट प्लाण्ट) बाट निस्कने हिलो मैलो (स्लज) लाई जनाउंछ र यसले शोधनपूर्व (प्रि ट्रिटमेण्ट) का फोहर मैला, धोइ पखाली गर्दाको मैलो (एकाउरिड्स) तथा नजमेको फोहोर हिलो (अनस्टैबिलाइज्ड स्लज) । मल खाद (फर्टिलाइजर) को रुपमा प्रयोग गर्न उपयुक्त भए पछिको फोहोर मैला (हिलो) यसबाट वाहिर पर्छ (भाग ३१) ।

६. "अन्य उत्सर्जित पदार्थ" (फोहोर मैला) भन्ने उक्ति शीर्षक ३८.२५ को प्रयोजनको लागि देहायका वस्तुहरुको हकमा लागू हुन्छ :

(क) औषधोपचारीय उत्सर्जनहरु (क्लिनिकल वेष्ट), अर्थात, चिकित्सा (मेडिकल) सम्बन्धी अनुसन्धान (रिसर्च), रोग निदान (डैगनोसिस), उपचार (ट्रिटमेण्ट) वा अन्य औषधीय (मेडिकल), शल्यक्रिया (सर्जिकल), दन्त चिकित्सा (डेण्टल) वा पशु स्वास्थ्योपचार (भेटेरिनरी) प्रक्रिया (प्रोसिड्यूर) बाट निस्केका संदूषित (कण्टामिनेटेड) फोहर मैलाहरु (वेष्ट), जसमा प्रायसः: रोगजनक पदार्थहरु (प्याथोजिन्स) तथा भेषजीय तत्वहरु (फर्मास्यूटिकल सव्सटान्सेज) रहन्छन् र विशिष्ट निस्तारण क्रियाविधि (डिस्पोजल प्रोसिड्यूर्स) को अपेक्षा राख्छन् (उदाहरणको लागि, मैलो, दाग लागेको पट्टीहरु (स्वाइल्ड ड्रेसिङ्ग), प्रयुक्त पन्जाहरु (यूज्ड ग्लोभ्स) र प्रयुक्त श्रृंगकहरु (यूज्ड सिरिन्जेज);

(ख) वेकम्मा प्रांगारिक द्रावक पदार्थहरु (अर्गानिक सोल्भेण्ट्स);

(ग) धातुको अम्लमार्जन निमित्तका द्रव्यहरु (मेटल पिकलिङ्ग लिकर्स), द्रव परिचालित यन्त्रका द्रवहरु (हाइड्रोलिक फ्लूइड्स), रोधकका द्रवहरु (ब्रेक फ्लुइड्स) तथा हिमिकरण विरोधी द्रवहरु (ऐण्टी फ्रिजिङ्ग फ्लुइड्स) का उत्सर्जनहरु (वेस्ट्स); तथा

(घ) रासायनिक वा समवर्गी (एलाइड्) उद्योगहरुबाट निस्कने अन्य फोहोर मैला (अदर वेस्ट्स) हरु ।

तर "अन्य फोहोर मैला" (अदर वेस्ट्स) भन्ने उक्तिले मुख्यत: पेट्रोलियम तेल वा विटुमिन खनिज (विटुमिन मिनरल) बाट प्राप्त तेलहरु भएका फोहर मैलाहरुलाई समाविष्ट गर्दैन (शीर्षक २७.१०) ।

७. शीर्षक ३८.२६ को प्रयोजनका लागि "जैविकडिजेल" भन्ने उक्तिले प्रयोग भएको वा नभएको जनावर वा वनस्पतिको बोसो र तेलबाट प्राप्त गरिएको इन्धनका रुपमा प्रयोग गर्ने किसिमको बोसे अम्ल (फ्याट्टी एसिड) को मोनो-अल्काइल इष्टरहरुलाई बुझाउँदछ ।

उपशीर्षक-द्रष्टव्य:

१. तल उल्लेख भएका एक वा सोभन्दा बढी पदार्थहरू भएका शीर्षक ३८.०८ मा पर्ने वस्तुहरूलाई मात्र उपशीर्षक ३८०८.५० ले समेट्दछ; आल्ड्रिन(आइएसओ); बिनापाक्रिल (आइएसओ); क्यामफेक्लोर (आइएसओ) (टोक्साफेन); क्याप्टाफोल (आइएसओ); क्लोरडेन (आइएसओ); क्लोरडिमेफर्म (आइएसओ); क्लारोबेन्जाइलेट (आइएसओ); डीडीटी (आइएसओ) (क्लोफेनोटेन (आइ एन एन), १,१,१-ट्राइक्लोरो-२,२- विस (पी-क्लोरोफिनायल) इथेन); डियल्ड्रिन (आइएसओ, आइ एन एन); ४,६-डाइनाइट्रो-ओ-क्रिसोल (डीएनओसी) (आईएसओ) वा यसका लवणहरू; डिनोसेव (आइएसओ), यसका लवणहरू वा इष्टरहरू; इथाइलिन डिब्रोमाइड (आइएसओ) (१,२-डिब्रोमोथेन); इथाइलिन डाइक्लोराइड (आइएसओ) (१,२-डाइक्लोरोइथेन); फ्लूओरोएसेटामाइड (आइएसओ); हेप्टाक्लोर (आइएसओ); हेक्जाक्लोरोबेन्जेन (आइएसओ); १, २,३,४,५,६-हेक्जाक्लोरोसाइक्लोहेक्जेन (एचसीएच (आइएसओ)), लिन्डेन (आइएसओ, आइ एन एन) समेत; पारोको यौगिकहरू; मेथामाइडोफोस (आइएसओ); मानोक्रोटोफोस (आइएसओ); अक्सिरेन (इथाइलिन अक्साइड); प्याराथिअन (आइएसओ); प्याराथिअन-मिथाइल (आइएसओ) (मिथाइल-प्याराथिन); पेन्टाक्लोरोफेनोल (आइएसओ), यसका लवण वा इष्टरहरु; फोस्फामिडोन (आइएसओ); २,४, ५-टी (आइएसओ) (२,४,५-ट्राइक्लोरोफेंनोक्सिएसेटिक अम्ल), यसका लवणहरू र यसका इष्टरहरू; ट्राईबुटाईलिन यौगिकहरु

उपशीर्षक ३८०८.५० मा छर्कने धूलो (पाउडर) पनि पर्दछ जसको बनावटमा विनोमायल (आईएसओ), कार्बोफ्यूरान (आईएसओ) र थीराम (आईएसओ) को मिश्रण समाविष्ट भएको हुन्छ ।

२. उपशीर्षक ३८२५.४१.०० तथा ३८२५.४९.०० का प्रयोजनका लागि "बेकम्मा प्रांगारिक द्रावक पदार्थहरु" (वेष्ट अर्गानिक सोलभेण्ट्स) भनेका त्यस्ता बेकम्मा फोहोर पदार्थहरु हुन् जसमा मूख्यत: प्रांगारिक द्रावक पदार्थहरु (अर्गानिक सोलभेण्ट्स) हुन्छन् र ती जुन रुपमा प्रस्तुत भएका छन् प्राथमिक उत्पादनहरु सरह अग्रिम प्रयोगको लागि उपयुक्त हुदैनन्, द्रावक पदार्थहरुको पुन: प्राप्ति (रिकोभरी) अभिष्ट भएको वा नभएको ।

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
38.01		**कृत्रिम ग्रेफाइट; कोलाइडल वा सेमी कोलाइडल ग्रेफाइट; ग्रेफाइट वा अन्य कार्वनमा आधारित पेष्ट, (लेदो), ढिक्का (ब्लक), पाता (प्लेट) वा अन्य अर्द्ध उत्पादित वस्तुको रुपमा रहेका तयारी वस्तुहरु ।**		
	3801.10.00	-कृत्रिम ग्रेफाइट	5	5
	3801.20.00	-कोलाइडल वा सेमी कोलाइडल ग्रेफाइट	5	5
	3801.30.00	-इलेक्ट्रोडसको लागि कार्वनयुक्त पेष्ट र भट्टीको अस्तर (फर्नेस लाइनिङ्ग) निमित्तको त्यस्तै पेष्ट	6.5	10
	3801.90.00	-अन्य	6.5	10
38.02		**क्रियाशील (एक्टीभेटेड) कार्वन; क्रियाशील प्राकृतिक खनिज उत्पादनहरु; जीवजन्तुजन्य कालो वर्णक (एनिमल ब्ल्याक) र प्रयुक्त जीवजन्तुजन्य कालो वर्णक (स्पेन्ट एनिमल ब्ल्याक) समेत ।**		
	3802.10.00	-क्रियाशिल कार्वन:	5	5
	3802.90.00	-अन्य	5	5
38.03	3803.00.00	**प्रशोधन गरिएको वा नगरिएको टाल आयल ।**	5	5
38.04	3804.00.00	**गाढा पारिएको वा नपारिएको, अशर्कराकृत बनाइएको वा नबनाइएको, रासायनिक किसिमले उपचार गरेको वा नगरेको, काठको थिलथिलो लेदो (उड पल्प) बनाउंदा निस्केको क्षारयुक्त अवशेषीय पानी (रेसिड्युअल लाइज), लिग्निन सल्फोनेट समेत, तर शीर्षक ३८.०३ को टाल आयल बाहेक ।**	5	5

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
38.05		**गुंद (गम), काठ (उड) वा सल्फेटका तार्पिनका तेलहरु (टर्पेन्टाइन) र अन्य शंकुधारी काठ (कोनिफेरस उड) को उर्द्धपातन वा अन्य उपचारबाट उत्पादित तार्पिन तेलहरु (टर्पेनिक आयल),अप्रशोधित (क्रुड) डाइपेन्टिन; सल्फाइट तार्पिनको तेल र अन्य अप्रशोधित (कुड) पारासिमिन; अल्फा टर्पिनियोल मुख्य अवयवको रुपमा भएको सल्लाको तेल (पाइन आयल) ।**		
	3805.10.00	-गुंद (गम), काठ (उड) वा सल्फेट टर्पेन्टाइन (तार्पिनको तेल)	6.5	10
	3805.90.00	-अन्य	6.5	10
38.06		**खोटो (रोजिन) र रेजिनका अम्लहरु तथा तिनका ब्युत्पतिहरु; खोटोको (रोजिन) स्पिरिट र खोटोका (रोजिन) तेलहरु; पग्लेको गूंद (रन गम्स) ।**		
	3806.10.00	-रोजिन (तार्पिन) र रेजिन एसिडहरु	6.5	10
	3806.20.00	-खोटो (रोजीन) को, लिसोको अम्ल (रेजिन एसीड) को वा खोटो (रोजिन) वा लिसोको अम्ल (रेजीन एसिडस) का ब्युत्पत्तिहरु (डेरीभेटीभ्स) का लवणहरु, रोजीन यडक्ट्सका लवणहरु बाहेक	6.5	10
	3806.30.00	-इष्टर गमहरु	6.5	10
	3806.90.00	-अन्य	6.5	10
38.07	3807.00.00	**काठे अलकत्रा (उड टार); काठे अलकत्राको तेल; काठको क्रियोसोट (उड टारबाट निकालिएको रंगहीन तेल); काठ (उड) नाफ्था; वनस्पति पिच, बुअर्स पिच; यस्तै रोजिन, रेजिन अम्ल वा वनस्पतिक पिचमा आधारित तयारी सामानहरु ।**	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
38.08		**कीटनाशक, कृतकान्तक, ढुसीनाशक, झारपातनाशक, अंकुरणरोधी (ऐन्टिस्प्राउटिङ्ग), उत्पादनहरु र वनस्पति बृद्धि नियामक (प्लान्ट ग्रोथ रेगुलेटर), विसंक्रामक र त्यस्तै उत्पादनहरु, खुद्रा बिक्रीका लागि आकार वा पुलिन्दा (प्याकिङ्ग) मा राखिएको वा तयारी सामान (प्रिपेरेशन) वा वस्तु (आर्टिकल) को रुपमा राखिएको (जस्तै, गन्धक उपचार गरेका धागो (ब्याण्ड), सलेदो (विक्स) तथा मैनबत्ती, र झिङ्गा फसाउने कागज (फ्लाइपेपर्स) हरु)।**		
	3808.50.00	-यस भागको उपशीर्षक-द्रष्टव्य १ मा उल्लेख गरिएका वस्तुहरु	5	10
		-अन्य :		
		--किटनाशक पदार्थहरु (इन्सेक्टीसाइड्स):		
	3808.91.10	---लामखुट्टे, साङ्ला जस्ता घरायसी किटनाशक उत्पादनहरु	11.75	15
	3808.91.90	---अन्य	5	5
	3808.92.00	--ढुसीनाशक पदार्थहरु (फङ्गीसाइड्स)	5	5
	3808.93.00	--झारपातनाशक (हर्बिसाइड्स), अंकुरणरोधी (एण्टीस्प्राउटिङ्ग) उत्पादनहरु र वनस्पति बृद्धि नियामक (प्लाण्टग्रोथ रेगुलेटर)	5	5
	3808.94.00	--बिसंक्रामक (डिसइन्फेक्ट्यान्टस)	5	5
	3808.99.00	-अन्य	5	5

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
38.09		**कपडा, कागज, छाला र यस्तै उद्योगहरुमा प्रयोग हुने खालका, अन्यत्र उल्लेख नभएका परिष्करणका कारकहरु (फिनिशिङ्ग एजेण्ट्स), रंगाउने क्रिया वा रंगलाई स्थायी गराउने क्रिया छिटो सम्पादन गर्ने रंग वाहकहरु (डाइक्यारियर्स) र अन्य उत्पादन तथा तयारी वस्तुहरु (उदाहरणको लागि सरेसमांडहरु (ड्रेसिङ्ग) र रंगस्थापकहरु (मोर्ड्याण्ट्स)।**		
	3809.10.00	-मांडिलो श्वेतसार पदार्थ (एमीलेसियस मुख्य अंश भएको सब्स्टान्स)	8.25	10
		-अन्य :		
	3809.91.00	--टेक्सटाइल (कपडा) वा यस्तै उद्योगमा प्रयोग हुने खालको	8.25	10
	3809.92.00	--कागज वा यस्तै उद्योगमा प्रयोग हुने खालको	6.5	10
	3809.93.00	--छाला वा यस्तै उद्योगमा प्रयोग हुने खालको	8.25	10
38.10		**धातुको सतहलाई अम्लमा धुनको लागि तयार पारिएका पदार्थहरु (पिकलिङ्ग प्रिपेरेशन); टांका लगाउने (सोल्डरिङ्ग), जोड्ने (वेल्डिङ्ग) वा पितलको टांका (ब्रेजिङ्ग) लगाउन प्रयोग गरिने फ्लक्सेस (गाल्ने पदार्थ) वा अन्य सहायक साधनहरु टांका (सोल्डरिङ लगाउन, जोड्न, वैल्डिङ्ग वा पित्तलको टांका (ब्रेजिङ्ग) लगाउन प्रयोग गरिने धुलोहरु (पाउडर) र मलमहरु (पेष्ट), धातु र अन्य पदार्थ भएका; वेल्डिङ्ग इलेक्ट्रोडहरु वा छडहरुको आंतरक (भित्री भाग वा कोर) वा आलेफ (कोटिङ्ग) गर्न प्रयोग गरिने खालका तयारी वस्तुहरु।**		

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3810.10.00	-धातुको सतहलाई अम्लमा धुनको लागि तयार पारिएका पदार्थहरु (पिकलिङ्ग प्रिपेरेशन); टांका लगाउन, जोड्न वा पितलको टांका लगाउन प्रयोग गरिने धातु वा अन्य पदार्थ भएका धूलो (पाउडर) र मलम (पेष्ट) हरु	6.5	10
	3810.90.00	-अन्य	6.5	10
38.11		**खनिज तेल (ग्यासोलिन सहित) वा खनिज तेलको उद्देश्यले प्रयोग हुने अन्य तरल पदार्थको लागि अपस्फोट (एण्टिनोक) वस्तुहरु, अक्सिडेसन निरोधक वस्तुहरु, लिस्याइलोपन निरोधक (गम इनहिबिटर) वस्तुहरु, लिस्याइलो वा चिपचिपेपन बढाउने (भिस्कोसिटी इम्प्रुभर्स) वस्तुहरु, खिया निरोधक (एण्टिकोरोसिभ) वस्तुहरु र यस्तै योगज (एडिटिभ) तयारी वस्तुहरु ।**		
		-एण्टीनक (अपस्फोट) उत्पादनहरु :		
	3811.11.00	--सिसा (लिड) को यौगिकमा आधारित	8.25	15
	3811.19.00	--अन्य	8.25	15
		-चिप्लो पार्ने तेल (लुब्रिकेटिङ्ग आयल) को लागि एडिटिभ्स योगज वस्तुहरु (एडिटिभ्स्):		
	3811.21.00	--पेट्रोलियम तेल वा बिटुमिनयुक्त खनिजबाट प्राप्त तेल भएको	8.25	15
	3811.29.00	--अन्य	8.25	15
	3811.90.00	-अन्य	8.25	15
38.12		**तयार गरिएका रबर एक्सीलेरेटरहरु (रबरको गुण बृद्धि गर्ने); रबर वा प्लाष्टिकको लागि मिश्रित प्लास्टीसाइजर (मुलायम वा लोचदार बनाउने) हरु, अन्यत्र नपरेको वा उल्लेख नभएको; रबर वा प्लाष्टिकको लागि उपचयरोधी (एण्टि ओक्सिडाइजिङ्ग) तयारी वस्तुहरु र अन्य यौगिक स्थायीकारकहरु (स्टेबिलाइजर्स) ।**		
	3812.10.00	-तयार गरिएका रबर एक्सीलेरेटरहरु	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3812.20.00	-प्लाष्टिक वा रबरका लागि यौगिक प्लाष्टिसाइजर (मुलायम वा लोचदार बनाउने) हरु	6.5	10
	3812.30.00	-रबर र प्लाष्टिकका लागि एन्टि अक्सिडाइजिङ्ग (उपचयरोधी) वस्तुहरु र अन्य मिश्रित स्टेविलाइजर्स (स्थायीकारकहरु)	5	5
38.13	3813.00.00	**आगो नियन्त्रण गर्ने (अग्निशामक) यन्त्रको लागि तयार गरिएका वस्तुहरु र इन्धनहरु (चार्जहरु); इन्धन (चार्ज) सहितका आगो नियन्त्रण गर्ने (अग्निशामक) हतगोलाहरु (ग्रिनेड्स)।**	6.5	10
38.14	3814.00.00	**प्रांगारिक संयुक्त द्रावक (सोल्भेन्ट) र पातलो पार्ने (थिनर) पदार्थ, अन्यत्र नपरेको; प्रलेप (पेन्ट) र रोगन (वार्निस) हटाउने वा मेट्ने तयारी सामानहरु।**	15	15
38.15		**अन्यत्र नपरेका वा उल्लेख नभएका रियाक्सन इनिसियटर्स (प्रतिक्रिया शुरु गर्ने), रियाक्सन एसिलेटर्स (प्रतिक्रिया बृद्धि गर्ने) र क्याटालिटिक (उत्प्रेरणात्मक) तयारी वस्तुहरु।**		
		-सपोर्टेड (समर्थित) क्याटालिष्ट्स (उत्प्रेरकहरु) :		
	3815.11.00	--निकल वा निकलको यौगिक मिश्रण सकृय तत्वको रुपमा रहेको	6.5	10
	3815.12.00	--वहुमूल्य धातु वा बहुमूल्य धातुका यौगिकहरु सक्रिय तत्वको रुपमा रहेका	6.5	10
	3815.19.00	--अन्य	6.5	10
	3815.90.00	-अन्य	6.5	10
38.16	3816.00.00	**शीर्षक ३८.०१ का उत्पादनहरु बाहेक परीवर्तनीय (रिफ्रयाक्टरी) सिमेन्टहरु, जोड्ने साधन (मोर्टार्स), कंक्रिट्स र यस्तै सम्मिश्रणहरु।**	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
38.17	3817.00.00	मिश्रित अल्किल वेन्जीनहरु र मिश्रित अल्किलनाफथालिनहरु, शीर्षक २७.०७ वा २९.०२ का बाहेक ।	6.5	10
38.18	3818.00.00	डिस्क, वेफर वा यस्तै रुपका इलेक्ट्रोनिक्समा प्रयोगको लागि विकार हालिएका (डोप्ड) रासायनिक तत्वहरु; इलेक्ट्रोनिक्स मा प्रयोग गर्नका लागि विकार हालिएका (डोप्ड) रासायनिक यौगिकहरु ।	6.5	10
38.19	3819.00.00	पेट्रोलियम तेल वा बिटुमिन खनिजबाट प्राप्त तेलको मात्रा नभएको वा तौल मा ७० प्रतिशत भन्दा कम भएको हाइड्रोलिक ब्रेकको तरल द्रब्य र हाइड्रोलिक ट्रान्समिशनको लागि अन्य तयारी तरल द्रब्यहरु ।	20	20
38.20	3820.00.00	एन्टिफ्रिजिङ (हिमीकरण निरोधक) उत्पादनहरु र विहिमक तरल द्रब्य (डिआइसिङ्ग फ्ल्यूइड्स)।	6.5	10
38.21	3821.00.00	सूक्ष्म जीवाणु (माइक्रोअर्गानिज्म) (भाइरसहरु र यस्तै जीवाणु समेत) वा वनस्पति, मानव वा पशु कोषहरुको विकास वा सुधारको निमित्त तयार गरिएको (संवर्ध्दन माध्यम (कल्चर मिडिया) ।	6.5	10
38.22	3822.00.00	पृष्ठाङ्कनमा भएका नैदानिक (ड्यागनोस्टिक) वा प्रयोगशालाका (लेवोरेटरी) प्रतिकारक (रिएजेण्ट) हरु, पृस्ठाङ्कनमा भएका वा नभएका विरचित (प्रिपेयर्ड) नैदानिक (ड्यागनोस्टिक) वा प्रयोगशालाका प्रतिकारक (रिएजेण्ट्स), शीर्षक ३०.०२ वा ३०.०६ का (प्रतिकारकहरु) बाहेक; प्रमाणीत सन्दर्भ सामाग्रीहरु (सर्टिफाइड् रेफरेन्स् म्याटेरियल्स)।	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
38.23		**औद्योगिक मोनोकार्बोक्सिलिक स्नेहीय अम्ल (फ्याटी एसिड); परिष्करण (रिफाइनिङ्ग) बाट प्राप्त अम्ल तैलहरु (एसिड् आयल्स); औद्योगिक स्नेहीय (फ्याटी) मद्यसार (अलकोहल) हरु ।**		
		-औद्योगिक मोनोकार्बोक्सिलिक स्नेहीय अम्लहरु (फ्याटी एसिड्स); परिष्करण (रिफाइनिङ्ग) बाट प्राप्त अम्ल तैलहरु (एसिड् आयल्स) :		
	3823.11.00	--वसिक अम्ल (स्टियरिक एसिड)	5	5
	3823.12.00	--तैलीय अम्ल (ओलेइक एसिड)	5	5
	3823.13.00	--टौल आयलका स्नेहीय अम्लहरु (फ्याटी एसिड्स)	5	5
	3823.19.00	--अन्य	5	5
	3823.70.00	-औद्योगिक स्नेहीय मद्यसारहरु (फ्याटी अल्कोहल्स)	5	5
38.24		**ढलाइघर (फाउण्ड्री) को लागि ढलाइको सांचोहरु (माउल्ड्स) वा आन्तरिक सांचोहरु(कोर्स) निमित्तका विरचित (प्रिपेयर्ड) योजक द्रब्य (बाइण्डर्स) अन्यत्र उल्लेख वा समावेश नभएका, रासायनिक वा समवर्गी उद्योगहरुका रासायनिक उत्पादनहरु तथा विरचनहरु (प्रिपरेसन्स) (प्राकृतिक उत्पादनका मिश्रण समावेश भएका त्यस्ता वस्तुहरु समेत) ।**		
	3824.10.00	-धातु पगाल्ने आरनको लागि योजक द्रब्य (वाइण्डर्स)	6.5	10
	3824.30.00	-संगसगै मिसिएका वा धातुको योजक द्रव्य(बाइण्डर) संग मिसिएका असंगठित (नन्एग्लोमरेटेड) असंचिकृत धातुका कार्वाइडहरु	6.5	10
	3824.40.00	-सिमेन्ट, मोर्टार (बज्र) र कंक्रिटका लागि तयारी योजक (एडिटिभ्स) हरु	6.5	10
	3824.50.00	-अपरावर्तनीय मोर्टार र क्रंक्रिट्स	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3824.60.00	-उपशीर्षक २९०५.४४ को बाहेक सर्विटोल	6.5	10
		-मिथेन, इथेन वा प्रोपेनका, नीलकुलित ब्युत्पत्तिहरु (ह्यालोजेनेटेड डेरिभेटिभ्स) भएका मिश्रणहरु (मिक्चर्स):		
	3824.71.00	--हाइड्रोक्लोरोफ्लूओरोकार्बनहरु (एचडिएफसीएस), परफ्लूओरोकार्बनहरु (पीएफसीएस) वा हाइड्रोफ्लूओरोकार्बनहरु (एचएफसीएस) भएका वा नभएका, क्लोरोफ्लूओरोकार्बनहरु भएका	6.5	10
	3824.72.00	--ब्रोमोक्लोरोडिफ्लूओरोमिथेन, ब्रोमोट्रिफ्लूओरोमिथेन वा डिब्रोमोटेट्राफ्लूओरोइथेनहरु भएका	6.5	10
	3824.73.00	--हाइड्रोब्रोमोफ्लूओरोकार्बनहरु (एचविएफसीएस) भएका	6.5	10
	3824.74.00	--परफ्लूओरोकार्बनहरु (पीएफसीएस) वा हाइड्रोफ्लूओरोकार्बनहरु (एचएफसीएस) भएका वा नभएका, तर क्लोरोफ्लूरोकार्बनहरु (सीएफसीएस) नभएका, हाइड्रोक्लोरोफ्लूओरोकार्बनहरु (एचसीएफसीएस) भएका	6.5	10
	3824.75.00	--कार्वन टेट्राक्लोराइड भएका	6.5	10
	3824.76.00	--१,१,१-ट्रिक्लोरोइथेन(मिथाइलक्लोरोफर्म) भएका	6.5	10
	3824.77.00	--ब्रोमोमिथेन (मिथाइल ब्रोमाइड) वा ब्रोमोक्लोरोमिथेन भएका	6.5	10
	3824.78.00	--परफ्लूओरोकार्बनहरु (पीएफसीएस) वा हाइड्रोफ्लूओरोकार्बनहरु (एचएफसीएस) भएका, तर क्लोरोफ्लूरोकार्बनहरु (सीएफसीएस) वा हाइड्रोक्लोरोफ्लूओरोकार्बनहरु (एचसीएफसीएस) नभएका	6.5	10
	3824.79.00	--अन्य	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
		-अक्सीरेन (इथाइलिनअक्साइड), पोलिब्रोमिनेटेड वाईफेनाइल्स (पिवीवीएस), पोलिक्लोरिनेटेड वाइ फेनाइल्स (पिसीविएस), पोलिक्लोरिनेटेड टरफेनाइल्स (पिसिटिएस) वा ट्रिस (२,३-डिब्रोमोप्रोपाइल) फस्फेट भएका तयारी वस्तुहरु र मिश्रणहरु:		
	3824.81.00	--अक्सीरेन (इथाइलिनअक्साइड) भएका	6.5	10
	3824.82.00	--पोलिक्लोरिनेटेड (बाइफेनाइल्स (पिसीविएस), पोलिक्लोरिनेटेड टरफेनाइल्स (पिसिटिएस) वा पोलिब्रोमिनेटेड बाइफेनाइल्स (पिविविएस) भएका	6.5	10
	3824.83.00	--ट्रिस (२,३-डिब्रोमोप्रोपाइल) फोस्फेट भएका	6.5	10
	3824.90.00	-अन्य	6.5	10
38.25		**अन्यत्र उल्लेख वा समावेश नभएका; रासायनिक वा समवर्गी (एलाइड्) उद्योगहरुका अवशिष्ट उत्पादनहरु(रेसिड्यूअल प्रोडक्ट्स); नगरीय उत्सर्जित पदार्थहरु (म्यूनिसिपल वेष्ट); नालीको फोहर मैलो (हिलो) (सिवेज स्लज); यस भागको द्रष्टब्य ६ मा उल्लिखित अन्य उत्सर्जित पदार्थहरु फोहर मैला (वेस्ट्स)।**		
	3825.10.00	-नागरीय उत्सर्जित पदार्थहरु (म्यूनिसिपल वेस्ट्)	11.75	20
	3825.20.00	-नालीको फोहर मैलो (हिलो) (सिवेज स्लज)	11.75	20
	3825.30.00	-औषधोपचारीय उत्सर्जनहरु (क्लिनिकल वेष्ट)	11.75	20
		-वेकम्मा प्रांगारिक द्रावक पदार्थहरु (वेष्ट अर्गानिक सोल्भेण्टस) :		
	3825.41.00	--ह्यालोजनिकृत (हैलोजनेटेड)	11.75	20
	3825.49.00	--अन्य	11.75	20

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3825.50.00	-धातुको अम्लमार्जन निमित्तका द्रवहरु (मेटल पिकलिङ् लिकर्स), द्रवपरिचालित यन्त्र (हाइड्रोलिक) का द्रवहरु (फ्लूइड्स), रोधक (ब्रेक) का द्रवहरु (फ्लूइड्स) तथा हिमिकरण विरोधी द्रवहरु (ऐण्टी फ्रीज फ्लुइड्स) का उत्सर्जनहरु (वेस्ट्स)	11.75	20
		-रासायनिक वा समवर्गी उद्योगहरुका अन्य उत्सर्जनहरु :		
	3825.61.00	--मुख्यतः प्रांगारिक अवयवीहरु (कन्स्टिच्यूएन्ट्स) समावेश भएका	11.75	20
	3825.69.00	--अन्य	11.75	20
	3825.90.00	-अन्य	11.75	20
38.26	3826.00.00	**पेट्रोलियम तेलहरू वा बिटुमिनयुक्त खनिजहरूबाट प्राप्त तेलहरू समावेश नभएको वा त्यस्तो तेलको अंश तौलको हिसावमा ७० प्रतिशतभन्दा कम भएको जैविक डिजेल र तिनका मिश्रणहरू ।**	14.5	30

परिच्छेद- ७
प्लाष्टिक र प्लाष्टिकका वस्तुहरुः रबर र रबरका वस्तुहरु

द्रष्टब्य :

१. दुई वा दुई भन्दा बढी अलग अलग घटक (कन्स्टिच्यूएण्ट्स) भएका समूह (सेट) मा राखिएका सामानहरु, जसमध्ये केही वा सबैनै यस परिच्छेदमा पर्दछन् र परिच्छेद ६ वा ७ का उत्पादन प्राप्तिको लागि तिनको एक अर्कासंग मिश्रण गर्ने उद्देश्य रहेको छ भने, तिनलाई ती उत्पादनको उपयुक्त शीर्षकमा वर्गीकरण गरिनेछ । यदि तिनका घटकहरुः

(क) तिनीहरुलाई राखिएको तरीकालाई विचार गर्दा तिनलाई पुनः प्याक (रिप्याक) गर्नु भन्दा पहिले ती वस्तुहरु एकसाथ प्रयोग गरिने उद्देश्यकै हुन् भन्ने स्पष्ट रुपले चिन्हिने छन्;

(ख) एक साथ प्रस्तुत हुन आएका छन्; र

(ग) तिनीहरुको स्वभाव (प्रकृति) वा तिनलाई प्रस्तुत गरिएको सापेक्षिक अनुपातको आधारमा ती एक अर्काका पूरक हुन् भनी स्थापित गर्न (छुट्याउन) सकिनेछन् ।

२. शीर्षक ३९.१८ वा ३९.१९ का वस्तुहरु बाहेक, मोटिफ (बुट्टा) अक्षरहरु (कैरक्टर्स) वा चित्रात्मक प्रतिकृतिहरु छापिएका र ती कुराहरु ती वस्तुका प्राथमिक प्रयोगको लागि केवल आकस्मिक रुपले छापिएका होइनन् भने त्यस्ता प्लास्टिक, रबर वा तिनबाट बनेका वस्तुहरु भाग ४९ मा पर्दछन् ।

भाग - ३९
प्लाष्टिक र प्लाष्टिकका सामान

द्रष्टब्य :

१. यस अनुसूचीभरिनै "प्लाष्टिक" भन्ने उक्तिले शीर्षक ३९.०१ देखि ३९.१४ सम्मका ती वस्तुहरु जुन पोलिमराइजेशनकै समय वा त्यसपछिका अवस्थामा बाह्य प्रभाव (सामान्यतः ताप र दवाव, र आवश्यकतानुसार घुलनशील द्रव्य वा प्लाष्टिसाइजर) द्वारा मोल्डिङ, काष्टिङ, एक्स्ट्यूडिङ, रौलिङ वा अन्य प्रकियाद्वारा आकार प्रदान गरिन्छ र सो आकार बाह्य प्रभाव हटाइएपछि स्थायी रहन जान्छ ।

यस अनुसूची भरिनै "प्लाष्टिक" को सन्दर्भले भल्कानाइज गरेको तन्तुलाई पनि समावेश गर्दछ । तर, यो उक्ति परिच्छेद ११ को टेक्सटाइल (कपडा पदार्थ) भनी मानिएका वस्तुहरुमा भने लागू हुदैन ।

२. यस भाग अन्तर्गत नपर्ने:

(क) शीर्षक २७.१० वा ३४.०३ का चिल्लो पार्ने तयारी वस्तुहरु;

(ख) शीर्षक २७.१२ वा ३४.०४ का मैनहरु;

(ग) रासायनिक तरीकाबाट छुट्टै परिभाषित प्रांगारिक यौगिकहरु (भाग २९);

(घ) हेपारिन (कलेजो सम्बन्धी) वा यसको लवण (शीर्षक ३०.०१);

(ङ) वाष्पशील (भोलाटाइल) जैविक (अर्गानिक) विलयक द्रव्य (सोल्भेण्ट्स) हरुमा विलयक द्रव्य (सोलभेण्ट) को तौल घोल (सोल्यूसन) को तौल भन्दा ५० प्रतिशत बढी हुने गरी बनेका, शीर्षक ३९.०१ देखि ३९.१३ सम्मका शीर्षकहरुमा उल्लेख भएका कुनै पनि उत्पादन समाविष्ट घोलहरु (सोल्यूसन्स) (कोलोडियन बाहेक) (शीर्षक ३२०८); शीर्षक ३२.१२ को पत्राङ्क पर्णीकाहरु (स्टैम्पिङ्ग फ्वायल्स);

(च) शीर्षक ३४.०२ का प्रांगारिक सर्फेस-एक्टिभ एजेन्ट वा त्यसका तयारी वस्तुहरु;

(छ) रन (पग्लेको) गुंद वा इस्टर (रक्सीको थिगर) गुंद (शीर्षक ३८.०६);

(ज) खनिज तेल (ग्याँसोलिन समेत) वा खनिज तेलकै जस्तो उद्देश्यका लागि प्रयोग हुने अन्य तरल पदार्थहरुलाई रङ्गाउने तयारी पदार्थहरु (शीर्षक ३८.११);

(झ) भाग ३९ मा पर्ने पोलिग्लाइकोल्स, सिलिकन्स वा अन्य पोलिमरहरुमा आधारित तयारी हाइड्रोलिक द्रवहरु (शीर्षक ३८.१९),

(ञ) प्लाष्टिकको पृष्ठाङ्कन (ब्याकिङ्ग) मा भएको नैदानिक (डायग्नोस्टिक) वा प्रयोगशाला (लेबोरेटरी) का प्रतिकारक (रिएजेण्ट्स) हरु (शीर्षक ३८.२२);

(ट) भाग ४० को प्रयोजनको लागि परिभाषित कृत्रिम रबर वा तिनका सामग्रीहरु (आर्टिकल्स);

(ठ) घोडा वा पशुको काठी वा साजबाज सम्बन्धी सामग्रीहरु (शीर्षक ४२.०१); वा शीर्षक ४२.०२ का ट्रंकहरु, सुटकेसहरु, हाते झोलाहरु (ह्याण्डब्याग्स) वा अन्य कन्टेनरहरु;

(ड) चोया, पोया र भाग ४६ मा पर्ने अन्य सामग्रीहरु;

(ढ) शीर्षक ४८.१४ को भित्तो ढाक्ने (वालकभरिङ्ग) हरु;

(ण) परिच्छेद ११ का सामानहरु (कपडा र कपडाबाट बनेका सामान);

(त) परिच्छेद १२ का समानहरु (जस्तै जुत्ताहरु (पाउपोशहरु), टोप, टोपीहरु (शीरपोशहरु), छाताहरु, छतरीहरु, लौरोहरु, कोर्राहरु, राइडिङ्ग कोरहरु वा तिनका पार्टपूर्जाहरु);

(थ) शीर्षक ७१.१७ अन्तर्गतका नक्कली गहनाहरु;

(द) परिच्छेद १६ अन्तर्गत पर्ने सामानहरु यन्त्र (मेशिन) वा यान्त्रिक उपकरणहरु (मेकानिकल अप्लायन्सेस);

(ध) परिच्छेद १७ का हवाइजहाज वा भेहिकल (वाहन वा सवारी साधन) का अंगहरु (पार्टपूर्जा);

(न) भाग ९० का सामानहरु (जस्तै चाक्षुष तत्व (अप्टिकल एलिमेन्ट), चश्माको फ्रेम र ड्रइङ (रेखाचित्रण) का उपकरणहरु);

(प) भाग ९१ का सामानहरु (दिवाल घडी (क्लौक) र घडीका बट्टाहरु (वाच केसेस));

(फ) भाग ९२ का सामानहरु (जस्तै वाद्य यन्त्र र तिनका पार्टपूर्जा);

(ब) भाग ९४ का सामान (जस्तै फर्निचर, ल्याम्प्स (चिम), र बत्तीका सरसामानहरु (लाइटिंग फिटिङ्गस) प्रकाश गर्ने चिन्ह (इल्यूमिनेटेड साइन), पूर्वनिर्मित भवन (प्रिफ्याब्रिकेटेड विल्डिङ्ग));

(भ) भाग ९५ का सामानहरु (जस्तै खेलौना, आमोद प्रमोदका सामानहरु र खेलकूदका सामानहरु);

(म) भाग ९६ का सामानहरु (जस्तै ब्रुस, टांक, स्लाइड् फासनर्स, कांइयो, धुम्रपानको पाइपको डांठ (माउथपिस), चुरोट दानी, सिगरेट होल्डर वा यस्तै वस्तु, भ्याकुम फ्लास्क वा यस्तै वस्तुका पार्टपूर्जा, कलमहरु (पेन्स); प्रोपेलिङ पेन्सिलहरु) ।

३. शीर्षक ३९.०१ देखि ३९.११ सम्म देहायका वर्गमा पर्ने रासायनिक संश्लेषण (केमिकल सिन्थेसिस) द्वारा उत्पादित सामानहरुको हकमा मात्र लागू हुने गरी लिइन्छः

(क) रिड्यूस्ड प्रेसर डिस्टीलेसन मेथड प्रयोग गरिंदा १०१३ मिलिवारमा परिवर्तन पछि ३०० डिग्री सेल्सियस को तापमानमा घनत्वको हिसावले ६० प्रतिशत भन्दा कम उर्द्धपातन हुने तरल संश्लेषित (कृत्रिम) पोलिओलेफिन्स (शीर्षक ३९.०१ र ३९.०२);

(ख) धेरै बढी पोलिमराइज्ड नगरेको कोमारोन इन्डेन टाइपको खोटो (रेजिन) (शीर्षक ३९.११);

(ग) औसत ५ मोनोमर इकाईका अन्य कृत्रिम पोलिमरहरु;

(घ) सिलिकनहरु (शीर्षक ३९.१०);

(ङ) रिसोल (पग्लिने वस्तु) (शीर्षक ३९.०९) र अन्य प्रिपोलिमरहरु;

४. "कोपोलिमरहरु" भन्ने उक्तिले त्यस्ता सबै पोलिमरहरुलाई समावेश गर्दछ जसमा कूल पोलिमरको मात्रा (कन्टेण्ट)मा कुनै पनि एकल मोनोमर इकाइको अंश तौलको हिसावले ९५ प्रतिशत वा बढी रहँदैन ।

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस भागको प्रयोजनको लागि कोपोलिमरहरु (कोपोलिकण्डेन्सेटहरु, कोपोलिएडिसन उत्पादनहरु, ढीका (ब्लौक) कोपोलिमरहरु र ग्राफ्ट कोपोलिमरहरु समेत) र पोलिमर ब्लेण्ड्स (पोलिमरका मिश्रणहरु) लाई त्यस शीर्षकमा वर्गीकरण गरिनेछ जसमा प्रत्येक अन्य एकल (सिंगल) कोमोनोमर इकाइ भन्दा तौलमा अधिकता (प्रिडोमिनेट) भएको कोमोनोमर इकाइको पोलिमरहरु समावेश हुन्छन् । यस द्रष्टव्यको प्रयोजनको लागि, एउटै शीर्षकमा पर्ने पोलिमरहरुका अवयवी (कन्स्टिच्यूएण्ट) कोमोनोमर इकाइहरुलाई एकैसाथ लिइनेछ ।

एकल कोमोनोमर इकाइको प्रधानता (प्रिडोमिनेट) नभएमा, स्थिति अनुसार कोपोलिमरहरु वा पोलिमर मिश्रण (ब्लेण्ड्स) हरुलाइ उक्तिकै ध्यान दिन योग्य शीर्षकहरु मध्ये सांख्यिक क्रममा सबभन्दा पछिल्लो (लास्ट) शीर्षक मा वर्गीकरण गरिनेछ ।

५. रासायनिक तरीकाले परिवर्तन गरिएको (केमिकली मोडिफाइड) पोलिमरहरु अर्थात जसमा मुख्य पोलिमर श्रृंखलामा उपांग (एपेन्डेज) हरुमा मात्र रासायनिक प्रतिक्रियाद्वारा परिवर्तन गरिएका हुन्छन्, त्यस्ता पोलिमरहरुलाई परिवर्तन नगरिएका (अनमोडिफाइड) पोलिमरको उपयुक्त शीर्षकमा वर्गीकरण गरिनेछ । यो व्यवस्था ग्राफ्टकोपोलिमर (निरोपितको पोलिमर) को हकमा भने लागू हुने छैन ।

६. शीर्षक ३९.०१ देखि ३९.१४ सम्मका "प्राथमिक आकार" भन्ने शब्दले निम्न बमोजिमको आकारलाई मात्र जनाउंछ ।

(क) तरल र लेदो (पेष्ट), डिस्पर्सन (विक्षेपण) (इमल्सन र सस्पेन्सन) र घोल समेत;

(ख) साइज नमिलेका (विषम आकृतिका) ढीका, लम्प्स (पिण्ड) हरु र धूलो (माउल्डिग पाउडर समेत), दाना, चोइटा (फ्लेक वा पाप्रा) र यस्तै वहुमात्रा (बल्क) भएको रुपमा ।

७. प्राथमिक रुपमा परिवर्तन भएका एक्लो थर्मोप्लाष्टिक पदार्थका अवशेष, कतरन (पेयरिङ) र टुक्राटाक्री (स्क्रयाप) हरु शीर्षक ३९.१५ मा पर्दैनन (शीर्षक ३९.०१ देखि ३९.१४ सम्म)

८. शीर्षक ३९.१७ को प्रयोजनको लागि "नली (ट्युव) नल (पाइप) र लचकदार नल (होज)" भन्ने शब्दले अर्द्धउत्पादित वा तयारी (सेमीम्यान्यूफ्याक्चर वा फिनिस्ड), खोक्रो, सामान्यत: ग्याँस वा तरल पदार्थ वहन (कन्भे), संचालन (कण्डक्ट) वा वितरणको कार्यमा प्रयोग हुने खालको (उदाहरणको लागि बगैचामा प्रयोग हुने

करङ भएको होज, छिद्रदार नली (ट्युवहरु) जस्तै उत्पादनलाई जनाउंछ । यस शब्दले ससेज भर्ने नलिका र अन्य ले-फ्ल्याट ट्यूविङलाई पनि समावेश गर्दछ । तर, अन्तिम उल्लेख भएको बाहेक तेर्सो परिच्छेद (क्रस-सेक्सन) बृत्ताकार, अण्डाकार, चतुर्भुजाकार (जसको लम्वाई चौडाईको १.५ गुना भन्दा बढी हुदैन) वा रेगुलर पोलिगन (समवहुभुज) आकारको भएका बाहेकलाई पाइप, ट्युव वा होज नमानी प्रोफाइल आकारका मान्नु पर्दछ ।

९. शीर्षक ३९.१८ को प्रयोजनका लागि "भित्ता (वाल) वा अन्तश्छद (सिलिङ वा भित्री छाना) ढाक्ने (आच्छादी) प्लाष्टिक" भन्नाले ४५ से.मी. भन्दा कम चौडाई नभएको, भित्ता वा भित्री छत सजावटका लागि उपयुक्त कागज बाहेक अरु कुनै पदार्थको पृष्ठाधार (ब्याकिङ) मा स्थायीरुपमा प्लाष्टिक जडिएको (फिक्स्ड) र (सुल्टोपट्टि) प्लाष्टिकको तह (लेयर) दाना दाना पारेको, उच्चित्रित (एम्वोस्ड), रंगाएको, बुट्टापारी छापेको वा अन्य किसिमले सजाएको, रोलमा राखिएको प्लाष्टिकको उत्पादनलाई संझनु पर्दछ ।

१०. शीर्षक ३९.२० र ३९.२१ मा "पाता (प्लेट), चादर (शीट), झिल्ली (फिल्म), पन्नी (फ्वायल) र पाटा (स्ट्रिप)" भन्ने उक्तिले बुट्टा हालेको (प्रिन्टेड्) वा नहालेको वा अन्य किसिमले सतही (सर्फेस) कार्य गरिएको वा नगरिएको, नकाटिएको वा चारपाटे (वर्गाकार समेत) पारी काटिएको तर त्यसभन्दा बढी कार्य नगरिएको (त्यसरी काटिंदा, ती प्रयोगको लागि तयार हुने भए तापनि (भाग ५४ मा भएका बाहेक) पाता, चादर, झिल्ली, पन्नी र पाटा तथा रेगुलर ज्यामितीय आकृतिका ढिकाहरु (ब्लौक) लाई जनाउंछ ।

११. उपभाग २ का अघिल्ला कुनैपनि शीर्षकहरुमा पर्ने उत्पादनहरु नहुदा, शीर्षक ३९.२५ अन्तर्गत देहायका वस्तुहरु मात्र पर्दछन :

(क) रिजर्भायर्स, ट्यांक (सेप्टिक समेत), भ्याट्स र यस्तै कन्टेनर (आधान पात्र) ३०० लि. भन्दा बढी अट्ने क्षमता भएको;

(ख) निर्माण सम्बन्धी अवयवहरु उदाहरणको लागि घर बनाउने सामान, भूई, भित्ता, कठवार, अन्तश्छद (सिलिङ्ग) वा छाना (रुफ) मा प्रयोग हुने;

(ग) ढल (गटर) र ढलका सरसामानहरु (फिटिङ्गस);

(घ) ढोकाहरु, भ्यालहरु र तिनीहरुका चौकोस (फ्रेम) र ढोकाका संघारहरु;

(ङ) वाल्केनिज (कौशी), ब्यालुस्ट्रेड (डंडाली), फेन्सिङ्ग (बार) गेट (पर्खाल वा बारमा भएको मूलढोका वा तगारो) र त्यस्तै छेकवारहरु (ब्यारियर्स);

(च) सटरहरु (कपाट) ब्लाइन्ड्स (भ्यालका झिलिमिली पर्दा) (भेनेसिएन ब्लाइन्ड्स समेत) र त्यस्तै सामान तथा तिनका अवयवहरु (पार्ट) र फिटिङ (उपकरणहरु);

(छ) एसेम्ब्ली र स्थायी जडान (इन्स्टलेशन) को लागि ठूलो परिमाणका तखताहरु (सेल्भिङ), उदाहरणको लागि पसलमा, कार्यशालामा, गोदाममा जडान हुने;

(ज) भवन निर्माणका आलंकारिक फीचरहरु (आकृतिहरु), उदाहरणको लागि फ्लूटिङ (खोल्सा काट्ने काम), गुम्वज र परेवाको घुर; र

झ) ढोका, झ्याल, भर्याङ, भित्ता वा भवनको अन्य भागमा स्थायी रुपमा जडान गरिने फिटिङ र माउण्डिङस, जस्तै नोब्स (मूठ), ह्याण्डिल, हुक, ब्र्याकेट, टाब्ल रेल्स, स्वीच-प्लेट्स र अन्य सुरक्षात्मक प्लेटहरु ।

उपशीर्षक-द्रष्टब्यहरु:

१. यस भागको कुनै एक शीर्षकभित्र, पोलिमरहरु (कोपोलिमरहरु समेत) र रासायनिक तरिकाले संशोधित (मोडिफाइड) पोलिमरहरुलाइ देहायका व्यवस्था (प्रोभिजन्स) अनुरुप वर्गीकरण गरिनेछ:

(क) एकै श्रृंखला (सेरिज) मा "अन्य" नामक उपशीर्षक जहां जहां छ:

१) कुनै उपशीर्षकमा कुने पोलिमरलाई "पोली" उपसर्ग (प्रिफिक्स) द्वारा निर्दिष्ट गरिएको (उदाहरणत:, पोलिइथिलिन र पोलियामाइड -६, ६) छ भने त्यसको अर्थ यसरी निर्दिष्ट गरिएको पोलिमरका अवयवी (कन्स्टिच्यूएण्ट) मोनोमर इकाइ वा मोनोमर इकाइहरुलाइ एकसाथ मिलाउंदा त्यसले कुल पोलिमरको मात्रा (कण्टेण्ट) को तौलको हिसावले ९५ प्रतिशत वा बढी अंशदान (कण्ट्रिब्यूट) गरेकै हुनु पर्दछ ।

२) कूल पोलिमरको वस्तु परिमाण (कन्टेन्ट) मा तौलको हिसावले ९५ प्रतिशत भन्दा बढी कोपोलीमरहरु नामक कोमोनोमर इकाईहरु रहेका भए उपशीर्षक ३९०१.३०, ३९०३.२०, ३९०३.३० र ३९०४.३० मा उल्लेख भएका (नेम्ड) कोपोलिमरहरुलाई सोही उपशीर्षकहरुमा वर्गीकरण गरिनु पर्दछ ।

३) रासायनिक तवरले (केमिकली) संशोधित वा परिवर्तित (मोडिफाइड्) पोलिमरहरुलाइ "अन्य" नामाङ्कित उपशीर्षकमा वर्गीकरण गर्नु पर्दछ, तर त्यसरी रासायनिक तवरले संशोधित वा परिवर्तित (मोडिफाइड) पोलिमरहरु अन्य उपशीर्षकद्वारा बढी स्पष्ट रुपमा (स्पेसिफिकली) समावेश (कभर) गरिएको हुनु हुंदैन।

४) माथिका (१), (२) वा (३) संग नमिल्ने पोलिमरहरुलाइ त्यस श्रृंखला (सिरिज) का बांकी उपशीर्षकहरु मध्ये त्यस उपशीर्षकमा वर्गीकरण गरिनेछ जसले अन्य प्रत्येक एकल कोमोनोमर इकाइको तौलको हिसावले प्रधानता (प्रिडोमिनेट) भएको त्यस मोनोमर इकाइको

पोलिमरलाइ समावेश (कभर) गरेको हुन्छ । यस प्रयोजनको लागि, उही उपशीर्षकमा पर्ने पोलिमरहरुका अवयवी (कन्स्टिच्यूएण्ट) मोनोमर इकाइहरु (यूनिट्स) लाइ एकसाथ लिइनेछ । यसमा विचाराधीन उपशीर्षकहरुका श्रृंखला (सिरिज) मा पर्ने पोलिमरहरुका अवयवी कोमोनोमर इकाइहरुलाइ मात्र तुलना गरिनु पर्दछ ।

(ख) उही श्रृंखला (सिरिज) मा "अन्य" नामाङ्कित उपशीर्षक नभएमा :

१. अन्य प्रत्येक कोमोनोमर इकाइ माथि तौलको हिसावले अधिकतामा (प्रिडोमिनेट) हुने त्यस मोनोमर इकाइका पोलिमरहरु समावेश भएको उपशीर्षकमा पोलिमरहरुलाइ वर्गीकरण गरिनेछ । यस प्रयोजनको लागि, उही उपशीर्षकमा पर्ने पोलिमरहरुका अवयवी (कन्स्टिच्यूएण्ट) मोनोमर इकाइहरुलाइ एकसाथ लिइनेछ । विचाराधीन श्रृंखला (सिरीज) भएका पोलिमरहरुका अवयवी कोमोनोमर इकाइहरुको मात्र तुलना गरिनेछ ।

२. रासायनिक तवरले संशोधित वा परिवर्तित (मोडिफाइड) पोलिमरहरुलाइ असंशोधित वा अपरिवर्तित (अनमोडिफाइड) पोलिमरको लागि उपयुक्त (एप्रोप्रिएट) उपशीर्षकमा वर्गीकरण गरिनेछ ।

पोलिमर मिश्रण (पोलिमर ब्लेण्ड्स) लाइ उही अनुपातमा उही मोनोमर इकाइहरुको पोलिमर वर्गीकरण भएको उपशीर्षकमा वर्गीकरण गरिनेछ ।

२. उपशीर्षक ३९२०.४३.०० को प्रयोजनार्थ, "सुघट्यकारी" (प्लास्टिसाइजर्स) भन्ने शब्दले अमौलिक सुघट्यकारी (सेकेण्डरी) प्लास्टिसाइजर्स) लाई समेत जनाउंछ ।

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
		(१) प्राथमिक रुपका		
39.01		**प्राथमिक रुपका, इथाईलिन पोलिमरहरु (बहुभाग संयोजन) ।**		
	3901.10.00	-०.९४ भन्दा कम विशिष्टगुरुत्व भएको पोलिइथाईलिन	6.5	10
	3901.20.00	-०.९४ वा सो भन्दा बढी विशिष्टगुरुत्व भएको पोलिइथाईलिन	6.5	10
	3901.30.00	-इथाईलिन (भिनाइल एसीटेट कोपोलिमर्स)	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3901.90.00	-अन्य	6.5	10
39.02		**प्राथमिक रुपका, प्रोपेलिनका वा अन्य ओलेफिनका पोलिमरहरु ।**		
	3902.10.00	-पोलिप्रोपाईलिन	6.5	10
	3902.20.00	-पोलि आइसोवुटाईलिन	6.5	10
	3902.30.00	-प्रोपाइलिन कोपोलिमर्स	6.5	10
	3902.90.00	-अन्य	6.5	10
39.03		**प्राथमिक रुपका, स्टाइरिनका पोलिमरहरु ।**		
		-पोलिस्टाइरिन :		
	3903.11.00	--विस्तारयोग्य, (एक्सपानसीवल)	6.5	10
	3903.19.00	--अन्य	6.5	10
	3903.20.00	-स्टाइरिन एक्राइलोनाइट्राइल (सान) कोपोलिमर्स	6.5	10
	3903.30.00	-एक्रीलोनाइट्राइल-वुटाडीएन-स्टाइरिन (एबिएस) कोपोलिमर्स	6.5	10
	3903.90.00	-अन्य	6.5	10
39.04		**प्राथमिक रुपका, भिनाइल क्लोराइडका वा अन्य ह्यलोजेनेटेड ओलिफिनहरुका पोलिमरहरु ।**		
	3904.10.00	-पोलि (भिनायल क्लोराइड), अन्य पदार्थ नमिसिएको	6.5	10
		-अन्य पोली (भिनायल क्लोराईड) :		
	3904.21.00	--प्लाष्टिसाइज नभएको (नरम र कमलो आकार नदिने, ढाल्न नसकिने)	6.5	10
	3904.22.00	--प्लाष्टिसाइज (नरम र कमलो आकार दिने, ढाल्न सकिने)	6.5	10
	3904.30.00	-भिनायल क्लोराइड-भिनायल एसिटेट कोपोलिमर्स	6.5	10
	3904.40.00	-अन्य भिनायल क्लोराइड कोपोलिमर्स	6.5	10
	3904.50.00	-भिनायलआईडिन क्लोराइड पोलिमर	6.5	10
		-फ्लूओरो-पोलिमरहरु :		

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3904.61.00	--पोलिटेट्राफ्लुओरोइथाईलिन	6.5	10
	3904.69.00	--अन्य	6.5	10
	3904.90.00	-अन्य	6.5	10
39.05		**प्राथमिक रुपमा, भिनायल एसिटेटका वा अन्य भिनायल इष्टरहरुका पोलिमरहरु; प्राथमिक रुपमा अन्य भिनायल पोलिमरहरु ।**		
		-पोलि (भिनायल एसिटेट) :		
	3905.12.00	--जलीय आकीर्णन (अक्वीयस डिस्पर्सन) मा	6.5	10
	3905.19.00	--अन्य	6.5	10
		-भिनायल एसिटेट् कोपोलिमरहरु :		
	3905.21.00	--जलीय आकीर्णन (अक्वीयस डिस्पर्सन) मा	6.5	10
	3905.29.00	--अन्य	6.5	10
	3905.30.00	-जलविश्लेषण नगरिएका(अनहाइड्रोलाइज्ड) एसिटेट वर्गहरु (ग्रूप्स) भएका वा नभएका पोलि (भिनायल अलकोहल)	6.5	10
		-अन्य :		
	3905.91.00	--कोपोलिमरहरु	6.5	10
	3905.99.00	--अन्य	6.5	10
39.06		**प्राथमिक रुपका, एक्रेलिक पोलिमरहरु ।**		
	3906.10.00	-पोलि (मिथाइल मिथाक्रिलेट)	6.5	10
	3906.90.00	-अन्य	6.5	10
39.07		**प्राथमिक रुपका, पोलि एसिटल्स, अन्य पोलीइथर्स र एपोक्साइड रेजीन्स; प्राथमिक रुपका, पोलि कार्वोनेट्स, अल किड रेजीन्स पोली अलिन इष्टर र अन्य पोलिष्टरहरु ।**		
	3907.10.00	-पोलिएसिटल्स	6.5	10
	3907.20.00	-अन्य पोलिइथर्स	6.5	10
	3907.30.00	-एपोक्साइड रेजिन्स	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3907.40.00	-पोलिकार्वोनेट्स	6.5	10
	3907.50.00	-अल्कीड रेजिन्स	6.5	10
	3907.60.00	-पोलि (इथाईलिन टेरेफ्थालेट)	6.5	10
	3907.70.00	-पोलि (ल्याक्टिक अम्ल)	6.5	10
		-अन्य पोलिष्टरहरु:		
	3907.91.00	--अनस्याचुरेटेड (असंतृप्त)	6.5	10
	3907.99.00	--अन्य	6.5	10
39.08		**प्राथमिक रुपका पोलिअमाइडहरु ।**		
	3908.10.00	-पोलिअमाइड-६,-११,-१२,-६,६,-६, ९,-६,१० वा -६, १२	6.5	10
	3908.90.00	--अन्य	6.5	10
39.09		**प्राथमिक रुपका, एमिनो-रेजिन्स, फेनोलिक रेजिन्स र पोलियूरेथेन्स ।**		
	3909.10.00	-यूरिया रेजिन्स; थायोयूरिया रेजिन्स	6.5	10
	3909.20.00	-मेलामाइन रेजिन्स	6.5	10
	3909.30.00	-अन्य एमिनो-रेजिन्स	6.5	10
	3909.40.00	-फेनोलिक रेजिन्स	6.5	10
	3909.50.00	-पोलियूरेथेन्स	6.5	10
39.10	3910.00.00	**-प्राथमिक रुपका सिलिकनहरु ।**	6.5	10
39.11		**प्राथमिक रुपका, अन्यत्र नपरेका वा उल्लेख नभएका पेट्रोलियम रेजिन्स, कोमारोन इन्डेन रेजिन्स, पोलिटर्पेन्स, पोलिसल्फाइड्स, पोलिसल्फोन्स र यस भागका द्रष्टब्य ३ मा उल्लिखित अन्य उत्पादनहरु ।**		
	3911.10.00	-पेट्रोलियम रेजिन्स, कोमारोन, इन्डेन, वा कोमारोन-इन्डेन रेजिन्स र पोलिटर्पेन्स	6.5	10
	3911.90.00	-अन्य	6.5	10
39.12		**प्राथमिक रुपका, अन्यत्र नपरेका सेलुलोज र यसका रासायनिक ब्युत्पत्तिहरु ।**		
		-सेलुलोज एसिटेटहरु :		

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3912.11.00	--प्लाष्टिसाइज्ड नभएको (नरम र कमलो आकार दिने, ढाल्न नसकिने)	6.5	10
	3912.12.00	--प्लाष्टिसाइज्ड (नरम र कमलो आकार दिने, ढाल्न सकिने) भएको	6.5	10
	3912.20.00	-सेलुलोज नाइट्रेटहरु (कोलोडिओन हरु समेत)	6.5	10
		-सेलुलोज इथरहरु :		
	3912.31.00	--कार्बोक्सीमिथाएल सेलुलोज र यसका लवणहरु	5	5
	3912.39.00	--अन्य	6.5	10
	3912.90.00	-अन्य	6.5	10
39.13		**प्राथमिक रुपका, अन्यत्र नपरेका वा उल्लेख नभएका प्राकृतिक पोलिमरहरु (जस्तै, अल्गिनिक अम्ल) र रुपान्तरित प्राकृतिक पोलिमरहरु (जस्तै, कडा वा ठोस पारिएका प्रोटिन्स, प्राकृतिक रबरका रासायनिक ब्युत्पत्तिहरु) ।**		
	3913.10.00	-अल्गिनिक अम्ल, यसका लवणहरु र इष्टरहरु	6.5	10
	3913.90.00	-अन्य	6.5	10
39.14	3914.00.00	**प्राथमिक रुपका, शीर्षक ३९.०१ देखि ३९.१३ सम्मका पोलिमरमा आधारित आयोन (परमाणु) एक्सचेन्जर्स ।**	6.5	10
		(२) अवशेष, पेरिङस (कतरन) रद्धी (स्क्राप); अर्द्ध उत्पादित सामग्रीहरु; तयारी वस्तुहरु (आर्टिकल)		
39.15		**प्लाष्टिकको अवशेष, पेरिङस (कतरन) र रद्दी ।**		
	3915.10.00	-इथाइलिनको पोलिमरको	14.5	30
	3915.20.00	-स्टाइरिनको पोलिमरको	14.5	30
	3915.30.00	-भिनायल क्लोराइडको पोलिमरको	14.5	30
	3915.90.00	-अन्य प्लाष्टिकको	14.5	30

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
39.16		**प्लाष्टिकको, कुनै पनि क्रस सेक्सनल डाइमेन्सन १ एम.एम. भन्दा बढी भएको मोनोफिलामेन्ट सर्फेस वर्क (सतही कार्य) गरेको वा नगरेको तर त्यस बाहेक केही नगरेको ।**		
	3916.10.00	-इथाइलिनको पोलिमरको	30	30
	3916.20.00	-भिनायल क्लोराइडको पोलिमरको	30	30
	3916.90.00	-अन्य प्लाष्टिकहरुको	30	30
39.17		**प्लाष्टिकका, नलीहरु, पाइपहरु र होजहरु (लामो लचकदार नलीहरु) र तिनका जडानहरु (जस्तै जोर्नीहरु, इल्वोज (कुहुनो), प्लान्जहरु (वाहिर निस्कने भाग) ।**		
	3917.10.00	-फिंज नउड्ने प्रोटिन वा कोषीय वस्तुहरुका कृत्रिम आन्द्राभूंडी (ससेज केसिङस)	30	30
		-नलीहरु, पाइपहरु र होजेज (लामो लचकदार नलीहरु), दह्रो :		
	3917.21.00	-इथाइलिनको पोलिमरको	30	30
	3917.22.00	--प्रोपिलिनको पोलिमरको	30	30
	3917.23.00	--भिनायल क्लोराइडको पोलिमरको	30	30
	3917.29.00	--अन्य प्लाष्टिकको	30	30
		-अन्य नलीहरु, पाइपहरु र होजहरु (लामो लचकदार नलीहरु) :		
	3917.31.00	--न्यूनतम धड्काको चाप (बर्स्ट प्रेसर) २७.६ एमपीए भएको लचकदार नलीहरु, पाइपहरु र होजहरु (लामो लचकदार नलीहरु)	30	30
	3917.32.00	--अन्य, सवल (रिइन्फोर्स्ड) नगराइएका वा अरु किसिमबाट अन्य पदार्थहरुका साथ नमिसाइएका, फिटिङ (उपकरण पार्टपूर्जा जस्ता सामानहरु) बाहेकका	30	30
	3917.33.00	--अन्य, सवल नगराइएका वा अन्य पदार्थहरु नमिसाइएका, फिटिङ (उपकरण, पार्टपूर्जा जस्ता सामानहरु) सहितका	30	30

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3917.39.00	--अन्य	30	30
	3917.40.00	-फिटिङहरु (उपकरण, पार्टपुर्जा जस्ता सामानहरु)	30	30
39.18		**टाइलहरुको रुपमा वा रोलमा आफै टांसिने वा नटांसिने प्लाष्टिकको भुईं ढकनी (फ्लोर कभरिङ); यस भागको द्रष्टब्य ९ मा उल्लिखित प्लाष्टिकका भित्तो र सिलिङका ढाक्ने वस्तुहरु (कभरिङस)।**		
		-भिनायलक्लोराइडका पोलिमरको:		
	3918.10.10	--रुफिङ्ग सिट्स, रुफिङ्ग टायल्स	30	30
	3918.10.90	--अन्य	30	30
		-अन्य प्लाष्टिकको:		
	3918.90.10	--रुफिङ्ग सिट्स, रुफिङ्ग टायल्स	30	30
	3918.90.90	--अन्य	30	30
39.19		**रोलमा भएका वा नभएका, प्लाष्टिकका आफै टासिने प्लेटहरु, सिटहरु, फिल्महरु, फ्वाइल, टेप, स्ट्रीप र अन्य चेप्टो आकारका वस्तुहरु।**		
	3919.10.00	-२० से.मी. चौडाई ननाघेको रोलमा भएका	30	30
	3919.90.00	-अन्य	30	30
39.20		**अकोशीय (नन्सेलुल्यर) र असवल (नट्रिइन्फोर्स्ड), अस्तर नहालिएको वा पटलित (लेमिनेट) नगरिएको, आधार (सपोर्ट) नहालिएको वा यस्तै अरु सामानसँग नजोडिएका प्लाष्टिकका अन्य प्लेटहरु, सिटहरु, फिल्म, फ्वाईल र स्ट्रिपहरु।**		
	3920.10.00	-इथाइलिनको पोलिमरको	15	15
	3920.20.00	-प्रोपिलिनको पोलिमरको	15	15
	3920.30.00	-स्टाइरिनको पोलिमरको	15	15
		-भिनायल क्लोराइडको पोलिमरहरुका		

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3920.43.00	--तौलको हिसावले ६ प्रतिशतभन्दा घटी सुघट्यकारी (प्लाष्टिसाइजर्स) नरहेको	15	15
	3920.49.00	--अन्य	15	15
		-एक्रेलिक पोलिमरको :		
	3920.51.00	--पोलि (मिथाइल मिथाक्रिलेट) को	15	15
	3920.59.00	--अन्य	15	15
		-पोलिकार्वोनेटहरु, अल्किडरेजिन्स, पोलिएलिल इष्टरहरु वा अन्य पोलिष्टरहरु :		
	3920.61.00	--पोलिकार्वोनेटहरुको	15	15
	3920.62.00	--पोलि (इथाइलिन टेरिफ्थालेट) को	15	15
	3920.63.00	--असंतृप्त पोलिष्टरहरुको	15	15
	3920.69.00	--अन्य पोलिष्टरहरुको	15	15
		-सेलुलोज वा यसका रासायनिक ब्यूत्पत्तिहरुको :		
	3920.71.00	--पुनर्उत्पादिन सेलुलोजको	15	15
	3920.73.00	--सेलुलोज एसिटेटको	15	15
	3920.79.00	--अन्य सेलुलोज ब्यूत्पत्तिहरुको	15	15
		-अन्य प्लाष्टिकहरुको :		
	3920.91.00	--पोलि (भिनायल वुटाईरन) को	15	15
	3920.92.00	--पोलियामाइडको	15	15
	3920.93.00	--एमिनो-रेजिन्सको	15	15
	3920.94.00	--फेनोलिक रेजिन्सको	15	15
	3920.99.00	--अन्य प्लाष्टिकको	15	15
39.21		**प्लाष्टिकका अन्य प्लेटहरु, सिटहरु, फिल्म, फ्वाइलहरु र स्ट्रीपहरु ।**		
		-कोशमय (सेलुलर) :		
	3921.11.00	--स्टाइरिनको पोलिमरको	15	15
	3921.12.00	--भिनायल क्लोराइड पोलिमरको	15	15
	3921.13.00	--पोलियूरेथेनको	15	15

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3921.14.00	--पुनर्उत्पादित (रिजेनरेटेड) कोष (सेलुलोज) को	15	15
	3921.19.00	--अन्य प्लाष्टिकहरुको	15	15
	3921.90.00	-अन्य	15	15
39.22		**प्लाष्टिकका स्नानागार (वाथ्स) हरु, वहुधार स्नानागार (सावर-वाथस्) हरु, पानी आउने र निस्कने व्यवस्था सहितको डूंड (सिङ्क) हरु, प्रक्षालनाधार (वाश-बेसिन), बिडेटहरु, ल्याभोटरी प्यानहरु, आसनहरु (सिट्स) र ढकनीहरु (कभर्स), प्रक्षालन जलाधार (फ्लसिङ्ग सिस्टर्न्स) हरु र यस्तै सरसफाइका सामानहरु (स्यानीटरी वेयर)।**		
	3922.10.00	-स्नानागार (वाथ्स) हरु; वहुधार स्नानागार (शावर वाथ्स) हरु, डूंड (सिङ्कस) हरु तथा प्रक्षालनाधार (वास वेसिन्स) हरु	30	30
	3922.20.00	-ल्याभोटरी सिटहरु (आसनहरु) र ढकनीहरु (कभरहरु)	30	30
	3922.90.00	-अन्य	30	30
39.23		**मालसामानको ओसारपसार (कन्भेयेन्स) वा परिवेष्टन (प्याक) गर्ने प्लाष्टिकका सामानहरु; प्लाष्टिकका पौलो वा वुजो (स्टोपर्स) ढकनी (लिड्स), बिर्काहरु (क्याप्स) र अन्य बन्द गर्ने (क्लोजर्स) सामग्रीहरु।**		
		-बाकस (कन्तुर वा सन्दूस) हरु, केस (वट्टा वा पेटी) हरु, टोकरी वा डालो (क्रेटस) र यस्तै सामाग्रीहरु:		
	3923.10.10	--प्लाष्टिकका परिवेष्टन (प्याक) गर्ने ट्यूवहरु	20	20
	3923.10.90	--अन्य	30	30
		-बोरा वा थैलो (स्याक्स) र झोलाहरु (ब्यागहरु) (कोन्स (डोको, सोली जस्ता सामानहरु) समेत) :		
	3923.21.00	--इथाइलिनका पोलिमरहरुको	30	30

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3923.29.00	--अन्य प्लाष्टिकहरुको	30	30
		-कार्वाइज (चोया इत्यादि बुनी मोह्रेको ठूलो बोतल), बोतलहरु फ्लास्कहरु र त्यस्तै सामानहरु:		
	3923.30.10	--पेट बोतल (बोतल प्रिफर्म)	20	20
	3923.30.90	--अन्य	20	20
		-बेर्ने रिल वा चक्काहरु (स्पुल्स), कप्स, गट्टा वा कोया (वोविन्स) र त्यस्तै आधारहरु:		
	3923.40.10	--म्याग्नेटिक टेप बाहेकको भिडियो र अडियो क्यासेट	9.5	10
	3923.40.90	--अन्य	5	5
	3923.50.00	-पौलो वा वुजोहरु (स्टोपर्स), ढकनीहरु (लिड्स), बिर्काहरु (क्याप्स) र अन्य बन्द गर्ने सामग्रीहरु (क्लोजर्स)	20	20
	3923.90.00	-अन्य	30	30
39.24		**प्लाष्टिकका भोजनपात्रहरु (टेवुल-वेयर), भान्साका पाक उपकरणहरु (किचेन वेयर), अन्य घरायसी सामानहरु र सरसफाई सम्बन्धी (हाइजेनिक) वा शौच र श्रृङ्गार (ट्वाइलेट) का सामानहरु ।**		
		-टेवुलका भोजनपात्रहरु (टेवुलवेयर), भान्साका पाक उपकरणहरु (किचेनवेयर) :		
	3924.10.10	--बच्चालाई दुध खुवाउने बोतल	15	15
	3924.10.20	--मेलामाइनका भाँडा	30	30
	3924.10.90	--अन्य	30	30
	3924.90.00	-अन्य	30	30
39.25		**अन्यत्र नपरेको कर्मीका प्लाष्टिकका ज्यावलहरु (विल्डर्स वेयर) ।**		
	3925.10.00	-३०० लि. भन्दा बढी क्षमताका रिजर्भ्वायर्स, ट्याङ्कस, तरल पदार्थ राख्ने बडाबडा भाडा (भ्याट्स) र त्यस्तै कन्टेनरहरु	30	30

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	3925.20.00	-ढोकाहरु, भ्यालहरु र तिनका फ्रेम (चौकोसहरु) र ढोकाका संघारहरु	30	30
	3925.30.00	-सटर (कपाट) हरु, भ्यालका झिलमिल पर्दाहरु (भेनेसियन ब्ल्याइण्डस समेत) र त्यस्तै सामानहरु र तिनका अवयव (पार्टस) हरु	30	30
	3925.90.00	-अन्य	30	30
39.26		**प्लाष्टिकका अन्य सामाग्रीहरु र शीर्षक ३९.०१ देखि ३९.१४ सम्मका अन्य पदार्थहरुका सामानहरु**		
	3926.10.00	-कार्यालय वा विद्यालयका आपूर्तिहरु (सप्लाइज)	30	30
	3926.20.00	-परिधान सामग्रीहरु (लुगाफाटो र सहायक परिधान सामग्रीहरु (क्लोदिङ एक्सेसरीज) (पन्जा (ग्लोभ्स), मिटेन्स (बुढी औंला एकातिर अरु चारवटा औला एकैठाउं अर्कोतिर ढाक्ने गरी तयार गरेको पञ्जाहरु) र औलाहरु खुलै रहने खालका पञ्जाहरु (मिट्स) समेत	30	30
	3926.30.00	-फर्निचरका काउचहरुका फिटिङ्गहरु, उपकरण, पार्टपूर्जा जस्ता सामानहरु वा यस्तै सामानहरु	30	30
	3926.40.00	-लघु प्रतिमाहरु (स्ट्याट्यूट्स) र अन्य आलंकारिक सामानहरु	30	30
		-अन्य :		
	3926.90.10	--चुरा, टिका, टिकुली र पोतेहरु	5	5
	3926.90.20	--जुत्ता बनाउने प्लाष्टिकको सांचो	10	10
	3926.90.30	--प्लाष्टिकका प्रयोगशालाका सामानहरु	30	30
	3926.90.90	--अन्य	30	30

भाग -४०
रबर र यिनबाट बनेका सामानहरु

द्रष्टव्यहरु :

१. विषय वा प्रसंगले अर्को अर्थ लागेमा बाहेक यस अनुसूची भरि "रबर" शब्दले गन्धकीकरणद्वारा नम्य (लचकदार) र बलियो (भल्कनाइज) पारिएको वा नपारिएको वा कडा भएको वा नभएको देहायका उत्पादनहरुलाई जनाउंछः प्राकृतिक रबर, बलाटा (दक्षिण अमेरिकाको एकथरी रुखबाट आउने चोप वा लिसो), गट्टा पर्चा (दक्षिण अमेरिकाको रुखबाट झिकिने एक प्रकारको रबर), ग्वेयूली (दक्षिण पश्चिम संयुक्त राज्य अमेरिकामा पाइने एकथरी रुखबाट पाइने रबर), चिकल (सैपोडिला बृक्षबाट निस्कने एक किसिमको गूंद जस्तो पदार्थ) र यस्तै प्राकृतिक गूंदहरु, संश्लेषित (सिन्थेटिक) रबर, तेलबाट झिकिने फ्याक्टिस (मुलायम रबर जस्तो पदार्थ), र यस्तै सुधारिएका (रिक्लेम्ड) रबर तत्वहरु ।

२. यस भाग अन्तर्गत नपर्ने :

(क) परिच्छेद ११ का सामानहरु (कपडा र कपडाबाट बनेका सामान);

(ख) भाग ६४ का पाउपोस (जुत्ता) वा त्यसका अङ्गहरु (पार्ट्स);

(ग) भाग ६५ का शिरपोस (टोपी) वा त्यसका अङ्गहरु (पार्ट्स) (वाथिङ क्याप समेत);

(घ) परिच्छेद १६ का कडा रबरका यान्त्रिक वा वैद्युतिक उपकरणहरु वा तिनका पूर्जाहरु (सबै किसिमका वैद्युतिक सामानहरु समेत);

(ङ) भाग ९०,९२,९४ वा ९६ का सामानहरु; वा

(च) भाग ९५ का सामानहरु (खेलकूदको पन्जाहरु (ग्लोभ्स), बुढी औंला एकातिर अरु चारओटा औंला एकै ठाउं अर्कोतिर ढाक्ने गरी तयार गरिएका पन्जाहरु (मिटेन्स) र औंलाहरु खुलै रहने खालका पन्जाहरु (मिट्स) र शीर्षक ४०.११ देखि ४०.१३ सम्मका सामानहरु बाहेक) ।

३. शीर्षक ४०.०१ देखि ४०.०३ सम्म र ४०.०५ मा उल्लेख भएको "प्राथमिक रुपका" भन्ने शब्द निम्न रुपका सामानमा मात्र लागू हुनेछ :

(क) तरल र लेदो (पेष्ट) (प्रिभल्कनाइज गरेको वा नगरेको लेटेक्स र अन्य डिस्पर्सन (विक्षेपण) र घोलहरु समेत);

(ख) विषम आकारका ढीका, पिण्ड, गांठ, धूलो, दाना, मसिना टुक्राटाक्री र यस्तै किसिमको थुप्रो (बल्क) रुपको ।

४. यस भागको द्रष्टव्य १ र शीर्षक ४०.०२ को "संश्लेषित रबरै" (सिन्थेटिक रबर) भन्ने उक्ति देहाय बमोजिम लागू हुन्छ :

(क) असंतृप्त संश्लेषित तत्वहरु जसलाई गन्धक (सल्फर) का साथ वल्क्नीकरण (भल्कानाइजेशन) गरी अप्रत्यावर्ती ढंगले अतापसुनम्य तत्व (नन्थर्मोप्लाष्टिक सब्स्टान्स) मा रुपांतरित गर्न सकिन्छ, जुन १८° देखि २९° सेल्सियस बीचको तापक्रममा आफ्नो मौलिक लम्वाईको तीन गुणासम्म तन्काउदा चुंडिदैन र मौलिक लम्वाईको दुई गुणासम्म तन्क्याउंदा पांच मिनेटको अवधिभित्र मौलिक लम्वाइको डेढ गुना भन्दा कम लम्वाईमा फर्किन्छ । यस परीक्षणको उद्देश्यको निमित्त क्रस लिङ्किङ्को लागि आवश्यक पर्ने तत्वहरु, जस्तै वल्कनीकरण सक्रिय कारक (भल्कनाइजिङ्कको एक्टिभेटर) वा त्वरक (एक्सिलेरेटर) हरु थप गर्न सकिन्छ; द्रष्टव्य ५(ख) (२) मा व्यवस्था गरिएका तत्वहरुको उपस्थिति पनि स्वीकार्य छ । तर, क्रस लिङ्किङ्को लागि आवश्यक नभएका तत्वहरुको उपस्थिति, अर्थात विस्तारक (एक्सटेण्डर) हरु, सुनम्यकारकहरु (प्लाष्टिसाइजर) र फिलरहरु भने स्वीकार्य हुने छैनन्;

(ख) थायोप्लाष्ट्स (टी.एम); र

(ग) प्लाष्टिक पदार्थका साथ मिसाएर वा कलमी (ग्राफ्टिङ्ग) गरेर अर्को रुप दिइएको प्राकृतिक रबर, डिपोलिमराइज्ड प्राकृतिक रबर, संतृप्त संश्लेषित उच्च पोलिमरहरुका साथ असंतृप्त संश्लेषित तत्वहरुको मिश्रण । तर यी सबै माथि उल्लेख भएका उत्पादनहरुले भल्कनाइजेशन, तन्काई (एलोङ्गेशन) र खुम्चाई (रीकोभरी) सम्बन्धी माथि (क) मा उल्लेख गरिएका आवश्यकताको पूर्ति गरेको हुनु पर्दछ ।

५. (क) शीर्षक ४०.०१ र ४०.०२ तरलबाट ढिका भई जम्नु (कोएग्यूलेशन) अगाडि वा पछाडि देहायका तत्वहरुसंग मिलाइएका (कम्पाउन्डिङ्ग) कुनै पनि रबर वा रबरको मिश्रणका हकमा लागू हुदैन :

१. वल्कनीकरणका (भल्कनाइजिङ्ग) कारकहरु (एजेन्ट), त्वरकहरु (एक्सिलेरेटर), विलम्वकर (रिटार्डर) वा सक्रियकारक (एक्टिभेटर्स) (पूर्व वल्कनीकृत (प्रिभल्कनाइज्ड) रबर लेटेक्स तयार गर्न मिसाइने बाहेकका);

68.10		**मजबूत गरिएको वा नगरिएको सिमेण्ट कंक्रिट वा कृत्रिम ढुंगाका सामानहरु ।**		
		-भिंगटीहरु, फल्यागस्टोनहरु, इटाहरु यस्तै सामानहरु::		
	6810.11.00	--निर्माणका चौकोस (ब्लक) र इटाहरु	8.25	15
	6810.19.00	--अन्य	8.25	15
		-अन्य सामानहरु :		
	6810.91.00	--निर्माण वा सिभिल इन्जिनियरिङ्गको पूर्व विरचित संरचनाका अवयवहरु	8.25	15
	6810.99.00	--अन्य	8.25	15

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
68.11		**अस्बेष्टस-सिमेण्ट, सेलुलोज (जालिदार) रेशा-सिमेण्ट वा यस्तै सामानहरु ।**		
	6811.40.00	-अश्मतन्तु (अस्बेष्टस) भएको	8.25	15
		-अश्मतन्तु (अस्बेष्टस) नभएको:		
	6811.81.00	--कर्कट पाताहरु (कोरुगेटेड सिट्स)	8.25	15
	6811.82.00	--अन्य पाताहरु, संघारहरु, झिङ्गटीहरु र यस्तै सामानहरु	8.25	15
	6811.89.00	--अन्य सामानहरु	8.25	15
68.12		**विरचित अश्मतन्तु (एस्वेष्टस)का रेशाहरु; एसवेष्टसको आधार (बेसिस) का वा एसवेस्टस र म्याग्नेसियम कार्वोनेटका आधारको मिश्रणहरु; शीर्षक ६८.११ वा ६८.१३ का वस्तुहरु बाहेक मजबुत गरिएका वा नगरिएका त्यस्ता मिश्रणहरु वा एसवेष्टसका सामानहरु (जस्तै सिउने धागो, बुनेको कपडा, लुगाहरु, शिरपोश, पाउपोश, ग्याष्केटस) ।**		
	6812.80.00	-क्रोसिडोलाइटको	8.25	15
		-अन्य:		
	6812.91.00	--लुगाहरु, लत्ता कपडाहरु, पाउपोश र शीरपोस	8.25	15
	6812.92.00	--कागज, मिलबोर्ड र जमोठ	8.25	15
	6812.93.00	--चादर वा रोलमा भएको, संपीडित अश्मतन्तु (एसवेष्टस) रेशाको जोडाई (ज्वायण्टिङ्ग)	8.25	15
	6812.99.00	--अन्य	8.25	15

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
68.13		**अश्मतन्तु (एसवेस्टस), अन्य खनिज तत्वहरु वा सेल्यूलोजका आधारका, कपडा वा अन्य पदार्थका साथ समायोजन (कम्वाइन) भए वा नभएका ब्रेक, क्लच र यस्तै सामानहरुका लागि, जडान नभएका (नौट माउण्टेड) घर्षण पदार्थ वा तिनका सामानहरु (जस्तै, चादर, रौल, पाटा (स्ट्रिप), खण्ड (सेग्मेण्ट), चक्का (डिस्क), वासर्स, प्याडहरु)।**		
	6813.20.00	-अश्मतन्तु (एसवेस्टस) भएका	8.25	15
		-अश्मतन्तु (एसवेस्टस) नभएका :		
	6813.81.00	--ब्रेक लाइनिङ्ग र प्याडहरु	8.25	15
	6813.89.00	--अन्य	8.25	15
68.14		**कागज, कागजबोर्ड वा अन्य पदार्थको आड भएका वा नभएका तयारी अभ्रख र अभ्रखका सामानहरु, एकत्रित वा पुनर्निर्मित अभ्रख समेत।**		
	6814.10.00	-आड भएका वा नभएका एकत्रित वा पुनर्निर्मित अभ्रखका पाताहरु, चादरहरु र स्ट्रिप्स	8.25	15
	6814.90.00	-अन्य	8.25	15
68.15		**अन्यत्र उल्लेख वा समावेश नभएका, पत्थरका वा खनिज द्रव्यका वस्तुहरु (कार्वन फाइबर्स, कार्वन फाइबर्सका सामानहरु र पिटका सामानहरु समेत)।**		
	6815.10.00	-ग्रेफायट (कालो सीसा) वा अन्य कार्बनको अविद्युतीय सामानहरु	8.25	15
	6815.20.00	-पिटका सामानहरु	8.25	15
		-अन्य सामानहरु :		
	6815.91.00	--म्याग्नेसाइट, डोलोमाइट वा क्रोमाइट भएको	8.25	15
	6815.99.00	--अन्य	8.25	15

भाग-६९
चिनियां माटाका उत्पादनहरु (सेरामिक प्रोडक्ट्स)

द्रष्टब्य :

१. आकृति प्रदान (शेपिङ) पछि आगोमा पोलिएका चिनियां माटाका उत्पादनहरुको हकमा मात्र यो भाग लागू हुन्छ । शीर्षक ६९.०१ देखि ६९.०३ सम्मका शीर्षकहरुमा वर्गीकरण हुन सक्ने बाहेकका उत्पादनहरुका हकमा मात्र शीर्षक ६९ .०४ देखि ६९ १४ सम्म लागू हुन्छ ।

२. यस भाग अन्तर्गत नपर्ने :

(क) शीर्षक २८.४४ का उत्पादनहरु;

(ख) शीर्षक ६८.०४ का वस्तुहरु;

(ग) भाग ७१ का बस्तुहरु (उदाहरणको लागि नकली गरगहना);

(घ) शीर्षक ८१.१३ का सरमिटहरु;

(ङ) भाग ८२ का वस्तुहरु;

(च)) बैद्युतिक अबरोधकहरु (शीर्षक ८५.४६) वा अवरोधक पदार्थका जडानका सामग्रीहरु (फिटिंग्स) (शीर्षक ८५.४७);

(छ) कृत्रिम दांतहरु (शीर्षक ९०.२१);

(ज) भाग ९१ का वस्तुहरु (उदाहरणको लागि, घडी वा घडीका खोल वा वट्टा);

(झ) भाग ९४ का वस्तुहरु (उदाहरणको लागि, फर्निचर मेचकुर्सी आदि, बत्ती (ल्याम्प) हरु, बत्ती जडानका सामग्रीहरु (लाइटिङ्गफिटिंग्स), पूर्वनिर्मित भवनहरु;

(ञ) भाग ९५ का वस्तुहरु (उदाहरणको लागि, खेलौनाहरु, आमोद प्रमोदका सामग्रीहरु र खेलकूदका आवश्यक सामग्रीहरु (रिक्विजिट्स);

(ट) शीर्षक ९६.०६ का वस्तुहरु (जस्तै टांक वा बटन) वा शीर्षक ९६.१४ का वस्तुहरु (जस्तै धूमपान नली वा स्मोकिंग पाइप); वा

(ठ) भाग ९७ का वस्तुहरु (जस्तै, कलाकृतिहरु)

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
		(१) स्फटिकयुक्त (सिलीसियस) भौगर्भिक अवशेष (फोसिल) को धूलोका वस्तुहरु वा त्यस्तै स्फटिकयुक्त पत्थर वा माटोको, र ताप सहन गर्न सक्ने (रिफ्याक्टरी) वस्तुहरु		
69.01	6901.00.00	**स्फटिकयुक्त भौगर्भिक अवशेषको धूलोका (जस्तै-केसलगुर, ट्रिपोलाइट (गलेको स्फटिक) वा डायटोमाइट (द्विकोर्षहरुको सिलिका बनिसकेको अस्थ्यावशेषहरुबाट बनेको वस्तु) वा त्यस्तै स्फटिक युक्त पत्थर वा माटोका इटाहरु, लट्ठाहरु (ब्लक्स), भिंगटीहरु र माटोका अन्य वस्तुहरु ।**	6.5	10
69.02		**ताप सहन गर्न सक्ने इटा, ढिका टाइल र यस्तै ताप सहन गर्ने निर्माणका सामग्रीहरु, स्फटिकयुक्त भौगर्भिक अवशेषका धूलोहरु वा यस्तै स्फटिक युक्त माटो बाहेक ।**		
	6902.10.00	-म्याग्नेसियम अक्साइड, क्याल्सियम अक्साइड वा क्रोमियम ट्राइअक्साइडको रुपमा व्यक्त भएका म्याग्नेसियम, क्याल्सियम वा क्रोमियम तत्वहरु एक्लै वा साथसाथै तौलको हिसावले ५० प्रतिशत भन्दा बढी भएका	6.5	10
	6902.20.00	-तौलमा ५० प्रतिशत भन्दा बढी एलुमिना (ए एल २ ओ ३), सिलिका (एस आइ ओ २) वा यी उत्पादनका मिश्रण वा यौगिक भएका	6.5	10
	6902.90.00	-अन्य	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
69.03		**स्फटिकयुक्त भौगर्भिक अबशेषको धूलो वा त्यस्तै स्फटिकयुक्त माटो बाहेकको अन्य ताप सहन गर्ने माटोका वस्तुहरु (जस्तै- टुटी भएका भांडोहरु (रिटोर्टस),बक्रयन्त्रहरु (क्रुसिबल्स), धातु गाल्ने भांडोहरु (मफल्स), टुप्पा वा टुटीहरु (नोजल्स), चुकुल वा बुजोहरु (प्लग्स), टेवाहरु (सपोर्ट्स), मूल्यवान धातुहरुको धाउ विश्लेषण गर्ने शोषणक्षम अगहिरो भांडाहरु (कपेल्स), नलीहरु, पाइपहरु, ढाक्ने दाप वा खोलहरु (सिथ्स) र डण्डीहरु) ।**		
	6903.10.00	-तौलको हिसावले ५० प्रतिशत भन्दा बढी ग्रेफाइट (कालो सीसा) वा अन्य कार्वन भएको वा यी उत्पादनहरुको मिश्रण भएको ।	6.5	10
	6903.20.00	-तौलमा ५० प्रतिशत भन्दा बढी एलुमिना (ए एल २ ओ ३) वा एलुमिना र सिलिकाको (एस आइ ओ २) को यौगिक वा मिश्रणहरु मिलाइएको	6.5	10
	6903.90.00	-अन्य	6.5	10
		(२) अन्य माटोका उत्पादनहरु		
69.04		**निर्माणका माटाका इंटाहरु, भूइं ढाक्ने ढिकाहरु (फ्लोरिङ्गब्लक्स), टेवाहरु (सपोर्ट्स) वा फिलर टाइलहरु र यस्तै सामानहरु ।**		
	6904.10.00	-निर्माणका इटाहरु	30	30
	6904.90.00	-अन्य	30	30
69.05		**छाउने भिंगटीहरु, चिम्नी (भांडाहरु, पानीको डुंडहरु (कावल्स), चिम्नी लाइनरहरु, वास्तुकर्मका अलंकारहरु र अन्य माटोका निर्माण सम्बन्धी वस्तुहरु ।**		
	6905.10.00	-छाउने भिंगटीहरु (रुफिङ्गटाइल्स)	8.25	15
	6905.90.00	-अन्य	6.5	10
69.06	6906.00.00	**माटोका पाइपहरु, नलीहरु (कन्डुइट्स), ढलको नाली (गटरिङ) पाइप जडानहरु ।**	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
69.07		**नटल्काएको (अनग्लेज्ड) माटोका फ्लेगहरु र पेभिङहरु (पत्थरहरु नजिकै रहेको जडान), अगेनो वा चुलो (हर्थ) वा भित्ताका झिंगटीहरु; अस्तर (ब्याकिङ्ग) भएको वा नभएको नटल्काएको संगमर्मर गर्ने ठोस दाना पदार्थ र यस्तै सामानहरु ।**		
	6907.10.00	-चारपाटे भएको वा नभएको, सबभन्दा ठूलो सतही क्षेत्रफललाई ७ से.मी. भन्दा कम लम्वाइको भुजा भएको वर्गभित्र समाविष्ट गर्न सकिने झिंगटीहरु, दाना पदार्थहरु र यस्तै सामानहरु	14.5	30
	6907.90.00	-अन्य	14.5	30
69.08		**टल्काएको (ग्लेज्ड गरेको) माटोका फ्लेगहरु र पेभिङ, अगेनो वा चुलो वा भित्ताका झिंगटीहरु; अस्तर (ब्याकिङ्ग) मा भएको वा नभएको टल्काएको संगमर्मर गर्ने ठोस दाना पदार्थ र यस्तै सामानहरु ।**		
	6908.10.00	-चारपाटे भएको वा नभएको सबभन्दा ठूलो सतही क्षेत्रफललाई ७ से. सी. भन्दा कम लम्वाइको भुजा भएको वर्गभित्र समाविष्ट गर्न सकिने झिंगटीहरु, दाना पदार्थहरु र यस्तै सामानहरु	30	30
	6908.90.00	-अन्य	30	30
69.09		**रासायनिक वा अन्य प्राविधिक प्रयोगका प्रयोगशालाको कामका माटाका (सेरामिक) मालमत्ताहरु; कृषि काममा प्रयोग हुने खालका माटाका डूंड वा जलाधारहरु र यस्तै भांडा (रिसेप्ट्याकल) हरु; सामानको परिवहन वा संपुटन (प्याकिङ्ग) को काममा प्रयोग हुने खालका माटाका भांडाहरु, घैंटाहरु (जार्स) र यस्तै वस्तुहरु ।**		
		-रासायनिक वा अन्य प्राविधिक प्रयोगका प्रयोगशालाको कामका माटाका मालमताहरु :		
	6909.11.00	--चिनियां माटोका (पोर्सिलिन वा चाइना)	8.25	15

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	6909.12.00	--मउज (Mohs) स्केलमा ९ वा बढी बराबरको कडापन (हार्डनेस)भएका वस्तुहरु	8.25	15
	6909.19.00	--अन्य	8.25	15
	6909.90.00	-अन्य	8.25	15
69.10		**माटाका फोहर पदार्थ फ्याक्ने डूंडहरु (सिन्क्स), प्रक्षालनाधारहरु (वास वेसिन्स), प्रक्षालनाधार पीठिका (पेडेस्टल्स), स्नानागारहरु (वाथ्स्), गुप्ताङ्गप्रक्षालन पात्र (बिडेट्स), वाटर क्लोजेट प्यान्स, पानी छोडेर पखाल्ने (फ्लूसिंग सिष्टर्न), ट्यांकी वा ढ्वाङ्गहरु (सिष्टर्नस), मूत्र (पात्रहरु (यूरिनल्स) र त्यस्तै सरसफाइका जडानहरु ।**		
	6910.10.00	-पोर्सिलिन वा चिनियां माटोको	15	15
	6910.90.00	-अन्य	15	15
69.11		**पोर्सिलिन वा चिनियां माटाका टेवुलका मालमताहरु, भान्साका मालमत्ताहरु, अन्य घरायसी सामानहरु र स्नानागार (ट्वाइलेट) का सामानहरु ।**		
	6911.10.00	-टेवुलका मालमत्ता र भान्साका मालमताहरु	15	15
	6911.90.00	-अन्य	15	15
69.12	6912.00.00	**चिनियां माटो बाहेकको माटाका टेवुलका मालमताहरु, भान्साका मालमत्ताहरु, अन्य घरायसी सामानहरु र स्नानागारका सामानहरु ।**	8.25	15
69.13		**स-साना मूर्तिहरु (स्ट्याच्यूट्स) र अन्य माटाका आलंकारिक सामानहरु ।**		
	6913.10.00	-पोर्सिलिन वा चिनियां माटोका	10	10
	6913.90.00	-अन्य	10	10
69.14		**अन्य माटाका सामानहरु ।**		
	6914.10.00	-पोर्सिलिन वा चिनियां माटोको	8.25	15
	6914.90.00	-अन्य	8.25	15

भाग-७०
कांच र कांचबाट बनेका वस्तुहरु (ग्लासवेयर)

द्रष्टब्य :

१. यस भाग अन्तर्गत नपर्ने :

(क) शीर्षक ३२.०७ का सामानहरु (उदाहरणको लागि, कांचनीय तामचिनी (कांचको रुपमा बदल्न हुने एनामेल) र चमक (ग्लेज), कांच बनाउन बालुका र एकथरी कडा पत्थरको योग (ग्लास फ्रिट), धूलो, दाना र पाप्रो (फ्लेक) को रुपमा अन्य कांचहरु);

(ख) भाग ७१ का वस्तुहरु (जस्तै, नकली गहना);

(ग) शीर्षक ८५.४४ को प्रकाशवाही रेशाको तार (मिहीन कांच रेशाको सुरक्षण खोलभित्र भएको संचारको तार: अप्टिकल फाइबर केबुल), बैद्युतिक अबरोधक (शीर्षक ८५.४६) वा अबरोधक पदार्थका जडान सामग्रीहरु (फिटिङ्ग) (शीर्षक ८५.४७);

(घ) भाग ९० का प्रकाशवाही तन्तु (अप्टिकल फाइबर), प्रकाशकीय ढंगले काम गरिएका प्राकाशिक तत्वहरु (अप्टिकल एलिमेण्ट्स), अन्तस्त्वक् श्रृंगक वा पिचकारी (हाइपोडर्मिक सिरिन्ज), कृत्रिम आंखाहरु, तापमापकहरु (थर्मामिटर्स), वायुभार मापकहरु (ब्यारोमिटर्स), द्रवघनत्व मापी (हाइड्रोमीटर) वा अन्य वस्तुहरु;

(ङ) शीर्षक ९४.०५ का बत्ती वा बत्ती जडानका सामग्रीहरु, प्रदीप्त शीर्षकपट्ट, प्रदीप्त नामपट्ट र स्थायी रुपले निश्चित प्रकाश श्रोत भएका यस्तै वस्तुहरु र तिनका अंगहरु (पार्ट);

(च) भाग ९५ का खेलौनाहरु, आमोदप्रमोदका सामग्रीहरु (गेम्स), खेलकूदका आवश्यक सामग्रीहरु (रिक्विजिट्स), क्रिसमस बृक्षाभूषण वा अन्य वस्तुहरु (पुतलीको लागि वा भाग ९५ का अन्य वस्तुको लागि यन्त्र रचना विनाको कांचको आंखाहरु बाहेक); वा

(छ) भाग ९६ का टांकहरु (बटन्स), जडान भएका वायुशून्य (निर्वात) बोतल (भ्याकुम फ्लास्क), सुगन्ध (सेण्ट) वा त्यस्तै फोहोरा (स्प्रे) वा अन्य वस्तुहरु ।

२. शीर्षक ७०.०३, ७०.०४ र ७०.०५ को प्रयोजनको लागि :

(क) कांचलाई निस्तापन (एनिल) गर्नु अगाडि जुनसुकै प्रक्रिया (प्रोसेस) गरिएको कारणले "काम गरेको" (कार्यान्वित वा वर्क्ड) मानिने छैन;

(ख) कांचको चादर (शिट) लाई आकारमा काटिनाले वर्गीकरणमा कुनै असर पर्ने छैन;

(ग) "अवशोषक (एब्जोर्बेण्ट), प्रतिविम्वीय (रिफ्लेक्टिङ्ग) वा अप्रतिविम्वीय (नन्रिफ्लेक्टिङ्ग) तह (लेयर)" भन्ने उक्तिले धातु वा रासायनिक योग (जस्तै मेटल अक्साइड्) को सूक्ष्मदर्शी ढंगको (माइक्रोस्कोपिकली) पातलो लेपन (कोटिङ) लाई जनाउंछ; जसले, उदाहरणको लागि, अवरक्त प्रकाश (इन्फ्रारेड लाइट) लाइ अवशोषण गर्दछ वा कांच (ग्लास) को प्रतिविम्वय गुणहरुलाई विकसित गर्दछ साथै पारदर्शिता (ट्रान्सप्यारेन्सी) वा पारभासकता (ट्रान्सलुसेन्सी) को केही अंश जोगाइ राख्ने गुंजाइस पनि रहन्छ; वा जसले प्रकाशलाइ कांचको सतहमा प्रतिविम्वित हुनबाट रोक्तछ ।

३. शीर्षक ७०.०६ मा उल्लेख भएका उत्पादनहरु, तिनमा कुनै वस्तुको लक्षण भए वा नभएमा पनि सोही शीर्षकमै वर्गीकृत रहन्छन् ।

४. शीर्षक ७०.१९ को प्रयोजनको लागि "कांच ऊन" (ग्लास ऊल) भन्ने उक्तिले देहाय बमोजिम भएकालाई जनाउंछ :

(क) तौलमा ६० प्रतिशत भन्दा घटी नहुने गरी सिलिका (यस आई ओ २) को मात्रा (कन्टेण्ट) भएको खनिज ऊन (मिनरल ऊल);

(ख) सिलीका (एस आइ ओ २) को मात्रा ६० प्रतिशत भन्दा कम भएको तर अल्कलाईनन अक्साइड (के २ ओ वा एन ए २ ओ) को मात्रा तौलमा ५ प्रतिशत भन्दा बढी वा बोरिक अक्साइड (बी २ ओ ३ को मात्रा तौलमा २ प्रतिशतभन्दा बढी भएको खनिज ऊन ।
माथिको विवरणसंग मेल नखाने खनिज ऊन शीर्षक ६८.०६ मा पर्दछ ।

५. यस अनुसूचीभरि नै "कांच" भन्ने उक्तिले संगलित (फ्यूज्ड) स्फटिक वा काचमणि (क्वार्ज) र अन्य संगलित सिलिकालाई समावेश गर्दछ ।

<u>उपशीर्षक-द्रष्टव्य</u> :

उपशीर्षक ७०१३.२२, ७०१३.३३, ७०१३.४१ र ७०१३.९१ का प्रयोजनका लागि सीसा स्फटिक (लीड क्रिस्टल) भन्ने उक्तिले लिडमोनोक्साइड (पीबीओ) को मात्रा तौलमा २४ प्रतिशत भएको कांचलाई मात्र जनाउंछ ।

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
70.01	7001.00.00	**कांच (कुलेट) र कांचको अन्य अवशेष र पत्रुस सबै प्रकारको कांच ।**	6.5	10
70.02		**कांचको नवनाएको डल्लो (शीर्षक ७०.१८ को माइक्रोस्फेर्स बाहेक), डण्डी वा नलीहरु ।**		

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	7002.10.00	-डल्लोहरु (बल्स)	6.5	10
	7002.20.00	-डण्डीहरु (रौड्स)	6.5	10
		-नलीहरु (ट्यूब):		
	7002.31.00	--पग्लेको स्फटिक वा अन्य पग्लेको सिलिकाको	6.5	10
	7002.32.00	--०° से. देखि ३००° से. सम्मको तापको बीचमा ५X१०$^{-६}$ प्रति केल्भिनसम्मको विस्तारको लिनियर को-इफिसेण्ट भएको अन्य कांच	6.5	10
	7002.39.00	--अन्य	8.25	15
70.03		**अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (पत्र वा लेयर) भएको वा नभएको, पाता (सिट्स) वा प्रोफाइल को रुपमा भएको, अरु कुनै किसिमको काम नगरिएको, ढालेको कांच (काष्ट ग्लास) र वेल्लित कांच (रोल्ड ग्लास)।**		
		-तारविहिन पाता :		
	7003.12.00	--सम्पूर्ण रुपमा रंगाएको (बडी टिण्टेड्), अपारदर्शी पारिएको (ओपासिफाइड्), रंग चढाइएको (फ्ल्यास्ड) वा अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको	30	30
	7003.19.00	--अन्य	30	30
	7003.20.00	-तार भएको पाता	30	30
	7003.30.00	-प्रोफाइल	30	30
70.04		**अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको वा नभएको, तर अन्य कुनै काम नगरिएको, पाता(सिट्स) को रुपमा भएको तन्क्याएर बनाइएको (ड्रन) कांच वा हावाफुकेर वा ग्याँस भरेर बनाइएको (ब्लोन) कांच।**		

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	7004.20.00	-सम्पूर्ण रुपमा रंगाएको (बडी टिन्टेड), अपारदर्शी पारिएको (ओपासिफाइड), रंगचढाएको (फ्ल्यास्ड) वा अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको	30	30
	7004.90.00	-अन्य	30	30
70.05		**अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको वा नभएको, तर अन्य किसिमबाट कुनै काम नभएको, पाता (सिट्स) मा भएको फ्लोट ग्लास (कांच) र सतह घर्षित (ग्राउण्ड) वा चमकाइएको (पोलिस्ड) कांच ।**		
	7005.10.00	-अवशोषक, प्रतिविम्वीय वा अप्रतिविम्वीय तह (लेयर) भएको, तार-विहिन (नन-वायर्ड) कांच ।	30	30
		-अन्य तार विहिन कांच :		
	7005.21.00	--सम्पूर्णत: रंगाएको (वडी टिण्टेड) ओपासिफाइड, फ्ल्यास्ड वा मेरेली सर्फेस ग्राउण्ड	30	30
	7005.29.00	--अन्य	30	30
	7005.30.00	-तार भएको कांच	30	30
70.06	7006.00.00	**शीर्षक ७०.०३, ७०.०४ वा ७०.०५ का कांचहरु, निहुरेको (बेन्ट), किनाराको काम गरेको (एज वर्क्ड), खोपेको (इनग्रेभ्ड), प्वाल पारेको (ड्रिल्ड), इनामेल लगाएको वा अन्य प्रकारले बनाएको तर अन्य पदार्थसंग जोडी आकार नदिएको वा जडान नगरेको ।**	30	30
70.07		**कडा बनाएको वा पटलित कांच भएको सुरक्षित कांच ।**		
		-कडा वनाएको (तापित) सुरक्षित कांच:		
	7007.11.00	--गाडी, जहाज, अन्तरीक्षयान वा सवारीका साधनमा समाविष्ट गर्न योग्य आकार र नापका	30	30

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	7007.19.00	--अन्य	30	30
		-पटलित सुरक्षित कांच :		
	7007.21.00	--गाडी, जहाज, अन्तरीक्षयान वा सवारीका साधनमा समाविष्ट गर्न योग्य आकार र नापको	30	30
	7007.29.00	--अन्य	30	30
70.08	7008.00.00	**कांचको बहुभित्तीय अवरोधक इकाइ (मल्टिपल वाल्ड इन्सुलेटिङ यूनिट)।**	30	30
70.09		फ्रेम भएको वा नभएको कांचको ऐना, पछाडिको दृश्य देखिने ऐना समेत ।		
	7009.10.00	-गाडीको पृष्ठदृश्य देखिने ऐना	30	30
		-अन्य :		
	7009.91.00	--फ्रेम नहालेको	30	30
	7009.92.00	--फ्रेम हालेको	30	30
70.10		**कांचका कारब्वाय, बोतल, फ्ल्यास्क, सुराही, भांडा कुंडा, सिसी (फायल) हरु, एम्पुलहरु र यस्तै किसिमका मालसामानहरु राख्ने (आधान पत्रहरु), वा ओसार पसार गरिने काममा प्रयोग गरिने खालका भांडाहरु; कांचका संरक्षण (प्रिजर्भिङ्ग) भांडाहरु (जार्स); कांचका ठेडीहरु, ढकनी (लिड्स) र अन्य बन्द गर्ने बिर्कोहरु (क्लोजर्स)।**		
	7010.10.00	-एम्पुलहरु	5	5
	7010.20.00	-ठेडी (स्टोपर्स) हरु, ढकनीहरु (लिड्स) र अन्य बिर्कोहरु (क्लोजर्स)	8.25	15
	7010.90.00	-अन्य	8.25	15
70.11		**जडान बिनाका विद्युतीय वत्ति, क्याथोड रे ट्यूव र त्यस्तैका लागि कांचको छादन र खोल (बल्व र ट्यूव समेत), मुख (ओपेन) र तिनका पार्टपूर्जाहरु।**		
	7011.10.00	-विद्युतीय प्रकाशका लागि	6.5	10
	7011.20.00	-क्याथोड रे ट्यूवका लागि	8.25	15

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	7011.90.00	-अन्य	8.25	15
[70.12]				
70.13		**टेबुल, भान्सा, ट्वाइलेट, कार्यालय, भित्री सजावट वा यस्तै प्रयोजनमा प्रयोग हुने प्रकारका कांचका सामानहरु, (शीर्षक ७०.१० वा ७०.१८ बाहेकका)।**		
	7013.10.00	-कांच-मृत्तिकाको (ग्लास सेरामिक्सको)	15	15
		-समाउने डाँठ भएका (स्टीमवेयर) पिउंने कामका ग्लासहरु, कांचमृत्तिका बाहेकको:		
	7013.22.00	--सिसा स्फटिक (लिड-कृस्टल) को	15	15
	7013.28.00	--अन्य	15	15
		-पिउंने कामका ग्लासहरु, कांचमृत्तिका बाहेकको:		
	7013.33.00	--सिसा स्फटिक (लिड-कृष्टल) को	15	15
	7013.37.00	--अन्य	15	15
		-टेवुलमा प्रयोग हुने किसिमका (पिउने कामका काँचका ग्लासहरु बाहेक) वा भान्छाको काममा प्रयोग हुने काँचका सामानहरु, काँच मृत्तिका बाहेक:		
	7013.41.00	--सिसा स्फटिक (लिड-कृष्टल) को	15	15
	7013.42.00	--०° से. देखि ३००° से. सम्मको तापको वीचमा ५X१०$^{-६}$ प्रति केल्भिन सम्मको विस्तारको लिनियर को-इफिसेण्ट भएको अन्य काँच	15	15
	7013.49.00	--अन्य	15	15
		-अन्य कांचका सामानहरु:		
	7013.91.00	--सिसा-स्फटिक (लिड्-कृष्टल) को	15	15
	7013.99.00	--अन्य	15	15

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
70.14	7014.00.00	**कांचका सूचक सामानहरु (सिग्नलिङ्ग ग्लासवेयर) र कांचका चाक्षुष तत्व सम्बन्धी सामानहरु (शीर्षक ७०.१५ बाहेकका), चश्माको लागि नबनाइएको ।**	5	5
70.15		**घडी (क्लोक) वा नाडी घडी (वाच) का कांचहरु र यस्तै कांचहरु, सुधार नहुने वा सुधार हुने चश्मामा प्रयोग हुने कांचहरु, वंग्याएको, निहुराएको, खोक्रो पारेको वा यस्तै तर चश्मा सम्बन्धी काम नगरेको; यस्ता कांचहरु बनाउनलाई तयार गरिएको खोक्रो वर्तुल र टुक्राटाक्रीहरु ।**		
	7015.10.00	-सुधार्न सकिने चश्माको प्रयोगका कांचहरु	5	5
	7015.90.00	-अन्य	5	5
70.16		**निर्माण प्रयोजनमा प्रयोग हुने खालका, तार भएका वा नभएका (वायर्ड), संपीड्य वा ढालेको (प्रेस्ड वा मोल्डेड) कांचका भुंइ छाप्ने ढिकाहरु (पेभिङ्ग ब्लौक), शिलापट्ट (स्ल्याब) हरु, ईटाहरु, चारपाटे टुक्राहरु (स्क्वायर्स), झिंगटीहरु (टायल्स) र अन्य सामानहरु; लिडेड लाइट्स र यस्तै वस्तुहरु; बहुकोषीय वा फोम ग्याँसका ढिका (ब्लौक), फ्लेक (प्यानेल्स), पाता (प्लेट्स) शेलहरु र यस्तै रुपमा ।**		
	7016.10.00	-अस्तर (ब्याकिङ्ग) भएका वा नभएका मोजाइक वा यस्तै सजावटको काममा प्रयोग हुने कांचका क्यूव र कांचका स-साना सामानहरु	8.25	15
	7016.90.00	-अन्य	8.25	15
70.17		**चिनो वा अंशाकन लगाएको वा नलगाएको वा प्रयोगशाला, सफाइ सुग्घर (स्वास्थ्य) वा औषधि बनाउने काममा आउने कांचका सामान ।**		
	7017.10.00	-पग्लेको स्फटिक वा अन्य पग्लेका सिलिकाको	माफी	माफी

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	7017.20.00	-०° से. देखि ३००° से. सम्मको तापको बीचमा ५X१०$^{-६}$ प्रति केल्भिन सम्मको विस्तारको लिनियर को-इफिसेन्ट भएको अन्य कांच	5	5
	7017.90.00	-अन्य	5	5
70.18		**पोते, नक्कली मोती, बहुमूल्य वा अर्द्ध बहुमूल्य नक्कली पत्थर र यस्तै कांचका साना सामानहरु र नक्कली गहना बाहेक र त्यसबाट बनेका सामानहरु; प्रोष्थेटिक (कृत्रिम अंग स्थापन विषयक) सामान बाहेक कांचका आंखाहरु; नक्कली गहना बाहेक मूर्तिहरु र अन्य आलंकारिक वत्तिका सामानहरु; १ मि.मि. ब्यास ननाघेको कांचको सूक्ष्म परिधि (माइक्रोस्फेयर)।**		
		-पोते, नक्कली मोती, बहुमूल्य वा अर्द्ध बहुमूल्य नक्कली पत्थर र यस्तै कांचका साना सामानहरु :		
	7018.10.10	--चुरा, टिका टिकुली र पोते	5	5
	7018.10.90	--अन्य	11.75	15
	7018.20.00	-१ मि.मि. ब्यास ननाघेको कांचको सूक्ष्म परिधि (माइक्रोस्फेयर)	11.75	15
	7018.90.00	-अन्य	11.75	15
70.19		**कांचका रेशाहरु (कांचको ऊन समेत) र तिनका सामानहरु (जस्तै-धागो, बुनिएका कपडाहरु समेत)।**		
		-छेस्काहरु (स्लिभर्स), प्यूरीमुठा (रोभिङ्गस), धागो (यार्न) र काटिएका तन्तुगुच्छ (चोप्ड स्ट्राण्ड्स):		
	7019.11.00	--५० मि.मि. भन्दा बढी लम्बाई नभएका काटिएका तन्तुगुच्छ (चोप्ड स्ट्राण्ड)	5	5
	7019.12.00	--प्यूरीमुठा (रोभिङ्गस)	5	5
	7019.19.00	--अन्य	5	5

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
		-पातला पाताहरु (भ्वायल्स), जालीहरु (वेब्स), गुन्द्री (म्याट्स), ओछ्याउना (म्याट्रेसेस), फ्लेकहरु (बोर्डस) र यस्तै नबुनेका (ननवुभेन) सामानहरु (प्रोडक्ट्स):		
	7019.31.00	--गुन्द्रीहरु (म्याट्स)	6.5	10
	7019.32.00	--पातला पाताहरु (भ्वायल्स)	6.5	10
	7019.39.00	--अन्य	6.5	10
	7019.40.00	-प्यूरीमुठाका बुनिएका कपडाहरु (वुभेन फ्याब्रिक्स)	6.5	10
		-अन्य बुनिएका कपडाहरु (फ्याब्रिक्स):		
	7019.51.00	--३० से.मी. भन्दा बढी चौडाई नभएको	6.5	10
	7019.52.00	--प्रति एकल धागो (यार्न) १३६ टेक्सभन्दा बढी नभएका तन्तुहरु (फिलामेण्ट्स) को, प्रतिवर्गमिटर २५० ग्राम भन्दा कम तौल भएको, सादा बुनौट (प्लेनविभ) को, चोडाइ ३० से.मी भन्दा बढी भएको	6.5	10
	7019.59.00	--अन्य	6.5	10
	7019.90.00	-अन्य	6.5	10
70.20	7020.00.00	**कांचका अन्य सामानहरु ।**	15	15

परिच्छेद १४
प्राकृतिक वा संवर्धित मोती, बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरु, बहुमूल्य धातुहरु, बहुमूल्य धातुको आवरण चढाएका धातुहरु, र तिनीहरुबाट बनेका वस्तुहरु; नक्कली गहना (इमिटेशन ज्वेलरी) मुद्रा (क्वायन)

भाग-७१
प्राकृतिक वा संवर्धित मोती, बहुमूल्य वा अर्धबहुमूल्य पत्थरहरु, बहुमूल्य धातुहरु, बहुमूल्य धातुको आवरण चढाएका धातुहरु, र तिनीहरुबाट बनेका वस्तुहरु; नक्कली गहना; मुद्रा (क्वाइन)

द्रष्टव्य :

१. परिच्छेद ६ को द्रष्टव्य १ (क) को अधीनमा रही तथा तल व्यवस्था भए अनुसार बाहेक पूर्णतः वा अंशतः देहाय बमोजिम बनेका वस्तुहरुः

(क) प्राकृतिक वा संवर्धित मोती वा बहुमूल्य वा अर्धबहुमूल्य पत्थर (प्राकृतिक, संश्लेषित वा पुनर्निर्मित), वा

(ख) बहुमूल्य धातु वा बहुमूल्य धातुको आवरण चढेको (क्ल्याड्) धातु, यस भागमा वर्गीकरण गरिनेछन् ।

२. (क) बहुमूल्य धातु वा बहुमूल्य धातुको आवरण चढेको धातुको अल्प वा गौण अवयवी (कन्स्टिच्यूएण्ट) मात्र भएका वस्तुहरु, जस्तै लघु जडान सामग्री (फिटिंग्स) वा लघु अलंकरण (उदाहरणको लागि, गुम्फाक्षर (मोनोग्राम), फेरुल (लट्ठी, बिंड खम्बा आदिको टुप्पोमा बलियो पार्नको लागि जडान गरिने धातुको मुन्द्री, नलिका, टोपी) र पांग्रा आदिको घेरा (रिम) हरु, शीर्षक ७१.१३, ७१.१४ र ७१.१५ ले समावेश गर्दैनन् । र माथिको द्रष्टव्यको अनुच्छेद (ख) यस्ता वस्तुका हकमा लागू हुदैन ।

(ख) शीर्षक ७१.१६ ले बहुमूल्य धातु वा बहुमूल्य धातुको आवरण चढाइएको धातु भएको वस्तुहरु (लघु अवयवी (माइनर कन्स्टिच्यूएण्ट्स) बाहेक) लाई समावेश गर्दैन ।

३. यस भाग अन्तर्गत नपर्ने :

(क) बहुमूल्य धातु वा श्लेषाभीय (कोलायडल) बहुमूल्य धातुहरुको पारद मिश्रण (वा मिश्रण) (एमलगम्स) हरु, (शीर्षक २८.४३);

(ख) भाग ३० का विसंक्रमित (स्टेराइल) शल्यचिकित्साका सिउनी-सन्धी (सुचर) का पदार्थहरु, दन्तगुहा पूरक (दांतमा भर्ने डेन्टल फिलिंग्स) हरु वा अन्य वस्तुहरु;

(ग) भाग ३२ का सामानहरु (उदाहरणको लागि, चमक (लस्टर));

(घ) समर्थित उत्प्रेरकहरु (सपोर्टेड् क्याटालिष्ट्स) (शीर्षक ३८.१५);

(ङ) भाग ४२ को द्रष्टव्य ३(ख) मा उल्लेख भएका शीर्षक ४२.०२ वा ४२.०३ का वस्तुहरु;

(च) शीर्षक ४३.०३ वा ४३.०४ का वस्तुहरु;

(छ) परिच्छेद ११ का सामानहरु (बुनिएका कपडा र कपडा पदार्थका वस्तुहरु);

(ज) भाग ६४ वा ६५ का पाउपोश, शिरपोश वा अन्य वस्तुहरु;

(झ) भाग ६६ का छाताहरु, लट्ठीहरु वा अन्य वस्तुहरु;

(ञ) बहुमूल्य वा अर्धबहुमूल्य पत्थर (प्राकृतिक वा संश्लिष्ट) को धूलो (डस्ट) वा चूर्ण (पाउडर) भएको शीर्षक ६८.०४ वा ६८.०५ वा भाग ८२ को अपघर्षक (एब्रेसिभ) सामानहरु; बहुमूल्य पत्थर वा अर्धबहुमूल्य पत्थर (प्राकृतिक, संश्लिष्ट वा पुनर्निर्मित) का काम गर्ने अंग भएका भाग ८२ का वस्तुहरु; परिच्छेद १६ का यन्त्र, यान्त्रिक उपकरणहरु वा वैद्युतिक सामानहरु वा तिनका अंगहरु (पार्ट्स) । तर प्रशुक (स्टाइलस) हरुको लागि, तयार गरिएका (वर्क्ड), नजडिएका (अनमाउण्टेड्) नीलम (स्याफिएर) हरु र हीरा (डायमण्ड) हरु (शीर्षक ८५.२२) बाहेक, पूर्णत बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरहरु (प्राकृतिक, संश्लिष्ट वा पुनर्निर्मित) यस भागमा वर्गीकरण भएर रहन्छन्;

(ट) भाग ९०, ९१ वा ९२ का वस्तुहरु (बैज्ञानिक औजारहरु (इन्स्ट्रुमेण्टस्), घडीहरु (क्लकहरु र वाचहरु), वाद्ययन्त्रहरु);

(ठ) हात हतियार (आर्मस्) र तिनका अंगहरु (पार्टस्) (भाग ९३);

(ड) भाग ९५ को द्रष्टव्य २ ले समावेश गरेका वस्तुहरु;

(ढ) भाग ९६ को द्रष्टव्य ४ को कारणले त्यस भाग (भाग ९६) मा वर्गीकरण गरिएका वस्तुहरु; वा

(ण) प्राकृतिक वा संबर्धित मोती वा बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरहरु बाहेक मौलिक (ओरिजिनल) मूर्तिकलाका वस्तुहरु (स्कल्पचर वा स्टयाच्यूअरी) (शीर्षक ९७.०३), संग्रहकर्ताका संग्रहणीय वस्तुहरु (कलेक्टर्स पिसेस) (शीर्षक ९७.०५), वा एक सय वर्ष भन्दा पुरानो पुरातात्विक वस्तुहरु (एन्टिक) (शीर्षक ९७.०६) ।

४. (क) "बहुमूल्य धातु" भन्ने उक्तिले चांदी, सुन र महारजत (प्लाटिनम), लाई जनाउंछ ।

(ख) "महारजत" (प्लाटिनम) भन्ने उक्तिले महारजत (प्लाटिनम), घनातु (इरिडियम) गुर्वातु (ओस्मियम), निचुषातु (प्यालेडियम), नाम्लातु, (रोडियम) र नक्षरातु (रुथेनियम) लाई जनाउंछ ।

(ग) "बहुमूल्य वा अर्ध बहुमूल्य पत्थर" भन्ने उक्तिले भाग ९६ को द्रष्टव्य २(ख) मा उल्लेख भएका कुनै पनि तत्वलाई समावेश गर्दैन ।

५. यस भागको प्रयोजनका लागि बहुमूल्य धातु भएको कुनै पनि मिश्रधातु (एल्वाय) (संपुजित मिश्रण (सिन्टर्ड मिक्सचर)) वा अन्तरधात्विक यौगिक (इण्टर-मेटालिक कम्पाउण्ड) लाई, मिश्रधातुको तौलको २ प्रतिशतसम्म अवयवी भएको कुनै बहुमूल्य धातु छ भने, त्यसलाई बहुमूल्य धातुको मिश्रधातु (एल्वाय) सरह मान्नु पर्दछ । बहुमूल्य धातुको मिश्रधातु (एल्वाय) लाई देहायका नियमहरु अनुसार वर्गीकरण गरिनु पर्दछ :

(क) तौलमा २ प्रतिशत वा सो भन्दा बढी प्लाटिनम (महारजत) भएको मिश्रधातु (एल्वाय) लाई प्लाटिनम (महारजत) को मिश्रधातु मान्नु पर्दछ;

(ख) तौलमा २ प्रतिशत वा सो भन्दा बढी सुन भएको तर प्लाटिनम (महारजत) नभएको वा भए पनि तौलको २ प्रतिशत भन्दा कम प्लाटिनम भएको मिश्रधातु (एल्वाय) लाई सुनको मिश्रधातु मान्नु पर्दछ;

(ग) तौलमा २ प्रतिशत वा सो भन्दा बढी चांदी भएका अन्य मिश्रधातुहरु (एल्वाय) लाई चांदीको मिश्रधातु मान्नु पर्दछ ।

६. प्रसंगले अन्यथा व्यवस्था गरेकोमा बाहेक, यस अनुसूचीमा बहुमूल्य धातु वा कुनै खास बहुमूल्य धातुको उल्लेखले माथि द्रष्टव्य ५ का नियम अनुसार बहुमूल्य धातु वा कुनै खास बहुमूल्य धातुको मिश्रधातु (एल्वाय) को उल्लेखलाई समावेश गरेको मान्नु पर्दछ, तर यस्तो उल्लेखले बहुमूल्य धातुको आवरण चढाइएको धातु वा बहुमूल्य धातुको पानी चढाइएको अपधातु (वेस मेटल) वा अधातु (नन्-मेटल) लाई भने समावेश गर्दैन ।

७. यस अनुसूची भरि नै "बहुमूल्य धातुको आवरण चढाएको धातु" भन्ने उक्ति धातुको आधारमा बनेको र सो धातुको एक वा बढी सतहमा सोल्डरिंग, ब्रेजिंग, वेल्डिङ, हट-रोलिंग वा यस्तै यान्त्रिक साधनद्वारा बहुमूल्य धातुको खोल (कभरिंग) जडेर बनाइएका पदार्थहरुलाई जनाउंछ । प्रसंगले अन्यथा व्यवस्था गरेकोमा बाहेक यस उक्तिले बहुमूल्य धातुले मोहोरिएका (इनलेड) अपधातु (बेसमेटल) लाई समेत समावेश गर्दछ ।

८. परिच्छेद ६ को द्रष्टव्य १(क) को अधीनमा रही शीर्षक ७१.१२ मा भएको विवरणसंग मिल्ने सामानहरु त्यस शीर्षक मै वर्गीकरण गरिनेछन् र यस दरबन्दी (नोमेन्क्लेचर) का अन्य कुनै शीर्षकमा वर्गीकरण गरिने छैनन् ।

९. शीर्षक ७१.१३ को प्रयोजनको लागि "गरगहनाका वस्तुहरु" (आर्टिकल्स अफ ज्वेलरी) भन्ने उक्तिले देहाय बमोजिमलाई जनाउंछ :

(क) व्यक्तिगत शोभा वा सजावटको कुनै पनि सानो वस्तु (उदाहरणको लागि औंठी, बाला, कण्ठाहार (नेकलेस) ब्रोचेज, इयरिङ्ग (कानको गहना), घडीको सिक्री (वाच चेन), फौब (जेवघडीको खल्ती बाहिर झुण्डिएको सिक्री), लोलक-अलंकरण (पेण्डेन्ट), टाइ-पिन, कफ-लिंक्स, ड्रेस-स्टड (टांक), धार्मिक वा अन्य पदक (मेडल) र चिन्ह (इनसिग्निया) हरु; र

(ख) खल्तीमा, हातेझोलामा वा शरीरमै सामान्यतया धारण गरिने व्यक्तिगत प्रयोगका वस्तुहरु (जस्तै सिगार वा चुरोटको बट्टा, नशको बट्टा, कत्था वा चक्की (पिल) को बट्टा, पाउडरको बट्टा, सिक्रीको थैली (चेन पर्सेस) वा जप्ने माला (प्रेयर बिड्स) ।

यी वस्तुहरु प्राकृतिक वा संवर्धित मोती, बहुमूल्य वा अर्ध बहुमूल्य पत्थर, कृत्रिम वा पुनर्निर्मित बहुमूल्य वा अर्ध बहुमूल्य पत्थर, कछुवाको खबटा, मोतीको आवरण (मदर अफ पर्ल) हस्ती हाड, प्राकृतिक वा पुनर्निर्मित तृणमणि (एम्बर), कालो पत्थर (जेट) वा मुगा जस्ता वस्तुहरुसंग जडित हुन सक्दछन् ।

१०. शीर्षक ७१.१४ को प्रयोजनको लागि "स्वर्णकारको वस्तुहरु" (आर्टिकल्स अफ गोल्डस्मीथ) वा रजतकारको वस्तुहरु (सिलभरस्मीथ वेयर्स) भन्ने उक्तिले आभूषणहरु, टेवलवेयर (भोजनका लागि प्रयोग गरिने प्लेटहरु, वाउलहरु, काँटाहरु आदि जस्ता सामान), स्नानगारका सामानहरु (ट्वेइलटवेयर), धुम्रपानकर्ताहरुको आवश्यक सामानहरु र गृहस्थ, कार्यालय वा धार्मिक प्रयोजनका वस्तुहरुलाई समावेश गर्दछ ।

११. शीर्षक ७१.१७ को प्रयोजनको लागि "नकली गहना" (इमिटेशन ज्वेलरी) भन्ने उक्तिले माथिको द्रष्टव्य ९ को अनुच्छेद (क) को तात्पर्य अन्तर्गतका गहनाका वस्तुहरुलाई जनाउंछ (तर यसमा टांकहरु (बटन्स) वा शीर्षक ९६.०६ का अन्य बस्तुहरु, वा शीर्षक ९६.१५ का ड्रेस (कौम्ब, हेयर-स्लाइड् वा यस्तै वस्तुहरु, र हेयर-पिन समाविष्ट छैनन् ।), प्राकृतिक वा संवर्धित मोती, बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरहरु (प्राकृतिक, संश्लेषित वा पुनर्निर्मित) र (जलप लगाएको (प्लेटिङ) वा लघुअवयवी (माइनर कन्स्टिच्यूएण्ट्स) को रुपमा रहेको बाहेक) बहुमूल्य धातु वा बहुमूल्य धातु मोहोरेको (क्ल्याड विथ प्रेसियस मेटल) धातु पनि यसमा समाविष्ट छैनन् ।

<u>उपशीर्षक-द्रष्टव्य</u> :

१. उपशीर्षकहरु ७१०६.१०, ७१०८.११, ७११०.११, ७११०.२१, ७११०.३१ र ७११०.४१ का प्रयोजनको लागि "चूर्ण" (पाउडर) र "चूर्णको रुपमा" (इन पाउडर फोर्म) भन्ने उक्तिहरुले तौलमा ९० प्रतिशत वा सो भन्दा बढी ०.५ मिमि को छिद्र (प्वाल) भएको जाली युक्त चाल्नोबाट छिर्ने (वा चालिने) खालका उत्पादनहरुलाई जनाउंछन् ।

२. यस भागको द्रष्टव्य ४ (ख) मा जस्तोसुकै व्यवस्था भएको भए तापनि उपशीर्षकहरु ७११०.११ र ७११०.१९ को प्रयोजनका लागि "महारजत" (प्लाटिनम) शब्दले घनातु (इरिडियम), गुर्वातु (ओस्मियम), निवृषातु (पैलेडियम), नाम्लातु(रोडियम) वा नक्षरातु (रुथेनियम) लाई समावेश गर्दैन ।

३. शीर्षक ७१.१० का उपशीर्षकहरुमा मिश्रधातु (एल्वायज) को वर्गीकरण गर्नको लागि प्रत्येक मिश्रधातु (एल्वाय) लाई त्यस्ता धातु, प्लाटिनम, पैलेडियम, रोडियम, इरिडियम, ओस्मियम वा रुथेनियम मध्ये तौलमा त्यस्ता धातुहरुमा अर्को प्रत्येकको भन्दा आधिक्य भएको धातुको साथ वर्गीकरण गरिनु पर्दछ ।

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
		(१) प्राकृतिक वा सम्बर्धित (कल्चर्ड) बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरहरु		
71.01		**कारीगरी गरिएको वा नगरिएको, छुट्याएको वा नछुट्याएको तर नउनेको, अडेसा नलगाएको (माउण्टेड) वा नजडेको (सेट) रुपमा नभएको प्राकृतिक वा सम्बर्द्धित मोती; प्राकृतिक वा सम्बर्द्धित परिवहनको सुविधाका लागि अस्थायी रुपमा उनेको मोती ।**		
	7101.10.00	-प्राकृतिक मोतीहरु	5	5
		-सम्वर्धित मोतीहरु :		
	7101.21.00	--कारीगरी नगरिएको (अनवर्क्ड)	5	5
	7101.22.00	--कारीगरी गरिएको (वर्क्ड)	5	5
71.02		**कारीगरी गरिएको वा नगरिएको, तर अडेसा लाग्ने गरी नबनाएको वा नजडेको रुपमा रहेको हीरा (डायमण्ड) ।**		
	7102.10.00	-नछानिएको	5	5
		-ओद्यौगिक :		
	7102.21.00	--कारीगरी नगरिएको वा सामान्य चिरेको, फुटाएको वा आकार दिएको (ब्रुटेड)	5	5
	7102.29.00	--अन्य	5	5
		-उद्योग बाहेक :		
	7102.31.00	--कारीगरी नगरिएको वा सामान्य चिरेको, फुटाएको वा आकार दिएको (ब्रुटेड)	5	5
	7102.39.00	--अन्य	5	5

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
71.03		**कारीगरी गरिएको वा नगरिएको वा छुट्याएको वा नछुट्याएको तर नउनेको, अडेसा नलगाएको वा नजडेको (सेट) रुपमा रहेको बहुमूल्य पत्थरहरु (हीराहरु बाहेक); परिवहनको सुविधाका लागि अस्थायी रुपमा उनेको, नछुट्याएको बहुमूल्य पत्थरहरु (हीराहरु बाहेक) र अर्ध बहुमूल्य पत्थरहरु ।**		
	7103.10.00	-कारी गरी नगरिएको वा सामान्य चिरेको वा खस्रो आकारको	5	5
		-अरु केही बनाएको :		
	7103.91.00	--लालमणि (रुविज), नीलमणि (स्याकिर्य) र पन्ना (एमरल्ड)	5	5
	7103.99.00	--अन्य	5	5
71.04		**कारीगरी गरिएको वा नगरिएको वा छुट्याइएको वा नछुट्याइएको तर नउनेको अडेसा नलगाएको वा नजडेको (सेट) रुपमा रहेको संश्लेषित वा पुनर्निर्मित बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरहरु; परिवहनको सुविधाका लागि अस्थायी रुपमा उनेको नछुट्याएको संश्लेषित वा पुनर्निर्मित बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरहरु ।**		
	7104.10.00	-दाव वैद्युतिक स्फटिक (पिजोइलेट्रिक क्वार्ज)	5	5
	7104.20.00	-अन्य, कारीगरी नगरिएको वा सामान्य चिरेको वा खस्रो आकारको	5	5
	7104.90.00	-अन्य	5	5
71.05		**प्राकृतिक वा संश्लेषित बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरको धूलो ।**		
	7105.10.00	-हिराको	6.5	10
	7105.90.00	-अन्य	6.5	10
		(२) बहुमूल्य धातुहरु र बहुमूल्य धातुले ढाकिएको धातु (मेटल्स क्ल्याड)		

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
71.06		**अप्रभावित वा अर्ध निर्मित रुपमा वा धूलोको रुपमा चांदी (सुन वा प्लाटिनममा चाँदीको जलप लगाईएको)।**		
	7106.10.00	-धूलो	5	5
		-अन्य :		
	7106.91.00	--अप्रभावित	5	5
	7106.92.00	--अर्ध निर्मित	5	5
71.07	7107.00.00	**अर्ध तयारी भन्दा अरु बढी काम नगरेको चांदीले ढाकिएका आधारभूत धातुहरु।**	6.5	10
71.08		**अप्रभावित वा अर्ध निर्मित रुपका वा धूलो रुपका सुन (प्लाटिनममा सुनको जलप लगाएको समेत)।**		
		-मुद्रा बाहेकको :		
	7108.11.00	--धूलो	5	5
	7108.12.00	--अन्य प्रभावित रुपका	5	5
	7108.13.00	--अन्य अर्ध निर्मित रुपका	5	5
	7108.20.00	-मुद्रा सम्बन्धी	5	5
71.09	7109.00.00	**अर्ध निर्मित भन्दा बढी काम नगरेको सुनले ढाकिएका आधारभूत धातुहरु वा चांदी।**	6.5	10
71.10		**अप्रभावित वा अर्ध निर्मित रुपका वा धूलो रुपका प्लाटिनम।**		
		-प्लाटिनम :		
	7110.11.00	--अप्रभावित वा धूलो रुपका	6.5	10
	7110.19.00	--अन्य	6.5	10
		-प्यालेडियम :		
	7110.21.00	--अप्रभावित वा धूलो रुपका	6.5	10
	7110.29.00	--अन्य	6.5	10
		-रोडियम :		
	7110.31.00	--अप्रभावित वा धूलो रुपका	6.5	10
	7110.39.00	--अन्य	6.5	10
		-इरिडियम, अस्मियम र रुथेनियम :		
	7110.41.00	--अप्रभावित वा धूलो रुपका	6.5	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	7110.49.00	--अन्य	6.5	10
71.11	7111.00.00	**अर्ध निर्मित भन्दा बढी काम नगरेको प्लाटिनमले ढाकिएको आधारभूत धातु, चांदी वा सुन ।**	6.5	10
71.12		**बहुमूल्य धातुको वा बहुमूल्य धातुले ढाकिएको (मेटल क्ल्याड) धातुको अवशेष र पत्रु; मुख्यतया बहुमूल्य धातु पुनर्प्राप्ति (रिकोभरी) निमित्त प्रयोगहुने खालका, बहुमूल्य धातु वा बहुमूल्य धातुको यौगिक (कम्पाउण्ड्स) भएका अन्य अवशेष र जर्तीहरु (वेष्ट र स्क्र्याप) ।**		
	7112.30.00	-बहुमूल्य धातु वा बहुमूल्य धातुको मिश्रण (कम्पाउण्ड्स) भएको खरानी	6.5	10
		-अन्य :		
	7112.91.00	--सुनको, सुनले ढाकेको धातुको समेत, तर अन्य बहुमूल्य धातुहरु भएको बढार कुंढार (स्वीपिङ्गस) बाहेक	6.5	10
	7112.92.00	--महारजत (प्लाटिनम) को, महारजत (प्लाटिनम) ले ढाकेको धातुको समेत, तर अन्य बहुमूल्य धातुहरु भएको बढार कुंढार (स्वीपिङ्गस) बाहेक	6.5	10
	7112.99.00	--अन्य	6.5	10
		(३) गरगहना, सुन वा चांदीका सामान बनाउने बांडाले तयार गरेका सामानहरु र अन्य सामानहरु		
71.13		**बहुमूल्य धातुको वा बहुमूल्य धातुले ढाकिएको आधारभूत धातुको गर्गहनाका सामानहरु र तिनका पार्टपूर्जाहरु ।**		
		-बहुमूल्य धातुको, बहुमूल्य धातुमा जलप लगाएको वा नलाएको वा ढाकिएको वा नढाकिएको :		
	7113.11.00	--चांदीको, अन्य बहुमूल्य धातुको जलप लगाएको वा नलगाएको, बहुमूल्य धातुले ढाकेको वा नढाकेको	11.75	30

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	7113.19.00	--अन्य बहुमूल्य धातुको, अन्य बहुमल्य धातुको जलप लगाएको वा नलगाएको वा बहुमूल्य धातुले ढाकेको वा नढाकेको	11.75	30
	7113.20.00	-बहुमूल्य धातुले ढाकिएको अन्य आधारभूत धातुको	11.75	30
71.14		**बहुमूल्य धातुको वा बहुमूल्य धातुले ढाकिएको आधारभूत धातुको, बांडाले बनाएका सामानहरु र तिनका पार्टपूर्जाहरु ।**		
		-बहुमूल्य धातुको, बहुमूल्य धातुले ढाकिएको वा नढाकिएको, जलप लगाएको वा नलगाएको :		
	7114.11.00	--चांदीको, अन्य बहुमूल्य धातुको जलप लगाएको वा नलगाएको वा बहुमूल्य धातुले ढाकेको वा नढाकेको	6.5	10
	7114.19.00	--अन्य बहुमूल्य धातुको, बहुमूल्य धातुको जलप लगाएको वा नलगाएको वा बहुमूल्य धातुले ढाकेको वा नढाकेको	6.5	10
	7114.20.00	-बहुमूल्य धातुले ढाकिएको अन्य आधारभूत धातुको	6.5	10
71.15		**बहुमूल्य धातुको वा बहुमूल्य धातुले ढाकिएको आधारभूत धातुका अन्य सामानहरु ।**		
	7115.10.00	-तार जाली (वायर क्लथ) वा ग्रीलको रुपमा रहेको प्लाटिनमको उत्प्रेरक (क्याटालिष्ट)	6.5	10
	7115.90.00	-अन्य	6.5	10
71.16		**प्राकृतिक वा सम्वर्धित मोतीहरु, बहुमूल्य वा अर्द्ध बहुमूल्य पत्थरहरु (प्राकृतिक, संश्लेषित, पुनर्निर्मित) को सामानहरु ।**		
	7116.10.00	-प्राकृतिक वा सम्वर्धित मोतीको	8.25	10

शीर्षक	उपशीर्षक	मालवस्तुको विवरण	पैठारी महसुल दर (अन्यथा उल्लेख भएकोमा बाहेक मोल प्रतिशतमा)	
			सार्क मुलुकबाट पैठारी हुंदा	अन्य मुलुकबाट पैठारी हुंदा
1	2	3	4	5
	7116.20.00	-बहुमूल्य वा अर्द्ध बहुमूल्य (प्राकृतिक, संश्लेषित वा पुननिर्मित) पत्थरको	8.25	10
71.17		**नक्कली गहना ।**		
		-आधारभूत धातुको, बहुमूल्य धातुको जलप लगाएका वा नलगाएका :		
	7117.11.00	--वाहुलाको टांक र टांकहरु (कफलिङ्क र स्टड)	8.25	10
	7117.19.00	--अन्य	8.25	10
	7117.90.00	-अन्य	8.25	10
71.18		**मुद्रा ।**		
	7118.10.00	-कानूनी मान्यता प्राप्त नभएको मुद्रा (सुनको मुद्रा बाहेक)	8.25	10
	7118.90.00	-अन्य	8.25	10

परिच्छेद १५
अपधातु वा आधारभूत धातु (बेसमेटल) र अपधातु (बेसमेटल) का वस्तुहरु

द्रष्टव्य :

१. यस परिच्छेद अन्तर्गत नपर्ने :

(क) तयारी रोगनहरु (पेन्ट्स), मसीहरु (इन्क्स) वा धात्विक पाप्राहरु (मेटालिक फ्लेक्स) वा चूर्ण (पाउडर) को आधार (बेसिस) भएका अन्य उत्पादनहरु (शीर्षक ३२.०७ देखि ३२.१०, ३२.१२, ३२.१३ वा ३२.१५);

(ख) फेरो-सेरियम वा अन्य स्वतः ज्वलनशील (पाइरोफोरिक) मिश्र धातुहरु (एल्वायज) (शीर्षक ३६.०६);

(ग) शीर्षक ६५.०६ वा ६५.०७ को शिरपोश र त्यसका अंगहरु (पार्टस);

(घ) शीर्षक ६६.०३ को छाताको ढांचा (फ्रेम) वा अन्य वस्तुहरु;

(ङ) भाग ७१ का सामानहरु (उदाहरणको लागि, बहुमूल्य धातुका मिश्रण (एल्वाय) हरु, बहुमूल्य धातुको आवरण चढाइएको अपधातु (वेसमेटल), नकली गहना);

(च) परिच्छेद १६ का वस्तुहरु (यन्त्र, यान्त्रिक उपकरणहरु र विद्युतीय सामानहरु);

(छ) संयोजित (एसेम्बल्ड) रेल्वे वा ट्रामवेका लीकहरु (ट्रयाक) (शीर्षक ८६.०८) वा परिच्छेद १७ का अन्य वस्तुहरु (बाहन वा गाडी, पानी जहाजहरु र नौकाहरु, हवाइजहाजहरु);

(ज) परिच्छेद १८ का औजार (इन्स्ट्रुमेण्ट) वा उपकरण (अपरेटस) हरु, घडी (क्लक वा वाच) का कमानीहरु (स्प्रिङ्गस) समेत;

(झ) खरखजाना (गोली बारुद) को लागि तयार गरिएको सीसाको गोली वा छर्रा (शीर्षक ९३.०६) वा परिच्छेद १९ का अन्य वस्तुहरु (हात हतियार र खरखजाना);

(ञ) भाग ९४ का वस्तुहरु (उदाहरणको लागि, फर्निचर, म्याट्रेस-सपोर्ट, बत्ती (ल्याम्प) र बत्ती जडानका सामग्रीहरु (फिटिङ्गस), प्रकाशमय (इल्युमिनेटेड) चिन्हहरु (साइन्स), पूर्व निर्मित भवनहरु;

(ट) भाग ९५ का वस्तुहरु (उदाहरणतः खेलौना, आमोद प्रमोदका सामग्रीहरु, खेलकूदका आवश्यक वस्तुहरु);

(ठ) भाग ९६ का हाते चाल्नी (सिभ) टांक(बटन), कलम (पेन) पेन्सिल होल्डरहरु, पेननिबहरु वा अन्य वस्तुहरु; वा

(ड) भाग ९७ का वस्तुहरु (उदाहरणतः कलाकृतिहरु) ।

२. यस अनुसूची भरि नै "साधारण प्रयोगका अंगहरु" (पार्टस् अफ जनरल युज) भन्ने उक्तिले देहाय बमोजिम जनाउंछ :

(क) शीर्षक ७३.०७, ७३.१२, ७३.१५, ७३.१७ वा ७३.१८ का वस्तुहरु र अन्य अपधातु वा आधारभूत धातु (वेसमेटल) का यस्तै वस्तुहरु;

(ख) घडी (क्लक वा वाच) का कमानीहरु (स्प्रिंग्स) बाहेक (शीर्षक ९१.१४) अपधातु वा आधारभूत धातु (वेसमेटल) का कमानीहरु र कमानीहरुको निमित्तका पत्तीहरु; र

(ग) शीर्षक ८३.०१, ८३.०२, ८३.०८, ८३.१० का वस्तुहरु र शीर्षक ८३.०६ का अपधातु (आधारभूत धातु वा वेसमेटल) का फ्रेम(ढांचा) हरु र ऐनाहरु ।

भाग ७३ देखि ७६ सम्म तथा भाग ७८ देखि ८२ सम्म (तर संकेत नं. ७३.१५ बाहेक) का सामानका अंगहरु (पार्ट्स) को सन्दर्भले (भन्नाले) माथि परिभाषित सामान्य प्रयोगका अंगहरु (पार्टस अफ जनरल युज) को सन्दर्भलाइ समावेश गर्दैन ।

अघिल्लो अनुच्छेद तथा भाग ८३ को द्रष्टव्य १ का अधीनमा रही भाग ८२ वा भाग ८३ का वस्तुहरुलाई भाग ७२ देखि ७६ सम्म तथा भाग ७८ देखि ८१ बाट बाहेक गरिएको छ ।

३. यस दरबन्दी भरि नै "अपधातु" (बेस मेटल) हरु भन्ने उक्तिले : फलाम र इस्पात, तामो, गिलट (निकेल), आलमुनी (अलमिनियम), सीसा (लिड), जस्ता (जिङ्क), टिन, चण्डातु (टङ्गस्टेन वा वुलफ्राम), संवर्णातु (मलिब्डिनम), सहातु (ट्याण्टालम), भ्राजातु (म्याग्नेशियम), केत्वातु (कोबाल्ट), कसकुट (बिसमथ), मृज्यधातु (क्याडमियम), रंजातु (टिटानियम), गोमेदातु (जाइक्रोनियम), अंजन (एण्टिमनी), लोहकस्फटिक (मैंगानीज), बिडूर (बेरिलियम), वर्णातु (क्रोमियम), जर्मनधातु (जर्मानियम), रोचातु (भेनेडियम), द्रवातु (ग्यालियम), हैफनियम, इण्डियम, काशधातु (नियोबियम वा कोलम्बियम), वास्पातु (रिनियम) र सिक्ष्यधातु (क्यालियम)लाई जनाउंछ ।

४. यस दरबन्दी भरिनै "सरमेटस" भन्ने शब्दले धात्विक (मेटालिक) अवयव र मृत्तिका (सेरामिक) अवयवको सूक्ष्मदर्शी (माइक्रोस्कोपिक) विजातीय (हेटेरोजिनस) सम्मिश्रण (कम्बिनेसन) लाई जनाउंछ । "सरमेट्स" शब्दले संपुंजित (सिण्टर्ड) धातु कार्बनका यौगिकहरु (मेटल कार्वाइड्स) (धातु कार्वनका यौगिकलाई कुनै धातुका साथ संपुंजन गरिएको) लाई समेत जनाउंछ ।

५. मिश्रधातु (एल्वायज) (भाग ७२ र ७४ मा परिभाषित फेरो-एल्वायज र माष्टर एल्वायज बाहेक) को वर्गीकरण :

(क) अपधातु (आधारभूत धातु वा वेस मेटल) को मिश्रधातु (एल्वाय) लाई तौलमा प्रत्येक धातुको भन्दा बढी हुने धातुको मिश्रधातु (एल्वाय) को रुपमा वर्गीकरण गरिन्छ;

(ख) यस परिच्छेदको अपधातु (वेस मेटल) र यस परिच्छेदमा नपर्ने तत्वहरुबाट बनेको मिश्र धातुलाई त्यस्ता धातुहरुको तौल वर्तमान अन्य तत्वहरुको तौलको बराबर वा बढी छ भने अपधातु (वेसमेटल) को मिश्रधातु (एल्वाय) को रुपमा लिनु पर्दछ;

(ग) यस परिच्छेदमा "मिश्रधातु" (एल्वाय) भन्ने शब्दले धातुका चूर्ण (पाउडर) हरुको संपुजित (सिन्टर्ड) मिश्रणहरु, पगालेर प्राप्त भएको विषमजातीय (हेटेरोजेनस) आन्तरिक (इन्टिमेट) मिश्रणहरु (सरमिटहरु बाहेक) र अन्तरधातवीय यौगिकहरुलाई समावेश गर्दछ ।

६. प्रसंगले अन्यथा अपेक्षा नगरेसम्म, यस अनुसूचीमा अपधातु (आधारभूत धातु वा वेसमेटल) को कुनै पनि उल्लेखले, माथि द्रष्टव्य ३ को कारणले त्यस धातुको मिश्रधातु (एल्वाय) को रुपमा वर्गीकरण गरिने मिश्रधातु (एल्वाय) लाई पनि समावेश गर्दछ ।

७. **संयुक्त (कम्पोजिट) वस्तुहरुको वर्गीकरणः**

शीर्षकहरुले अन्यथा अपेक्षा गरेकोमा बाहेक दुई वा दुई भन्दा बढी अपधातुहरु (वेसमेटल) भएको अपधातु (आधारभूत धातु वा वेसमेटल) का वस्तुहरु (ब्याख्यात्मक नियमहरु अन्तर्गत अपधातुको वस्तु मानिने मिश्रित पदार्थहरुका वस्तुहरु समेत) लाई तौलमा प्रत्येक अन्य धातु भन्दा बढी अंश भएका अपधातु (वेसमेटल) को बस्तु मान्नु पर्दछ । यस प्रयोजनका लागिः

(क) फलाम र इस्पात, वा विभिन्न किसिमका फलाम वा इस्पातलाई एउटै उही धातुको रुपमा लिइन्छ,

(ख) द्रष्टब्य ५ का कारणले, मिश्रधातुलाई जुन धातुको मिश्रधातुको रुपमा वर्गीकरण गरिन्छ, सम्पूर्णतः त्यही धातुबाट बनेको मानिन्छ; र

(ग) शीर्षक ८१.१३ को सरमिट (कुनै धातु र ताप प्रतिरोधक पदार्थबाट बनेको मिश्रधातु) लाई एक्लो अपधातु (आधारभूत धातु वा वेसमेटल) को रुपमा लिइन्छ ।

८. यस परिच्छेदमा देहायका उक्तिहरुलाई यस प्रकारको अर्थ लाग्ने गरी निर्धारित गरिएको छः:

(क) **रद्दी र टुक्राटाक्री (वेस्ट र स्क्र्याप)**

निर्माण उत्पादन (म्यानुफ्याक्चर) वा धातुको यान्त्रिक कामबाट प्राप्त हुने धातुका अवशेष रद्दी र टुक्रा टाक्री र टुटफूट, काटछांट, प्रयोगबाट पुरानो भएको वा अन्य कारणले निश्चित रुपले प्रयोगको लागि अनुपयुक्त भएका धातुका सामानहरु ।

(ख) **चूर्ण (पाउडर) हरु**

१ मि.मि छिद्र भएको जालीदार चाल्नीबाट तौलमा ९० प्रतिशत वा सो भन्दा बढी छानिएर निस्कने वा चालिने उत्पादनहरु ।

भाग-७२
फलाम र इस्पात

<u>दृष्टब्य</u> :

१. यस भागमा र दृष्टब्य (घ), (ङ) र (च) को हकमा यस अनुसूची भरी नै देहायको शब्दावलीलाई यसैद्वारा देहायको अर्थ प्रदान गरिएको छ :

(क) कच्चा लोहा वा फलाम (पिग आइरन)

तौलमा २ प्रतिशत भन्दा बढी कार्बन भएको, उपयोगी रुपमा आघात बर्धनीय नभएको र देहायको सीमा भित्र रही तौलको हिसावले एक वा बढी अन्य तत्वहरु (एलिमेण्टस्) हुन सक्ने फलाम कार्वनको मिश्रधातु (एल्वाय) :

- १० प्रतिशत मा नबढ्ने गरी क्रोमियम
- ६ प्रतिशत मा नबढ्ने गरी मैगगानीज
- ३ प्रतिशत मा नबढ्ने गरी फोस्फोरस (गन्धक)
- ८ प्रतिशत मा नबढ्ने गरी सिलिकोन
- सम्पूर्णमा १० प्रतिशत मा नबढ्ने गरी अन्य तत्वहरु ।

(ख) **स्पिगिलेइजन (एक किसिमको ढलुवा फलाम)**

तौलमा ६ प्रतिशत भन्दा बढी तर ३० प्रतिशत मा नबढ्ने गरी मैगंगानीज भएको र अरु कुरामा माथि (क) को विवरणसंग मिल्ने फलाम कार्वनको मिश्रधातु ।

(ग) **लौहिक-मिश्रधातु (फेरो -एल्वायज्)**

तौलमा ४ प्रतिशत वा सो भन्दा बढी तत्व फलाम र देहायका एक वा बढी तत्वहरु भएको लाम्चो ढीक (पिग्स), ढिका (ब्लौक्स), पिण्डराशी (लम्प्स) वा यस्तै प्राथमिक रुपमा भएका, निरन्तर ढलाई (कण्टिन्यूअस कास्टिंग) बाट प्राप्त हुन आएको रुपमा र दानादार (ग्र्यानुलर) वा चूर्ण (पाउडर) रुपमा भएका, एकत्रित (एग्लोमोरेटेड) गरिएको वा नगरिएको, सामान्यतः अन्य मिश्रधातु (एल्वायज), वा विअक्सिकरण (डिअक्सिडेण्ट) वा विगन्धकीकरणको कारकको रुपमा वा लौहधातुकर्म (फेरस मेटालर्जी) मा वा

यस्तै प्रयोजनको लागि प्रयोग गरिने उपयोगी रुपमा आघात वर्धनीय वा नम्य (म्यालिएबल) नभएका मिश्रधातुहरु :

- १० प्रतिशत भन्दा बढी क्रोमियम
- ३० प्रतिशत भन्दा बढी मैगगानिज
- ३ प्रतिशत भन्दा बढी फोस्फोरस(गन्धक)
- ८ प्रतिशत भन्दा बढी सिलिकन
- तामाको हकमा अधिकतम मात्रा १० प्रतिशत रहने शर्तमा, कार्वन बाहेक, सम्पूर्णत: १० प्रतिशत भन्दा बढी अन्य तत्वहरु ।

(घ) **इस्पात (स्टिल)**

उपयोगी रुपमा आघात वर्धनीय (म्यालिएबुल) भएका (ढलाइको रुपमा उत्पादन हुने केही निश्चित किसिमको बाहेकको) शीर्षक ७२.०३ का अतिरिक्त लौहिक (फलामे) पदार्थहरु जसमा तौलको हिसावले २ प्रतिशत वा सो भन्दा कम कार्वन रहन्छ । तर, क्रोमियम स्टिल (क्रोमियम इस्पात) मा कार्वनको उच्च मात्रा हुन सक्तछ ।

(ङ) **खिया नलाग्ने इस्पात (स्टेनलेस स्टील)**

तौलको हिसावले १.२ प्रतिशत वा सो भन्दा कम कार्वन भएको र १०.५ प्रतिशत वा सो भन्दा बढी क्रोमियम भएको, अन्य तत्वहरु भए वा नभएको मिश्रधातुको इस्पात (स्टील) हरु ।

(च) **अन्य मिश्रधातुका इस्पात (एल्वाय स्टील)**

खिया नलाग्ने इस्पात (स्टेनलेस स्टील) को परिभाषासंग मेल नखाने र तौलको हिसावले देहायका एक वा सो भन्दा बढी तत्वहरु देखाइएका अनुपातमा हुने इस्पातहरु:

- ०.३% वा सो भन्दा बढी एल्यूमिनियम
- ०.०००८% वा सो भन्दा बढी बोरोन
- ०.३% वा सो भन्दा बढी क्रोमियम
- ०.३% वा सो भन्दा बढी कोवाल्ट
- ०.४% वा सो भन्दा बढी तामा
- ०.४% वा सो भन्दा बढी सीसा (लिड)
- १.६५% वा सो भन्दा बढी मैगगानीज
- ०.०८% वा सो भन्दा बढी मोलिव्डेनम
- ०.३% वा सो भन्दा बढी निकेल
- ०.०६% वा सो भन्दा बढी नियोबियम
- ०.६% वा सो भन्दा बढी सिलिकन
- ०.०५% वा सो भन्दा बढी टिटानियम

- ०.३% वा सो भन्दा बढी टंगस्टेन (वुल्फ्राम)
- ०.१% वा सो भन्दा बढी भेनेडियम
- ०.०५% वा सो भन्दा बढी जाइक्रोनियम
- ०.१% वा सो भन्दा बढी भिन्दा भिन्दै रुपमा रहेका अन्य तत्वहरु (सल्फर, फोस्फोरस, कार्वन र नाइट्रोजन बाहेक)

(छ) **फलाम वा इस्पातका पुनः पगाल्न हुने (रिमेल्टिंग) पत्रुका ढिका (इन्गोट)**

कच्चा फलाम (पिग आयरन), स्पिगलाइजन (ढलुवा फलामको एक किसिम) को फलाम-मिश्रधातुहरु (फेरा-एल्वायज) वा रासायनिक बनौटसंग मेल नखाने, प्रत्यक्ष सतह त्रुटी भएको, फिडर-हेड्स वा हट टप्स रहित लाप्साहरु वा पिण्डहरुको रुपमा मोटामोटी रुपमा ढालिएका उत्पादनहरु ।

(ज) **दाना (ग्रान्यूल)**

१ मि.मि.छिद्र भएको जालीदार चाल्नोबाट तौलमा ९०% भन्दा कम छिर्ने र ५ मि.मि.छिद्र भएको जालीदार चाल्नोबाट ९०% भन्दा बढी छिर्ने वा चालिने उत्पादनहरु ।

(झ) **अर्ध तयारी उत्पादनहरु**

प्राथमिक ताप-वेलित (हट रोलिङ्ग) गरिएको वा नगरिएको, लगातार ढलाई (कन्टिन्यूयस काष्ट) गरेको ठोस खण्ड भएका उत्पादनहरु; र प्राथमिक ताप-वेलन (हट रोलिंग) भन्दा बढी काम नगरिएको वा आघात (घनको पिटाइ) बाट (फोर्जिङ्गद्वारा) मोटामोटी आकार दिइएका कोण (एङगल्स) आकृति (शेप्स) वा खण्ड (सेक्सन्स) को निमित्तको ब्लैंक समेतका ठोस खण्ड (सोलिड सेक्सन) का उत्पादनहरु ।

यस्ता उत्पादनहरु कुण्डली वा बेह्रिएको (क्वाइल) रुपमा प्रस्तुत हुँदैनन् ।

(ञ) **चेप्टो वेलित (फ्ल्याट रोल्ड) उत्पादनहरु**

माथि (झ) मा भएको परिभाषासंग मेल नखाने वर्गाकार बाहेकका ठोस चतुर्भुजाकार तेर्सो खण्ड (क्रस -सेक्सन) को देहायको रुपमा भएको वेलित (रोल्ड) उत्पादनहरु :

- एक पछि अर्को तह गरी मिलाइएको (सक्सेसिभली सुपर इम्पोज्ड) बेह्रिएको कुण्डली (क्वाइल)हरु, वा
- ४.७५ मि.मि.भन्दा कम मोटाइको भएमा मोटाइको कमसेकम १० गुणा चौडाई भएका वा ४.७५ मि.मि.वा सो भन्दा बढी मोटाई छ भने १५०

मि.मि.भन्दा बढी चौडाइ भएको र मोटाइको कमसेकम दुई गुना नाप भएको सोझो लम्वाइ (स्ट्रेट लेङ्थ) का ।

चेप्टो बेलित उत्पादनहरु (फ्ल्याट रोल्ड) मा बेलिंदा (रोलिंग) का समयमा सोझै बनेका उच्चावच (रिलिफ) चिन्ह वा बुट्टा (प्याटर्न) भएका (उदाहरणको लागि, खांच (ग्रुभ्स), धर्सा (रिब्स), अग्लो होचो (चेकर्स), धांजा (टियर्स), थोप्लाथोप्ली (बट्टन्स), चारकुने आकृति (लोजेन्ज)) र प्वाल परिएका (पर्फोरेटेड), गरा गरा पारी दोब्र्याइएको (कोरुगेटेड) वा चम्काइएको (पोलिस्ड) तर यसो गर्दा ती वस्तुमा अन्य शीर्षकहरुका वस्तु वा उत्पादनको लक्षण भने नआउने वस्तुहरुलाई समावेश गरिन्छ ।

अन्य शीर्षकहरुको उत्पादन वा वस्तुहरुको लक्षण धारण नगर्ने भएमा, चतुर्भुज वा वर्गाकार आकृति बाहेकको, जस्तो सुकै नाप(साइज) को भए पनि ६०० मि.मि. चौडाइको उत्पादनको रुपमा चेप्टो वेलित (फ्ल्याट रोल्ड) उत्पादनहरुलाई वर्गीकरण गरिनेछ ।

(ट) **ताप बेलित (हट रोल्ड), असममित (इर्रेगुलर्ली) रुपले कुण्डली (क्वाइल) मा बेह्रिएका छड र डण्डीहरु (बार्स र रड्स)**

बृत्त (सर्कल), बृत्तखण्ड (सेगमेण्ट अफ सर्कल), दीर्घ बृत्ताकार (ओभल), चतुर्भुज (बर्गाकार समेत),त्रिभुजाकार वा अन्य उत्तल (कन्भेक्स) बहुभुज पोलिगन) ("चेप्टयाइएका" वा "समतलित बृत्तहरु" (फ्ल्याटेण्ड सर्कल्स) र "परिवर्तित चतुर्भुजहरु" (मोडिफाइड् रेक्टयाङ्गल्स), जसका सम्मुखका भुजाहरु उत्तल चाप (कन्भेक्स आर्क) को रुपमा, अन्य दुइ भुजाहरु भने सिधा (स्ट्रेट), बराबर लम्वाइका (इक्वल लेङ्थ) र समानान्तर रुपमा हुन्छन् समेत) आकारमा ठोस तिर्यक परिच्छेद (क्रस् सेक्सन) भएका, असममित (इर्रेगुलर) रुपले कुण्डली आकार (क्वाइल) मा बेह्रिएका (वाउण्ड) ताप-बेलित उत्पादनहरु । यस्ता उत्पादनहरुमा बेलन (रोलिङ्ग) प्रक्रिया (छड र डण्डीलाई सवलीकरण) गरिदाका बखत भंगुरीकरण (इण्डेण्टेशन), धर्सा (रिब्स), खांच (ग्रुभ्स) वा अन्य विकृतिहरु (डिफोर्मेसन) उत्पन्न भएका हुन सक्तछन् ।

(ठ) **अन्य छड र डण्डीहरु**

माथिका (झ), (ञ) वा (ट) का कुनै पनि परिभाषासंग नमिल्ने वा बृत्त (सर्कल), बृत्तखण्ड (सेगमेण्ट अफ सर्कल), दीर्घबृत्त (ओभल), चतुर्भुज (वर्गाकार समेत), त्रिभुजाकार वा अन्य उत्तल (कन्भेक्स) बहुभुज (पोलिगन) ("चोट्याइएको" वा "समतलित बृत्तहरु" (फ्लाटेण्ड सर्कल्स) र "परिवर्तित चतुर्भुजहरु" (मोडिफाइड् रेक्टयाङ्गल्स),जसका सम्मुखका भुजाहरु उत्तल चाप (कन्भेक्स आर्क) को रुपमा, अन्य दुइ भुजा भने सीधा, बरावर लम्वाइका र

समानान्तर रुपमा हुन्छन, समेत) आकारमा सम्पूर्ण लम्बाइ भरी एक समान ठोस तिर्यक परिच्छेद भएको तार (वायर) को परिभाषासंग मेल नखाने खालका उत्पादनहरु । त्यस्ता उत्पादनहरु देहाय बमोजिमका हुन सक्तछन् :

- बेलन प्रक्रिया (छड र डण्डीलाई सवलीकरण) गरिंदाका बखत भंगुरीकरण (इण्डेन्टेसन), धर्साहरु (रिब्स),खांचहरु (ग्रुभ्स) वा अन्य विकृतिहरु (डिफोर्मेसन) उत्पन्न भएका;
- बेलन प्रक्रिया पछि बटारिएको (ट्विस्टेड्) ।

(ड) **कोण (एङ्गल्स) आकृति (शेप्स) र खण्ड (सेक्सन्स)**

सम्पूर्ण लम्बाई भरी समान रुपको ठोस तिर्यक परिच्छेद (क्रस सेक्सन) भएका माथिका (झ), (ञ), (ट) वा (ठ) मध्ये कुनै पनि परिभाषासंग वा तार (वायर) को परिभाषासंग मेल नखाने उत्पादनहरु।

शीर्षक ७३.०१ वा ७३.०२ को उत्पादनहरु भाग ७२ मा समावेश हुंदैनन् ।

(ढ) **तार (वायर)**

चेप्टो बेलिएको (फ्ल्याट रोल्ड) उत्पादनहरुको परिभाषासंग नमिल्ने, सम्पूर्ण लम्बाई भरि कुनै समान रुपको ठोस तिर्यक् परिच्छेद (क्रस सेक्सन) भएको, कुण्डली (क्वायल) मा भएको अतप्त निर्मित(कोल्ड फोर्म्ड) उत्पादनहरु ।

(ण) **खोक्रो बर्मा (ड्रिल) को छड र डण्डी**

बर्मा (ड्रिल) को लागि उपयुक्त जतिसुकै तिर्यक परिच्छेद (क्रस सेक्सन) को तिर्यक परिच्छेदको सर्वाधिक बाहिरी आयाम (डाइमेन्सन) १५ मी. मी. भन्दा बढी तर ५२ मी.मी. भन्दा कम भएको, सर्वाधिक आन्तरिक आयाम सर्वाधिक बाहिरी आयामको आधामा नबढ्ने गरी रहेको हुन्छ । फलाम वा इस्पातका यस परिभाषासंग मेल नखाने खोक्रा छड र डण्डीहरुलाई शीर्षक ७३.०४ मा वर्गीकरण गरिन्छ ।

२. **आर्थिक ऐन २०६८ को अनुसूची १ को दफा २ देखि २० सम्मका सम्पूर्ण व्यवस्थाहरू खारेज गरी सोको सट्टा देहायका व्यवस्थाहरू राखिएका छन् । यस अनुसूचीको दफा १ मा जुनसुकै कुरा उल्लेख भएतापनि देहायका दफाहरूमा उल्लिखित व्यवस्थाहरूको सम्बन्धमा देहाय बमोजिम नै हुनेछ :-**

यात्रुहरूले भन्सार महसुल छूटमा ल्याउन पाउने मालवस्तु बाहेक निजी गुण्टा झिटी भारी सम्बन्धी सूचना अनुसार विदेशबाट आफूसँग ल्याएको (एकम्पनिड) वा आफू आउनुभन्दा अघि वा पछि ल्याएको (अनएकम्पनिड) मालवस्तुमा भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करको सट्टा देहाय बमोजिम एकमुष्ट समदरबाट भन्सार महसुल लाग्नेछ :-

(क) भन्सार दर माफी भएका मालवस्तुमा पन्ध्र प्रतिशत,

(ख) पाँच प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा बीस प्रतिशत,

(ग) दश प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा पच्चीस प्रतिशत;

(घ) पन्ध्र प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा तीस प्रतिशत;

(ङ) बीस प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा पैंतीस प्रतिशत;

(च) तीस प्रतिशत भन्सार महसुल लाग्ने मालवस्तुमा पचास प्रतिशत,

तर,

(१) चाँदीका गहना, चुरोट, पाइप टोवाको, मदिरा सवारी साधनहरु, हातहतियार, खरखजाना एवं अन्य आयात इजाजतपत्र लिई पैठारी गर्न पाइने मालवस्तुहरुमा दरबन्दी बमोजिम नै महसुल लाग्नेछ ।

(२) सुन, सुनका गहना र चाँदीमा दफा १४ को उपदफा (३) को खण्ड (झ) मा उल्लेख भए बमोजिमको दर लाग्नेछ ।

(३) सम्वत २०६५ साल कात्तिक १ गते नेपाल राजपत्रमा प्रकाशित निजी गुण्टा झिटी भारी सम्बन्धी सूचनाको दफा १ को उपदफा (२) को खण्ड (क) मा उल्लिखित टेलिभिजन मध्ये एल.सी.डी., प्लाज्मा वा

एल.इ.डी. टेलिभिजनमा दफा १९ को उपदफा (१५) बमोजिम महसुल लाग्नेछ ।

(४) सम्वत २०६५ साल कात्तिक १ गते नेपाल राजपत्रमा प्रकाशित निजी गुण्टा, भिटी भारी सम्बन्धी सूचनामा तोकिएको परिमाणभन्दा बढी भएको मालवस्तुमा लाग्ने महसुलको शत प्रतिशत थप गरी असुल गरिनेछ ।

३. भारतमा उत्पादित मालवस्तु भारतबाटै नेपालभित्र पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुलमा तीस प्रतिशतसम्मको दरमा सात प्रतिशत र सोभन्दा बढीका दरहरूमा पाँच प्रतिशत छुट दिइनेछ ।

४. जनवादी गणतन्त्र चीनमा उत्पादित मालवस्तु चीनको स्वशासित क्षेत्र तिब्बतबाट नेपालभित्र प्रतीतपत्रको माध्यमबाट पैठारी हुँदा मूल्यगत दर (परिमाणगत दर बाहेक) अनुसार लाग्ने भन्सार महसुल दरमा चार प्रतिशत छुट दिइनेछ ।

५. सार्क मुलुकमा उत्पादित साप्टा सम्झौता अन्तर्गत तोकिएका मालवस्तु सोही मुलुकमा प्रतीतपत्र खोली बिल बिजक बनी सोही मुलुकबाटै सिप्मेण्ट भई पैठारी भएमा तोकिएको दरमा भन्सार महसुल छुट दिइनेछ ।

६. यस अनुसूचीको दफा २० मा उल्लिखित नेपाल सरकारको संवेदनशील सूचीमा परेका मालवस्तुहरू र यसै अनुसूचीको दफा २१ मा उल्लिखित मालवस्तुहरु बाहेक सार्क मुलुकमा उत्पादित अन्य मालवस्तुहरू सोही मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकबाटै बिल/बिजक बनी सोही मुलुकबाटै साफ्टा उत्पत्तिको प्रमाणपत्र सहित पैठारी भएमा २०६२ साल पुस १७ गते कायम रहेको देहाय अनुसारको भन्सार महसुल दरमा आंशिक छुट दिई देहाय बमोजिमको दरमा भन्सार महसुल असुल गरिनेछ ।

१७ पुस २०६२ मा कायम रहेको भन्सार महसुल दर	सार्क मुलुकहरूबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर
५%	५%
१०%	६.५%
१५%	८.२५%
२५%	११.७५.%
३५%	१४.५%
४०%	१४.५%
८०%	१४.५%

तर,

(क) सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भनी माथि उल्लेख भएकोभन्दा यस आर्थिक अध्यादेशद्वारा तोकिएको भन्सार महसुल दर घटी भएमा सोही दर बमोजिम महसुल असुल गरिनेछ ।

(ख) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस अनुसूचीको अन्य दफाहरूबाट भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको कारणले यस दफा अनुसार लाग्ने महसुलभन्दा घटी महसुल लाग्ने वा महसुल नलाग्ने भएमा सोही बमोजिम हुनेछ ।

(ग) २०६२ साल पुस १७ मा कायम नरहेका तर यस अनुसूचीको दफा १ मा रहेका तथा यस अनुसूचीको दफा २० तथा दफा २१ मा नपरेका उपशीर्षकहरूमा उल्लिखित मालवस्तुहरु दफा ६ बमोजिम सार्क मुलुकबाट पैठारी गर्दा उक्त दफामा उल्लिखित सार्क मुलुकहरुबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर नै लाग्नेछ ।

७. सार्क मुलुकमा उत्पादित यस अनुसूचीको दफा २१ मा उल्लिखित उपशीर्षकहरुका मालवस्तुहरू सोही मुलुकमा प्रतीतपत्र खोली सोही मुलुकबाटै बिल/बिजक बनी सोही मुलुकबाटै साफ्टा उत्पत्तिको प्रमाणपत्र सहित पैठारी भएमा २०६७ साल कात्तिकमा कायम रहेको देहाय अनुसारको भन्सार महसुल दरमा आंशिक छुट दिई देहाय बमोजिमको दरमा भन्सार महसुल असुल गरिने छ ।

२०६७ साल कात्तिकमा कायम रहेको भन्सार महसुल दर	सार्क मुलुकहरूबाट पैठारी गर्दा लाग्ने भन्सार महसुल दर
५%	५%
१०%	९.५.%
१५%	१४.५%
२०%	१९.%
२५%	२२.५%
३०%	२८.५%
८०%	७१%

तर,

(क) सार्क मुलुकबाट पैठारी गर्दा लाग्ने भनी माथि उल्लेख भएको भन्दा यस आर्थिक ऐनद्वारा तोकिएको भन्सार महसुल दर घटी भएमा सोही दरबमोजिम महसुल असुल गरिनेछ ।

(ख) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यस अनुसूचीको अन्य दफाहरूबाट भन्सार महसुल पूर्ण वा आंशिक छुट दिइएको कारणले यस दफा

अनुसार लाग्ने महसुल भन्दा घटी महसुल लाग्ने वा महसुल नलाग्ने भएमा सोही बमोजिम हुनेछ ।

८. यस अनुसूचीमा उल्लेख भएबमोजिम कुनै मालवस्तुमा दिइएको छुट प्रदान गर्दा दोहोरो नपर्ने गरी कुनै एक छुट मात्र प्रदान गरिनेछ ।

९. **<u>पुराना सवारी साधन एवं यन्त्र उपकरणहरूको मूल्य कायम गर्दा देहाय बमोजिम ह्रासकट्टी गरिने छ</u> :-**

(१) कूटनीतिक सुविधा वा महसुल सुविधामा पैठारी भएका वा आयोजना वा आयोजनाको ठेकेदार वा परामर्शदाताका नाममा पछि फिर्ता लैजाने शर्तमा पूर्ण वा आंशिक महसुल सुविधा वा बैङ्क ग्यारेण्टी वा धरौटीमा पैठारी भएका वा अन्य संघ, संस्थाको नाममा पूर्ण वा आंशिक भन्सार महसुल छूटमा पैठारी भएका सवारी साधन एवं यन्त्र उपकरण नेपालभित्र कसैलाई उपहार दिएमा वा बिक्री गरेमा वा पैठारी गर्नेले आफ्नै प्रयोजनको लागि राख्ने भएमा त्यस्ता सवारी साधन एवं यन्त्र उपकरणहरूको भन्सार महसुल लिने प्रयोजनको लागि भन्सार अधिकृतले पैठारी हुँदाको अवस्थामा कायम भएको मूल्यमा (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) वार्षिक दश प्रतिशतको दरबाट अधिकतम पाँच वर्षको ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ ।

(२) उपदफा (१) बाहेक निजी प्रयोगका लागि आंशिक भन्सार महसुल छूटमा व्यक्तिगत रुपमा आयात भएका सवारी साधनहरू अन्य व्यक्तिलाई बिक्री गर्ने वा हक हस्तान्तरण गर्ने भएमा भन्सार महसुल लिने प्रयोजनको लागि मूल्य कायम गर्दा वार्षिक दश प्रतिशतका दरले अधिकतम पाँच वर्षको (प्रत्येक वर्षको अवशिष्ट मूल्यमा) ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ ।

तर उत्पादन भएको मितिले दश वर्ष व्यतित भइसकेका सवारी साधनहरूको हकमा पैठारी हुँदा कायम भएको मूल्यमा साठी प्रतिशत ह्रासकट्टी गरी मूल्य कायम गरिनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पैठारी भएका सवारी साधनहरूको पैठारीका अवस्थामा कायम भएको मूल्य अन्य त्यस्तै सवारी साधनहरूको मूल्यभन्दा धेरै कम भएको अवस्थामा बाहेक सामान्यतः पैठारी गर्दा कायम गरेको विदेशी मुद्रालाई आधार मानी उपदफा (१) वा (२) बमोजिम मूल्य कायम गरिनेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम सवारी साधनहरूमा ह्रासकट्टी गर्दा उक्त सवारी साधनको उत्पादन मितिदेखि गणना गरिनेछ र पैठारी हुनु पूर्व विदेशमा व्यतित भएको अवधि कटाई बाँकी अवधिको मात्र ह्रासकट्टी गरिनेछ ।

१०. हवाइमार्गबाट व्यापारिक रुपमा पैठारी गरिने मालवस्तुको भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (३) बमोजिम भन्सार कार्यालयमा मूल्य घोषणा गर्दा पैठारीकर्ताले

मालवस्तुको मूल्य, भाडा तथा बीमा रकम छुट्टाछुट्टै घोषणा गर्नु पर्नेछ । पैठारीकर्ताले घोषणा गरेको भाडा रकम र एयर वे बिलमा उल्लिखित भाडा रकममध्ये जुन बढी देखिन्छ सोही भाडा रकमलाई समावेश गरी मूल्य निर्धारण गरिनेछ । एयर वे बिलमा भाडा रकम उल्लेख नभएको र पैठारीकर्ताले घोषणा गरेको भाडा रकम वास्तविक भाडा रकमभन्दा कम देखिएमा भन्सार अधिकृतले उक्त मालवस्तु हवाइमार्गबाट पैठारी गर्दा लाग्न सक्ने अनुमानित भाडा रकम समेत समायोजन गरी मूल्य निर्धारण गर्नु पर्नेछ । हवाइमार्गबाट मालवस्तु पैठारी गर्दा लाग्ने भाडा रकमको जानकारी भन्सार अधिकृतले सम्बन्धित हवाई सेवाबाट लिन सक्नेछ । यसरी भन्सार अधिकृतले मालवस्तुमा लागेको वा लाग्न सक्ने भाडा रकमको जानकारी मागेको बखत त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित हवाई सेवाको कर्तव्य हुनेछ ।

तर, एयर वे बिलमा उल्लिखित भाडा रकम र सम्बन्धित हवाई सेवाले वास्तविक रुपमा असुल गरेको भाडा रकम फरक भएमा सम्बन्धित हवाइ सेवाले वास्तविक भाडा रकम असुल गरी जारी गरेको नगदी रसीदलाई मान्यता दिन सकिनेछ ।

११. **निर्यात हुने वस्तुको कच्चा पदार्थ धरौटीमा पैठारी गर्न सकिने** : बण्डेड वेयर हाउसको इजाजत नलिएका उद्योगहरूले आफ्नो उत्पादन प्रतीतपत्रको माध्यमद्वारा वा प्रचलित बैकिङ्ग कागजातको माध्यमबाट निकासी गर्ने वा परिवर्त्य विदेशी मुद्रामा स्वदेशमै बिक्री गर्ने भएमा त्यस्तो मालवस्तु उत्पादन गर्न आवश्यक कच्चा पदार्थ, सहायक कच्चा पदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा लाग्ने भन्सार महसुल निम्न लिखित शर्त र कार्यविधिको अधिनमा रही धरौटी राखी पैठारी गर्न पाउनेछ । नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलको हकमा उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी सुविधा दिन सिफारिस गरेको अवस्थामा मात्र यस्तो सुविधा दिइनेछ ।

(क) यस्ता उद्योगहरूले यस दफा बमोजिम पैठारी गर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा तयारी वस्तु निकासी गर्ने व्यहोरा जनाई उक्त कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा दरबन्दी अनुसार लाग्ने भन्सार महसुल धरौटीमा जांचपास गर्ने व्यवस्थाको लागि तोकिएको ढाँचामा भन्सार अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) उक्त निवेदनको आधारमा, पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने भन्सार महसुल बापतको रकम धरौटीमा राखी जाँचपास गरिनेछ । साथै कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ
(प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा वा निकासी प्रक्रिया पूरा गरेपछि सोको

विवरण पैठारीकर्तालाई दिइने निर्धारित ढाँचाको पासबूकमा स्पष्टसँग उल्लेख गरिनेछ ।

(ग) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित तयारी मालवस्तु वाह्र महिनाभित्र निकासी वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिसक्नु पर्नेछ ।

(घ) उद्योगले आफ्नो उत्पादन परिवर्त्य विदेशी मुद्रामा स्वदेशमा बिक्री गर्दा नेपाल सरकारबाट आंशिक वा पूर्णरुपमा महसुल सुविधा पाएको आयोजना वा निकायलाई बिक्री गर्ने भएमा मात्र उपर्युक्त बमोजिमको सुविधा प्रदान गरिनेछ ।

(ङ) यसरी निकासी वा परिवर्त्य विदेशी मुद्रामा स्वदेश मैं बिक्री गरेको प्रमाण, बैङ्कद्वारा प्रमाणित विदेशी मुद्रा आर्जन भएको कागजात वा वस्तु विनिमय अन्तर्गत मालवस्तु निकासी भएको भए सोवापत मालवस्तु पैठारी भएको प्रमाण र उद्योग विभागको खपत अनुपातको प्रमाण सहित तोकिएको ढांचामा उक्त धरौटी फुकुवा वा फिर्ताको लागि खण्ड (ग) बमोजिमको अवधिभित्रै सम्बन्धित भन्सार कार्यालयमा निवेदन गर्नुपर्नेछ ।

तर, वन्द, हड्ताल वा प्राकृतिक प्रकोप वा अन्य यस्तै कावुवाहिरको परिस्थिति परी खण्ड (ग) बमोजिमको अवधिभित्र तयारी मालवस्तु निकासी गर्न वा स्वदेशमै परिवर्त्य विदेशी मुद्रामा विक्री गर्न वा विदेशी मुद्रा आर्जन गरेको प्रमाण पेश गर्न नसकेको व्यहोरा जनाई भन्सार कार्यालयका प्रमुख समक्ष निवेदन दिएमा र व्यहोरा मनासिव देखिएमा भन्सार कार्यालयका प्रमुखले बढीमा छ महिनासम्मको म्याद थप गर्न सक्नेछ । यसरी थप भएको म्यादभित्र यस उपदफामा उल्लिखित कागजात सहित निवेदन गरेमा धरौटी रकम फुकुवा गरिनेछ ।

(च) धरौटी फुकुवाको लागि खण्ड (ङ) बमोजिमको अवधिभित्र निवेदन गरेपछि पेश भएका कागजातको छानविन गरी एक महिनाभित्र धरौटी फुकुवा गरिनेछ । यसरी धरौटी फुकुवा भएको विवरण पासबूकमा जनाइदिनु पर्नेछ ।

(छ) उद्योगले यस दफा बमोजिम पैठारी गर्ने कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) मा लाग्ने भन्सार महसुलमा फुकुवा भएको धरौटी मिलान गरी पासवुकमा जनाइनेछ । एक महिनासम्म त्यस्तो फुकुवा भएको धरौटी मिलान हुन नसकेमा त्यस्तो बढी भएको धरौटी रकम फिर्ता दिइनेछ ।

(ज) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट तयारी वस्तु बनाई निकासी गर्दा पैठारीको

अवस्थाको कारोबार मूल्यमा कम्तीमा दश प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ ।

(झ) यस दफा बमोजिम पैठारी भएको कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) बाट उत्पादित मालवस्तु शर्त बमोजिम पूर्ण वा आंशिक निकासी नगरेमा वा स्वदेशमै खण्ड (ग) अनुसार परिवर्त्य विदेशी मुद्रामा बिक्री नगरेमा स्थानीय बिक्री मानी स्थानीय बिक्री गरे जतिको हकमा नियम अनुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसुलको दश प्रतिशत जरिबाना समेत पैठारीकर्ताबाट असुल गरिनेछ ।

(ञ) यसरी धरौटीमा कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्ने र त्यसबाट निर्मित मालवस्तु निकासी गर्ने प्रयोजनका लागि भन्सार विभागले भन्सार कार्यालयहरू तोक्नेछ ।

तर, उद्योगले यस्तो सुविधामा कच्चा पदार्थ वा सहायक कच्चा पदार्थ (प्याकिङ्ग मेटेरियल समेत) पैठारी गर्दा भन्सार विभागले तोकेकोमध्ये कुनै एउटा भन्सार कार्यालयबाट मात्र गर्नु पर्दछ ।

१२. **सवारी साधन पैठारी सम्बन्धी विशेष व्यवस्था** : (१) सवारी वा ढुवानीका साधनहरु पैठारी गर्दा देहायका शर्तहरु पालना गर्नु पर्नेछ :-

(क) निर्माता कम्पनी वा निजको आधिकारिक बिक्रेताबाट खरिद गरिएका नयाँ सवारी वा ढुवानीका साधनहरु नेपालस्थित आधिकारिक बिक्रेताहरुले मात्र पैठारी गर्न पाउने छन् ।

(ख) रिकण्डीसन्ड, प्रयोग भइसकेको वा नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ भित्र नपर्ने सवारी वा ढुवानीका साधनहरु पैठारी गर्न पाइने छैन ।

(ग) बिक्री गर्ने प्रयोजनको लागि खण्ड (क) बमोजिम पैठारी गरेका सवारी वा ढुवानीका साधनहरुको पैठारीकर्ताले एक वर्षमा तीन पटक (प्रत्येक चार महिनामा) त्यस्ता साधनहरुको अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) राष्ट्रिय स्तरको दैनिक पत्रिकामा अनिवार्यरुपले प्रकाशित गर्नु पर्नेछ ।

(घ) खण्ड (ग) बमोजिम पैठारी भएका सवारी वा ढुवानीका साधनहरुको अधिकतम खुद्रा बिक्री मूल्य (एम.आर.पी.) प्रकाशित नगर्ने आयातकर्ताहरुको भन्सार विभागले आयात तथा बिक्री कारोबार रोक्का राखी छानविन गर्न सक्नेछ ।

(ङ) यस उपदफाको खण्ड (क) तथा खण्ड (ख) मा उल्लिखित शर्तहरु उल्लङघन गरी पैठारी गरिएका सवारी वा ढुवानीका साधनहरु जफत गर्न सकिनेछ ।

तर,

(१) सरकारी निकाय, कूटनैतिक वा महसुल सुविधा प्राप्त व्यक्ति वा निकाय, ऋण तथा अनुदान सहयोगमा सञ्चालित सरकारी आयोजनाहरुले पैठारी गर्ने सवारी तथा ढुवानीका साधनहरु तथा अपाङ्गहरुले आफ्नो प्रयोजनको लागि पैठारी गर्ने स्कुटरमा यस उपदफाको खण्ड (क) लागू हुने छैन ।

(२) दमकल पैठारी गर्दा यस उपदफाको खण्ड (क) तथा (ख) लागू हुने छैन ।

(३) एक वर्षभन्दा बढी विदेशस्थित नेपालको कूटनीतिक नियोगमा काम गरी कार्य अवधि समाप्त भई फर्केका नेपाली नागरिकहरूले विदेशमा आफ्नो नाममा दर्ता गरी आफैंले प्रयोग गरेको सवारी साधन वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिसमा पैठारी गर्न सक्नेछन् ।

तर, नेपालस्थित विदेशी कूटनीतिक नियोग वा कूटनीतिज्ञ वा नियोगमा काम गर्ने कर्मचारीहरुले पुरानो वा प्रयोग गरेको सवारी साधन पैठारी गर्न पाउने छैनन् ।

(२) कार्नेट अन्तर्गत पर्यटकहरूले ल्याएका व्यक्तिगत प्रयोगका यातायातका साधनहरू नेपालभित्र अस्थायी रुपमा प्रथम पटक प्रवेश गरेको मितिले एक वर्षको अवधिमा लगातार वा पटक पटक गरी जम्मा छ महिनाको अवधिसम्म नेपालभित्र विना महसुल राख्न पाउनेछन् । यसरी ल्याइएका (पैठारी भएका) यातायातका साधनहरू छ महिनाभित्र फिर्ता नलगेमा स्वतः जफत हुनेछ । तर दुर्घटना भई प्रहरी कब्जामा रहेको वा मर्मतको लागि वर्कशपमा रहेको भनी प्रहरी कार्यालयले सिफारिस गरेको अवधि भने भन्सारले कार्नेटमा तोकिदिएको अवधिमा गणना हुने छैन । यसरी कार्नेट अर्न्तगत पैठारी भएका सवारी साधनहरू दान, दातव्य वा उपहार दिन वा बिक्री गर्न पाइने छैन । कार्नेट अर्न्तगत सवारी साधनसाथ रहेका मालवस्तुहरू सवारी साधन साथ फिर्ता लैजान पर्ने व्यहोरा कार्नेटमा जनाई छाड्न सकिनेछ ।

(३) कार्नेट बाहेक अस्थायी तवरबाट पैठारी गरी ल्याएका मोटरकार, स्टेशन वाइगन, लैण्डरोभर, जीप, ट्रक, ट्रयाक्टर, लहरी, भ्यान र मोटरसाइकल आदि साधनहरू र तिनका टेलर समेतमा देहाय बमोजिम भन्सार महसुल लगाई असुलउपर गरिनेछ :-

(क) अस्थायी पैठारी गरी ल्याएको ट्रयाक्टरमा दैनिक दुइसय रुपैंयाका दरले पैठारी महसुल असुल गरिनेछ । तर ट्रेलर फिट भएको ट्रयाक्टर वा ट्रेलर मात्र अस्थायी पैठारी गरी ल्याएमा प्रति दिन चार सय रुपैंयाका दरले महसुल असुल गरिनेछ । तर मालवस्तु बोकी ल्याएका ट्रेलर सहितको ट्रयाक्टर अठ्चालिस घण्टाभित्र रित्तै फर्कि गएमा सो ट्रयाक्टरको महसुल लिइने छैन । यसरी पैठारी गरी ल्याएको ट्रयाक्टर, ट्रेलर वा ट्रेलरसहितको ट्रयाक्टर तीस दिनभन्दा बढी नेपालमा राख्न पाइने छैन ।

(ख) अस्थायी तवरबाट पैठारी गरिएका र कार्नेट नभएका सवारी साधनहरू पैठारी हुँदा कार, जीप र भ्यानमा दैनिक चार सय रुपैंया, बस, मिनिबस लगायतका टुरिष्ट गाडीमा दैनिक चार सय रुपैंया, मोटरसाइकल तथा स्कुटरमा दैनिक एक सय रुपैंया र तीन पाङ्ग्रे सवारी साधनमा दैनिक तीन सय रुपैंया महसुल लाग्नेछ । यसरी महसुल तिरी अस्थायी पैठारी भएका सवारी साधनहरू एक वर्षमा तीस दिनभन्दा बढी नेपालभित्र राख्न पाइने छैन ।

तर,

(१) यसरी पैठारी भएका सवारी साधनहरु नजिकको बजारसम्म पुगी प्रवेश गरेकै दिन फर्कने भएमा कुनै महसुल लाग्ने छैन ।

(२) दुई देशबीच भएको सम्झौता वा सहमति बमोजिम सञ्चालन गरिने यात्रुवाहक बस तथा मिनिबसहरू अस्थायी पैठारी गर्दा सम्झौता वा सहमतिमा तोकिएबमोजिम हुनेछ ।

(३) चलचित्र छायाँकन, शैक्षिक प्रदर्शन तथा सामाजिक जनचेतना अभिबृद्धिका निमित्त संयन्त्र जडित भई आउने विशेष प्रकारका सवारी साधनहरुको लागि यस खण्डमा उल्लिखित समयावधिले नपुग हुने भई सम्बन्धित कार्यालय प्रमुखको राय सहित लेखी आएमा महानिर्देशकले नियम अनुसारको महसुल लिई बढीमा तीन महिनासम्मको म्याद थप गरिदिन सक्नेछ ।

(ग) मालवस्तुहरूको परिवहनको लागि अस्थायी पैठारी हुने ट्रेक्टर बाहेकका ट्रेलर ट्रक र अन्य गाडीहरूलाई अस्थायी रुपमा एकपटकमा सात दिनसम्म प्रति दिन आठ सय रुपैयाका दरले महसुल लिई पैठारी गर्न दिन सकिनेछ ।

(घ) अस्थायी पैठारी गरी ल्याएका सवारी र ढुवानीका साधनहरू अनिवार्यरुपमा फिर्ता लैजानु पर्नेछ । खण्ड (क), (ख) र (ग) मा उल्लिखित सवारी र ढुवानीका साधनहरू प्रज्ञापनपत्रमा घोषणा गरेको अवधिभन्दा बढी बसेको फेला परेमा वा नेपालभित्र झुट्ठा विवरण दिई बसेको ठहरेमा जफत गर्न सकिनेछ । फिर्ता लैजाने क्रममा मनासिव कारण भएमा सवारी साधनको मूल्यमा नबढ्ने गरी बढी बसेको अवधिको मोटरसाइकलमा दैनिक पाँचसय रुपैंयाका दरले र अन्य सवारी साधनमा दैनिक एक हजार रुपैयाका दरले महसुल असुल गरी फिर्ता लैजान दिन सकिनेछ ।

(ङ) विदेशबाट मालवस्तु ढुवानी गरी ल्याएको ट्रक र मालवस्तुसहितको कन्टेनर बोकी ल्याएको ट्रेलरलाई सो मालवस्तु गन्तव्यस्थलमा अनलोड गर्नको लागि र रित्तो कन्टेनर लिई आएको ट्रेलरलाई भन्सार क्षेत्रभित्र रहेको मालवस्तु लोड गर्नका निमित्त बहत्तर घण्टासम्म अस्थायी पैठारी महसुल लिइने छैन । यसरी नेपाल प्रवेश गरेका ट्रक वा ट्रेलरले भन्सार क्षेत्रबाहिरबाट मालवस्तु लोड गरी अठ्चालिस घण्टाभित्र फर्केमा एक दिनको मात्र अस्थायी पैठारी महसुल लिइनेछ ।

तर बन्द, हड्ताल, दैवीप्रकोप, दुर्घटना जस्ता कारणले वहत्तर घण्टाभित्र फिर्ता हुन नसकेकोले अस्थायी महसुल लाग्ने अवस्था भएमा भन्सार कार्यालयका प्रमुखले बढीमा अर्को तीन दिनसम्मको म्याद थप दिन सक्नेछ र यसरी म्याद थप दिइएको अवधिको महसुल लाग्ने छैन ।

(४) भाग ८७ को गाडी र तिनका चेसिस पैठारी भएकोमा जुन किसिमको सवारी साधनको चेसिस वा जुन किसिमको गाडी भनी महसुल बुझाएको छ सोही किसिमको सवारी साधनमा दर्ता गर्नु पर्नेछ । अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्नु परेमा भन्सार कार्यालयले, महसुल नपुग हुने भए सो रकम असुल गरी स्वीकृति दिएको अवस्थामा मात्र अर्को किसिमको सवारी साधनमा दर्ता गरी प्रयोग गर्न सकिनेछ र स्वीकृति नलिई दर्ता गरेको वा प्रयोगमा ल्याएको सवारी साधनहरू जफत गरिनेछ ।

(५) यस भागको शीर्षक ८७०२ को प्रयोजनका लागि सीट संख्या गणना गर्नु पर्दा नियमित सीट र ड्राइभर सिट गणना गरिनेछ । तर कण्डक्टर सीट एवं अन्य अतिरिक्त सीट तथा फोल्डीङ्ग सीटलाई गणना गरिने छैन ।

(६) सरकारी निकाय, जिल्ला विकास समिति, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँ विकास समिति तथा नेपाल सरकारको पूर्ण स्वामित्व रहेका संस्थाहरूले महसुल सुविधामा पैठारी गरेका पाँच वर्षभन्दा

पुराना गाडीहरू र यन्त्रोपकरण समेत लिलाम बिक्री गर्दा त्यसमा भन्सार महसुल लाग्ने छैन ।

तर, भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली २०६४ बमोजिम जफत भई नेपाल सरकारको निर्णयानुसार नेपाल सरकारको स्वामित्वमा रहेका सवारी साधन लिलाम गर्दा उपरोक्त पाँच वर्षको बन्देज लागू हुने छैन ।

(७) भाग ८७ मा व्यवस्था भए अनुसार अस्थायी पैठारी भएका सवारी तथा ढुवानी साधनहरू दुर्घटना भई वा अन्य अनुसन्धानको सिलसिलामा कब्जामा रहेको व्यहोरा सम्बन्धित प्रहरी वा राजस्व अनुसन्धान विभाग वा सो अन्तर्गत कार्यालयबाट प्रमाणित भएमा सो अवधिको लाग्ने महसुल मूल भन्सार कार्यालयको प्रमुखले मिनाहा दिन सक्नेछ ।

१३. **भन्सार सुविधा (कूटनीतिक सुविधा), पूर्ण वा आंशिक महसुल सुविधा, लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण वा मालवस्तुहरू सम्बन्धी व्यवस्था** : (१) नेपाल सरकारबाट भन्सार सुविधा (कूटनीतिक सुविधा) वा पूर्ण वा आंशिक महसुल सुविधा पाई वा नेपाल सरकारको निर्णयबाट एक प्रतिशत भन्सार महसुल लिई वा लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरू बिक्री गरेमा वा उपहार दिएमा वा आफैंले उपयोग गरेमा यस अनुसूची बमोजिम लाग्ने कुल भन्सार महसुलको साठी प्रतिशत छुटहुनेछ । आंशिक महसुल छूटमा पैठारी भएका सवारी साधनका हकमा पहिले तिरेको भन्सार महसुल रकम कट्टा गरी बाँकी महसुल असुल गरिनेछ ।

तर, यस्ता सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुहरू पैठारी गरेको मितिले पाँच वर्ष अवधि व्यतित भइसकेको हुनु पर्नेछ । भन्सार सुविधा (कूटनीतिक सुविधा) वा महसुल सुविधामा पैठारी भएका यस्ता सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तुको हकमा सो सुविधा कुनै व्यक्तिको हकमा उपलब्ध गराउँदा निजको नेपालमा पदाधिकार रहेको अवधिभर एकपटकमात्र दिइनेछ ।

(२) कुनै खास कार्य वा प्रयोजनको लागि अस्थायी तवरबाट पछि फिर्ता लैजाने शर्तमा लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरू उक्त कार्य समाप्त भएपछि नेपालभित्र कसैलाई उपहार दिई वा बिक्री गरी वा आफैले प्रयोग गर्ने गरी महसुल बुझाई सकेको अवस्थामा बाहेक तीन महिनाभित्र फिर्ता लगिसक्नु पर्नेछ । यसरी तोकिएको अवधिभित्र फिर्ता नलगेका वा महसुल नबुझाएका सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरू नेपाल सरकारले म्याद थप दिएको अवस्थामा बाहेक जफत गरिनेछ ।

(३) उपदफा (२) को अवधिभित्र फिर्ता नलगेका वा महसुल नबुझाई म्याद नघाइ राखिएका सवारी साधन, यन्त्रोपकरण वा अन्य मालवस्तुहरूको यथार्थ सूचना

दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई त्यस्तो मालवस्तु लिलाम गरी प्राप्त हुने रकमको पन्ध्र प्रतिशत रकम पुरस्कार स्वरुप दिइनेछ ।

(४) नेपालभित्रका आयोजना सञ्चालनार्थ ती आयोजना वा ठेकेदारको नाममा पैठारी हुने सवारी र ढुवानीका साधन लगायतका निर्माण उपकरण र यन्त्रहरू समेतको सम्बन्धमा देहाय बमोजिम हुनेछ :-

(क) नेपाल सरकारसँग भएको सम्झौता वा नेपाल सरकारको निर्णयको अधिनमा रही आयोजना वा सम्बन्धित ठेकेदारको नाममा पैठारी भएको सवारी र ढुवानी साधन, निर्माण उपकरण र यन्त्रहरू लगायतका मालवस्तु समेत आंशिक भन्सार महसुल लिई वा महसुल बापतको बैङ्क ग्यारेण्टी लिई अस्थाई पैठारी गर्न दिइनेछ ।

(ख) यसरी पैठारी हुने सवारी र ढुवानी साधन लगायतका मालवस्तु पैठारी गर्दा प्रज्ञापनपत्रमै नेपालभित्र रहने अवधि उल्लेख गरी जांचपास गर्नु पर्नेछ । निर्धारित अवधिमा आयोजना सम्पन्न नभएको कारणले प्रज्ञापनपत्रमा उल्लिखित अवधिभन्दा बढी अवधिसम्म नेपालभित्र राख्नु पर्ने भएमा सम्बन्धित निकायबाट स्वीकृति लिई आयोजनाको अवधि थप भएको जानकारी भन्सार विभागलाई दिनु पर्नेछ । सो आधारमा भन्सार विभागले सम्बन्धित भन्सार कार्यालय एवं अन्य निकायलाई जानकारी गराउनेछ ।

(ग) उपर्युक्तानुसार पैठारी हुने सवारी र ढुवानी साधनको दर्ता गर्दा छुट्टै पहिचान हुने किसिमले दर्ता गर्नु पर्नेछ र परियोजना अवधि समाप्त भएपछि यस्ता साधनको नवीकरण गरिने छैन ।

(घ) यसरी पैठारी भएका सवारी साधन, यन्त्रोपकरण एवं मालवस्तु नेपालको एउटा आयोजनाबाट अर्को आयोजना सञ्चालनको लागि नेपाल सरकारले अनुमति दिएकोमा बाहेक भन्सार महसुल नतिरी लगत हस्तान्तरण गरिने छैन ।

(ङ) नेपाल सरकारले म्याद थप दिएकोमा बाहेक आयोजना सम्पन्न भएको मितिले तीन महिनाभित्र उपरोक्तानुसारका मालवस्तुहरू फिर्ता लगिसक्नु पर्नेछ ।

(च) खण्ड (ङ) बमोजिम फिर्ता नलगी आफैंले उपयोग गरेमा, कसैलाई उपहार दिएमा वा बिक्री गरेमा उल्लिखित अवधिभित्रै यस अनुसूचीबमोजिम लाग्ने महसुल बुझाई सक्नु पर्नेछ । यसरी म्यादभित्र फिर्ता नलगेका र महसुल पनि नबुझाएका उक्त सवारी साधन, यन्त्रोपकरण एवं अन्य मालवस्तुहरूको हकमा माथि उपदफा (२) मा लेखिएबमोजिम हुनेछ ।

(छ) तोकिएको अवधिभित्र फिर्ता नलगी वा महसुल नबुझाई म्याद नघाई राखेका यस्ता मालवस्तुहरूको यथार्थ सूचना दिई पक्राउ गर्न सहयोग गर्ने व्यक्तिलाई माथि उपदफा (३) बमोजिम पुरस्कार दिइनेछ ।

(ज) सम्बन्धित ठेकेदारले एउटा परियोजनाको नाममा पैठारी गरेको मालवस्तु फिर्ता नलगी वा महसुल नतिरी अर्को परियोजनाका लागि सोही ठेकेदारले सवारी साधन यन्त्रोपकरण एवं मालवस्तुहरू पैठारी गर्न पाउने छैन ।

१४. **<u>देहायका मालवस्तुहरूमा देहाय बमोजिम भन्सार महसुल छुट हुनेछ</u>** :

(१) **<u>भन्सार महसुल पूर्ण छुट हुने</u> :**

(क) निम्न उपशीर्षकहरूमा पर्ने मालवस्तुहरू

०५११९९१०	२५०१००९०	२७१६००००	४०१४१०००	४४०११०००
४४०१२१००	४४०१२२००	४४०१३१००	४४०१३९००	४४०२१०००
४४०२९०००	४४०३१०००	४४०३२०००	४४०३४१००	४४०३४९००
४४०३९१००	४४०३९२००	४४०३९९००	४४०४१०००	४४०४२०००
४४०६१०००	४४०६९०००	४४०७१०००	४४०७२१००	४४०७२२००
४४०७२५००	४४०७२६००	४४०७२७००	४४०७२८००	४४०७२९००
४४०७९१००	४४०७९२००	४४०७९३००	४४०७९४००	४४०७९५००
४४०७९९००	४९०२१०००	४९०२९०००	५००१००००	५१०१११००
५१०११९००	५१०१२१००	५१०१२९००	५१०१३०००	५२०१००००
५२०२१०००	५२०२९१००	५२०२९९००	५२०३००००	

(ख) उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने इथाइलिन ग्लाइकोल (उपशीर्षक २९०५.३१.००) र टेरिप्थेलिक एसिड र यस्का लवणहरू (उपशीर्षक २९१७.३६.००) ।

(ग) आंशिक चहकिलो पारिएको धागो (पी.ओ.वाई) उत्पाादन गर्ने उद्योगले उद्योग विभागले तोकेको हदसम्मका कच्चा पदार्थका खपत अनुपात, स्वदेशमा हुने उपभोग एवं विदेशमा हुने निकासीको आधारमा उद्योगले आयात गर्ने उपशीर्षक ३९०७.६०.०० मा पर्ने Pet Chips ।

(घ) भाग ३१ को मलखाद ।

(ङ) भाग ३२ का सिन्दूर, भाग ३९ र ७० मा पर्ने चुरा, टीका र टिकुली ।

(च) जूट उद्योगहरूले पैठारी गर्ने भाग ५३ को कच्चा जूट ।

(छ) देहाय बमोजिमका मालवस्तुहरु:

(१) नेपाल सरकारले पैठारी गर्ने हुलाक टिकट, पोष्टकार्ड, हवाईपत्र, राहदानी, अन्त:शुल्क टिकट,

(२) परम्परागत पात्रो, शीर्षक ४९.०१ तथा ४९.०३ का मुद्रित किताबहरू र शीर्षक ४९.०४ को किताब ।

तर नेपाली प्रकाशक, वितरक वा सोल एजेण्ट वा प्रतिलिपि अधिकार उल्लेख भएका पुस्तक नेपालबाहिरबाट मुद्रण गरी पैठारी गरेमा त्यसरी पैठारी भएको पुस्तकको छपाई मूल्य (कागज, मुद्रणमा लागेको खर्च, भाडा र बीमा जोडी हुन आउने मूल्य) मा पन्ध्र प्रतिशत भन्सार महसुल लाग्नेछ ।

(ज) निजी प्रयोगको लागि आंशिक भन्सार महसुल सुविधामा पैठारी भई सवारी साधनका धनीको मृत्यु भएको कारणले निजको हकवाला पति वा पत्नीको नाममा नामसारी हुने सवारी साधन ।

(झ) भारतमा उत्पादन भई भारतबाटै पैठारी भएको भाग २७ को शीर्षक २७.०९ को कच्चा पेट्रोलियम तेल र विटुमिन खनिजबाट प्राप्त कच्चा तेल ।

(ञ) भारतमा उत्पादन भई भारतबाटै पैठारी भएको भाग २५ र २६ का निम्न उपशीर्षकहरूका अप्रशोधित खनिज उत्पादनहरू :

२५०२००००	२५०४१०००	२५०४९०००	२५१०१०००	२५१११०००
२५११२०००	२५१३१०००	२५१३२०००	२५१९९०००	२५२१००००
२५२५१०००	२५२८००००	२५३०९०००	२६०१११००	२६०११२००
२६०१२०००	२६०२००००	२६०३००००	२६०४००००	२६०५००००
२६०६००००	२६०७००००	२६०८००००	२६०९००००	२६१०००००
२६११००००	२६१२१०००	२६१२२०००	२६१३१०००	२६१३९०००
२६१४००००	२६१५१०००	२६१५९०००	२६१६१०००	२६१६९०००
२६१७१०००	२६१७९०००			

(ट) मूल्य अभिवृद्धि करमा दर्ता भएका धागो उद्योगहरूले पैठारी गर्ने भाग ५४ र ५५ मा पर्ने आंशिक चहकिलो पारिएको धागो (पि.ओ.वाई) र सबै किसिमका मानव निर्मित स्टेपुल फाइवर ।

(ठ) विद्युत सोलार वा ब्याट्रीबाट मात्र चल्ने तीन पांग्रे वा चार पांग्रे सवारी वा ढुवानी साधन उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले आफुले उत्पादन गर्ने सवारी वा ढुवानी साधनको उत्पादनमा प्रयोग गर्ने चेसिस, इञ्जिन, मोटर र व्याट्री चार्जर ।

(ड) रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने नेपाल रेडक्रस सोसाइटीले आयात गर्ने रगत राख्ने प्लाष्टिकका थैला, ट्रान्सफ्यूजन सेट, टेस्टिङ्ग किट्स, रिएजेण्ट तथा रक्त परीक्षण रिएजेण्ट निर्माणको लागि आवश्यक पर्ने विभिन्न औजार उपकरणहरु एवं रसायनहरु ।

(ढ) दृष्टिविहिनहरूले प्रयोग गर्ने सेतो छडी, (ह्वाइट केन) स्लेटस्टाइलस, ब्रेल नोटटेकर, ब्रेलो (ब्रेल प्रिन्टर), रङ्गसूचक, पानीसूचक र प्रकाशसूचक यन्त्रहरू, आवाज दिने थर्मामिटर, ब्रेल टाइपराइटर, ब्रेल घडी, एवाकस, मेग्नीफाइङ्ग ग्लास, ब्रेल कम्पास, ब्रेल पुस्तक, ब्रेल इम्वोसर, ब्रेल स्टेनसिल मेशिन ।

(ण) अपाङ्ग व्यक्तिहरूले प्रयोग गर्ने ह्वील चेयर, ट्राई साइकल, बैशाखीहरू, कृत्रिम अंगहरू, हेरिङ्ग एड एवं जुत्ताहरू ।

(२) **<u>भन्सार महसुल एक प्रतिशत मात्र लाग्ने</u>** :

(क) १० किलोवाट वा सोभन्दा बढी क्षमताको जेनेरेटर ।

(ख) हवाइजहाज, हेलिकोप्टर, तिनका गेयर बक्स, इञ्जिन, टायर, व्याट्री, नट, वोल्ट, रिभेट र पार्टपुर्जा,

तर लिजमा पैठारी भएका हवाइजहाज, हेलिकोप्टर वा तिनका इञ्जिन पैठारी गरेको मितिले तीन वर्षभित्र फिर्ता गरेमा पैठारी हुँदा तिरेको भन्सार महसुल फिर्ता दिइनेछ ।

(ग) दाना तथा पशुपंक्षी उद्योगहरुले स्वदेशमा प्रयोग गर्ने गरी पैठारी गर्ने शीर्षक ०५११ मा पर्ने माछाका टुक्राटाक्री वा धुलो, सिपिको टुक्रा शीर्षक २३०१ को फिड सप्लीमेन्टको कच्चा पदार्थ, उपशीर्षक २३०९.९०.०० को फिड सप्लीमेन्ट, शीर्षक २५२१ को चुन ढुंगाको धुलो ।

(घ) मसी बनाउने उद्योग र मसलन्द उद्योगले पैठारी गर्ने शीर्षक ७०.१० को ०.३३ लिटरसम्मको बोतल ।

(ङ) तोरी, रायो सर्स्यूं र क्यानोला (रेपसीड) को गेडा ।

(च) उद्योगले पैठारी गर्ने शीर्षक ९०.२७ का भन्सार दर शून्य भए बाहेकका सम्पूर्ण यन्त्र उपकरण एवं औजारहरू र तिनका पार्टपूर्जा

तथा सोही शीर्षक अन्तर्गत औषधी उद्योगले पैठारी गर्ने अनुसन्धानको लागि आवश्यक उपकरणहरु ।

(छ) शीर्षक ७१.०२ मा पर्ने हिरा तथा शीर्षक ७१.०१, ७१.०३, ७१.०४ र ७१.०५ मा पर्ने प्राकृतिक वा सम्बर्धित बहुमूल्य वा अर्ध बहुमूल्य पत्थरहरू ।

(ज) टायर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने सम्पूर्ण कच्चा पदार्थ एवं सहायक कच्चापदार्थहरू ।

(झ) यातायात व्यवस्था कार्यालयमा दर्ता भइसकेका डिजेल तथा पेट्रोलबाट चल्ने टेम्पोलाई ब्याट्रीबाट सञ्चालन गरी सफा टेम्पो बनाउने प्रयोजनका लागि यस्ता उद्योग वा टेम्पोधनीले पैठारी गर्ने यन्त्र तथा उपकरण ।

(ञ) सवारी प्रदूषण कम गर्ने उद्देश्यले सवारी साधनमा प्रयोग गर्ने गरी पैठारी गर्ने क्याटलिक कन्भर्टर र म्याग्नेटाइजर ।

(ट) पशुको चारा काट्ने मेशिन, धान तथा गहुँ चुट्ने, निफन्ने थ्रेसर, पंखी, उपशीर्षक ८४३२.१०.००, ८४३२.२१.००, ८४३२.२९.००, ८४३२.३०.०० र ८४३२.४०.०० मा पर्ने कृषि तथा बागवानीमा प्रयोग हुने कल्टिभेटर, लेभलर, हलो, ह्यारो, वीउ तथा विरुवा रोप्ने (सिडर्स, प्लाण्टर्स, ट्रान्सप्लाण्टर्स), मल छर्ने (म्यान्योर स्प्रेडर्स र फर्टिलाइजर डिष्ट्रिब्यूटर्स) र उपशीर्षक ८४३३.५१.००, ८४३३.५३.०० र ८४३३.५९.०० मा पर्ने कृषि कार्यमा प्रयोग हुने हार्भेष्टिङ्ग सम्बन्धी यन्त्र तथा यन्त्रावलीहरू ।

(ठ) सिचाई कार्यमा प्रयोग हुने दुई हर्ष पावरदेखि आठ हर्ष पावरसम्म शक्ति भएको इञ्जिन सहितको पम्पिङ सेट र सोको साथमा पैठारी हुने होज पाइप ।

(ड) तयारी पोशाक निर्यात गर्ने उद्योगहरूले पैठारी गर्ने भ्याकुम आइरनिङ टेवुल र स्टीम आइरन ।

(ढ) कृषि तथा पशुजन्य उद्योगमा प्रयोग हुने सेपरेटर, मिल्क चिलिङ भ्याट, लिक्वीड नाइट्रोजन, औद्योगिक रेफ्रिजरेटर, कन्टेनर र शीर्षक ८४३६ को इन्कुवेटर, फिडिङ प्लाण्ट, (सामान्य भाडावर्तन बाहेकका कुखुराको दाना खुवाउने विशेष किसिमका भाँडा) र कुखुरा पालन व्यवसायका लागि आवश्यक पर्ने सम्पूर्ण यन्त्र । यस्ता यन्त्र उपकरणहरू सि.के.डी. वा एस.के.डी. रुपमा पैठारी हुँदा द्विविधा पर्न गएमा पैठारी गर्दाकै अवस्थामा एक प्रतिशत भन्सार महसुल लिई

बाँकी महसुल बापतको बैङ्क ग्यारेण्टी लिने र उक्त यन्त्रोपकरण जडान भइसकेपछि मेशिन ठहरिएमा उक्त बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ ।

(ण) कफी परफुरेटर (शीर्षक ८५.१६), वीऊ विजन स्क्रिनिङ सर्टिङ सम्बन्धी मेशिन (शीर्षकहरू ८४.३७ र ८४.७४), फलफूलको रस निकाल्ने मेशिन (शीर्षक ८४.३५), फुल सफा गर्ने मेशिन, सिँचाइमा प्रयोग हुने स्प्रिङ्कल र ड्रिप इरिगेशन सम्बन्धी उपकरणहरू ।

(त) चिया उद्योगले पैठारी गर्ने मेशिनरी, उपकरण र पार्टपुर्जाहरू, स्प्रीङकल, ड्रिप इरिगेशन र सो सम्बन्धी सहायक सामग्रीहरू, चिया प्याकिङ्गको लागि उद्योगको नाम छपाई पैठारी गर्ने प्याकिङ्ग मेटेरियल ।

(थ) दर्ता भएका मत्स्य फार्महरूले पैठारी गर्ने विभिन्न किसिमका तयारी जालहरू, जाल बनाउन प्रयोग गरिने नाइलन धागो र माछा पाल्ने तयारी केजहरू, पम्पसेट, ह्याकफिट, एरेटर, हांसको चल्ला कडाउने इन्कुवेटर, मत्स्य विष एवं मत्स्य प्रजननका लागि आवश्यक हार्मोन ।

(द) कृषि, वागवानी तथा पुष्प फार्महरूले पैठारी गर्ने ग्रिन हाउस, सिँचाइ उपकरण र यस्तै अन्य यन्त्र उपकरण ।

(ध) मूल्य अभिवृद्धि करमा दर्ता भएका जेनेरेटर उत्पादन गर्ने उद्योगहरूले पैठारी गर्ने जेनरेटिङ पार्टस् ।

(न) उद्योगहरूले प्रदूषण नियन्त्रणका लागि पैठारी गर्ने संयन्त्र र उपकरण ।

(प) शीर्षक ५१.०८ मा पर्ने पश्मिनाको धागो (काश्मिरी यार्न) ।

(फ) भन्सार उपशीर्षक ८९०३.९१ मा पर्ने मोटर रहित वा सहित सेलवोट (खियाउने डुङ्गा)

(ब) शीर्षक ८४.५२ मा पर्ने लुगा सिउने कल ।

(भ) मौरी पालन उद्योगले पैठारी गर्ने मौरी पालनको लागि आवश्यक पर्ने मेटल व्यारल, रानी छेक्ने पाता, मौरी ब्रुस, आधार चाका रोलर, गियर पम्प र व्हील प्लेट तथा मौरीपालन व्यवसायको मेशिन (शीर्षक ८४.३६) र मह छान्ने र रस छान्ने मेशिन (शीर्षक ८४.३३) ।

(म) उपशीर्षक ८७१२.००.०० अन्तर्गत पर्ने साइकलहरु ।

(३) **भन्सार महसुल आंशिक रुपमा छुट हुने** :

(क) कार्पेट उद्योगहरूले पैठारी गर्ने भाग ५५ मा पर्ने सबै किसिमका मानवनिर्मित स्टेपुल फाइवरमा लाग्ने भन्सार महसुलमा नब्बे प्रतिशत छुट दिइनेछ ।

(ख) भाग ३० मा पर्ने दरबन्दीमा माफी जनिए बाहेकका औषधी (च्यवनप्रास, बाम, भिक्स, स्वीचो तथा बाम, भिक्स वा स्वीचोको कार्य गर्ने अन्य यस्तै उत्पादनहरू बाहेक), रोग निदानमा प्रयोग हुने परीक्षण किट्स (डायग्नोस्टिक किट्स) (भाग ३८ को समेत) मा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ग) भाग ८४ को दरबन्दीमा माफी जनिए बाहेकका पाँच प्रतिशत भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मिल मेशिनरी एवं यन्त्रोपकरणहरू (पार्टपुर्जा बाहेक) को पैठारीमा चार प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ । यस्ता मेशिनहरू सि.के.डी र एस.के.डी. अवस्थामा पटक पटक पैठारी हुँदा उद्योग विभागको स्वीकृत स्कीम समेतको आधारमा मिल मेशिनका मुख्य अवयव र तिनका अभिन्न भागहरु वाहेकका अन्य मालवस्तुहरुमा उल्लिखित सुविधा प्रदान गर्न द्विविधा भएमा न्यूनतम लाग्ने चार प्रतिशत महसुल पैठारीकै अवस्थामा असुल गरी बाँकी दरबन्दी अनुसार लाग्ने महसुलको बैङ्क ग्यारेण्टी लिई जांचपास गर्न सकिनेछ र औद्योगिक स्थलमा मेशिन सम्पूर्ण रुपमा जडान भई सकेपछि सम्बन्धित भन्सार कार्यालयबाट औद्योगिक स्थलको निरीक्षण गरी मेशिन ठहरिने जति मालवस्तुको बैङ्क ग्यारेण्टी फुकुवा गरिनेछ ।

तर पुराना वा प्रयोग भइसकेका मिल मेशिनरी यन्त्रोपकरणमा यस खण्ड बमोजिमको छुट दिइने छैन ।

(घ) उद्योगहरूले औद्योगिक प्रयोजनका लागि भाग ८४ अन्तरगत पर्ने चार टनभन्दा बढी क्षमताको एयर कण्डीसनर यूनिट पैठारी गरेमा पाँच प्रतिशत भन्सार महसुल लाग्नेछ ।

(ङ) डेरी उद्योगले पैठारी गर्ने देहायका मालवस्तुमा देहाय बमोजिम छुट हुनेछ :-

(१) आफ्नो नाम छपाई पैठारी गर्ने शीर्षक ८०.०७ का टीनका वट्टामा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत ।

(२) दूध ढुवानीमा प्रयोग हुने शीर्षक ८७.०४ मा पर्ने ट्याङ्करमा असी प्रतिशत ।

साथै यस्ता उद्योगले दूध ढुवानी गर्न प्रयोग हुने तयारी ट्याङ्कर पैठारी नगरी त्यसको चेसिस पैठारी गरेमा त्यस्तो चेसिस पैठारी गर्दा लाग्ने भन्सार महसुल धरौटीमा लिइनेछ र छ महिनाभित्र ट्याङ्कर बनाई यातायात व्यवस्था कार्यालयमा दर्ता गरी सोही अवधिभित्र सम्बन्धित भन्सार कार्यालयमा सोको प्रमाण पेश गरेपछि यस उपखण्ड बमोजिम छुट दिइ धरौटी रकम फिर्ता गरिनेछ । यसरी पैठारी गरिएका ट्याङ्करहरू दूध ढुवानी प्रयोजनको लागि अन्य डेरी उद्योगलाई बिक्री गर्दा समेत भन्सार महसुल लाग्ने छैन । दूध ढुवानी गर्ने कार्यदेखि बाहेक अन्य प्रयोजनको लागि बिक्री गर्ने भएमा वा आफैले अन्य प्रयोगमा ल्याउन चाहेमा कानून बमोजिम लाग्ने महसुल तिरी बिक्री गर्न वा अन्य प्रयोजनमा ल्याउन पाइनेछ । सो बमोजिम नगरी अन्य प्रयोगमा ल्याएको पाइएमा त्यस्तो ट्याङ्कर जफत गरिनेछ ।

(च) शीर्षक ५२.०५ र ५२.०७ को सूती धागोको पैठारीमा पाँच प्रतिशत भन्सार महसुलमा असी प्रतिशत छुट हुनेछ ।

(छ) मूल्य अभिवृद्धि करमा दर्ता भएका पोलिकोटिङ्ग पेपर र प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्ने उद्योगहरूले पोलिकोटिङ्ग पेपर वा प्रिन्टेड लेमिनेशन फिल्म उत्पादन गर्न आवश्यक पर्ने परिमाणसम्मको शीर्षक ३९.१९, ३९.२० र ३९.२१ को पोलिष्टर फिल्म, वि.ओ.पी.पी. फिल्म, एक्स्ट्रुटेड पोलिफिल्म पैठारी गर्दा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ज) एल.पी. ग्याँस आयात गर्दा पाँच प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(झ) भाग ७१ को शीर्षक ७१.०८ मा पर्ने सुनमा प्रति दश ग्राम तीन हजार छ सय रूपैयाँ र शीर्षक ७१.०६ मा पर्ने चाँदीमा प्रति दशग्राम छयालिस रूपैयाँ भन्सार महसुल लाग्नेछ । साथै शीर्षक ७१.१३ मा पर्ने सुनका गहनामा दश प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

तर, वाणिज्य वैङ्कहरुले सर्वसाधारण जनताहरुलाई विक्री गर्ने उद्देश्यले आफ्नो लोगो अंकित स-साना परिमाणका सिक्काहरु पैठारी गरेमा सो सिक्काहरुमा भाग ७१ को शीर्षक ७१.०८ मा पर्ने सुन सरह नै भन्सार महसुल लाग्नेछ ।

(ञ) शीर्षक ६२.११ मा पर्ने साडी, लुङ्गी, सुतीको गम्छा र सुतीको धोती (जनाना/मर्दाना) मा पाँच प्रतिशतमात्र भन्सार महसुल लाग्नेछ ।

(ट) भारतबाट पैठारी हुने शीर्षक ५२०८, ५२०९ र ५२१२ मा पर्ने सुती कपडामा पाँच प्रतिशत र भारतबाटै पैठारी हुने सुतीको भित्री गञ्जी (वनियान) सुतीको भित्री कट्टु, सुतीको ब्रेसियर तथा सुतीको पेन्टीमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ठ) देहायका मालवस्तुहरुमा प्रन्ध प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ:

१. शीर्षक ३९१८ मा पर्ने यूपिभिसीको कोरुगेटेड रुफिङ सिट (टायल्स)

२. युपीभीसी को भ्याल ढोका पार्टीशन लगायत विभिन्न सामान उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने शीर्षक ३९.१६ को मालवस्तु ।

(ड) शीर्षक ३९.२० मा पर्ने फिलर मास्टर ब्याचमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(ढ) विद्युत वा ब्याट्रीबाट मात्र चल्ने गरी उत्पादन भएका भाग ८७ का सवारी तथा ढुवानी साधन पैठारी गर्दा दरबन्दी बमोजिम लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(ण) मालवस्तु चिस्यानमा राखी ढुवानी गर्न प्रयोग हुने गरी पूर्णरुपले रेफ्रिजिरेटिङ्ग प्रणाली जडान गरिएका शीर्षक ८७.०४ मा पर्ने ढुवानीका साधनहरूमा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(त) उद्योगले भटमास तथा सूर्यमुखिको तेल उत्पादन गर्न पैठारी गर्ने भटमासको गेडा, सूर्यमुखिको गेडा, दाना तथा पशुपंक्षी उद्योगले पैठारी गर्ने भटमासको पिना तथा उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने मकैको गेडा तथा उखुमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट र कृषि सुधार शुल्कको हकमा ६८ प्रतिशत छुट हुनेछ ।

(थ) उद्योगले आफ्नो उत्पादनको प्रयोजनको लागि पैठारी गर्ने उपशीर्षक ३९२३.१०.१० मा पर्ने प्लाष्टिकका परिवेष्टन (प्याक) गर्ने ट्यूवहरूमा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत छुट हुनेछ ।

(द) स्पिलिटिङ्ग एवं डिस्टिलेशन प्लान्ट राखी डिस्टिल्ड फेट्टि एसिड, स्टेरिक एसिड, ग्लिसरिन तथा सावुन उत्पादन गर्ने उद्योगले पैठारी गर्ने भन्सार शीर्षक १५.०३ मा पर्ने टेलो आयल, शीर्षक २८३९ मा पर्ने सोडियम सिलिकेट र शीर्षक ३८२३ मा पर्ने पाम

एसिड आयल, पाम फेट्टी एसिड र एसिड आयलमा लाग्ने भन्सार महसुलमा पचास प्रतिशत छुट हुनेछ ।

(ध) वनस्पति घ्यू तथा तोरीको तेल उत्पादन गर्ने स्वदेशी उत्पादन मूलक उद्योगले आयात गर्ने कच्चा सोयाविन तेल, कच्चा सूर्यमूखीको तेल र कच्चा पामओलिन तेलको आयातमा भन्सार महसुल २.५ प्रतिशत मात्र लाग्नेछ ।

(न) टेलिभिजन जडान (एसेम्वल) गर्ने उद्योगहरुले टेलिभिजन जडान गर्नको लागि आवश्यक पार्टपुर्जाहरु, अर्ध तयारी एल.सी.डी. वा एल.ई.डी, प्यानेल, क्याथोड रे पिक्चर ट्यूव तथा सहायक सामग्रीहरु सहितको उपशीर्षक ८५२८.७२.१० मा पर्ने जडान नगरिएको (अनएसेम्वल्ड) टेलिभिजन पैठारी गर्दा दश प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

(प) सि.डि. वा पेन ड्राइभ वा अन्य यस्तै माध्यम वा कागजमा मुद्रित भई आउने सबै प्रकारका भन्सार महसुल माफी जनिए वाहेकका शीर्षक अन्तर्गत आयात हुने सफ्टवेयरहरुमा पाँच प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ ।

१५. **<u>नेपाल सरकारको सम्बन्धित निकायको सिफारिसमा देहायका मालवस्तुमा देहाय बमोजिम भन्सार महसुल छुट हुनेछ</u>** :

(१) **<u>भन्सार महसुल पूर्ण छुट हुने</u> :-**

(क) कूटनीतिक नियोग, परियोजना र अन्य निकायहरूले (सरकारी एवं गैरसरकारी संघ संस्था) महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले पन्ध्र वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्र्याप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधन ।

(ख) रक्षा मन्त्रालयको सिफारिसमा नेपाली सेनाका नाममा पैठारी हुने देहाय बमोजिमका मालवस्तु :-

(अ) सैनिक प्रयोगका खरखजाना, हातहतियार, गोली गड्डा, वारुद र तिनका स्पेयर पार्टस, विशेष प्रकारको तेल र टल्लीहरू, एक्सेसरिज, विष्फोटक पदार्थ, सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेशिनरी औजारहरू र पार्टपुर्जाहरू ।

(आ) सैनिक जवान तथा घोडा खच्चडहरूको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधी र तत्सम्बन्धी सामानहरू ।

(इ) नेपाली सेनाले उपयोग गर्ने सञ्चारका उपकरणहरू र सोको सञ्चालनको लागि आवश्यक मालसामानहरू ।

(ई) इञ्जिनियरिङ्ग सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभी अर्थमुभिङ्ग प्लाण्ट, औजार र सो सम्वन्धी पार्टस, अप्टिकल इक्वीपमेण्ट तथा रक्षा मन्त्रालयद्वारा तोकिए बमोजिमको डिफेन्स स्टोरका सामानहरू ।

(उ) क्याम्पिङ्ग इक्वीपमेण्टस तथा स्पेशल फोर्स र प्यारा टुपरलाई आवश्यक पर्ने विभिन्न सामानहरू ।

(ऊ) सैनिक अस्पतालको लागि आवश्यक पर्ने फर्निचर तथा सरसामानहरू, औषधी, मेडिकल औजारहरू र उपकरणहरू ।

(ए) नेपाली सेनाको नाममा पैठारी हुने हवाई जहाज, हेलिकोप्टर र तिनका पार्टपुर्जा, प्यारासुट (व्याग समेत) टुल्स, तथा ग्राउण्ड इक्वीपमेण्टहरू ।

(ऐ) दैवी प्रकोप उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।

(ग) गृह मन्त्रालयको सिफारिसमा सशस्त्र प्रहरी प्रधान कार्यालयको नाममा पैठारी हुने देहाय बमोजिमका मालवस्तु :-

(अ) शान्ति सुरक्षा कायम गर्न आवश्यक पर्ने मेशिनरी औजारहरू ।

(आ) हातहतियार ।

(इ) भीड नियन्त्रणका सामानहरू ।

(ई) अस्पताल सञ्चालनका लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू ।

(उ) सशस्त्र प्रहरीले प्रयोग गर्ने सञ्चार सम्वन्धी सामानहरू (सञ्चार मन्त्रालयको सिफारिस बमोजिम) ।

(ऊ) अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य सामानहरू ।

(ए) विष्फोटक सम्बन्धी सशस्त्र प्रहरीलाई आवश्यक पर्ने सामानहरू ।

(ऐ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने सामानहरू ।

(ओ) दैवीप्रकोप उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।

(घ) गृह मन्त्रालयको सिफारिसमा नेपाल प्रहरीको नाममा पैठारी हुने देहायका मालवस्तु :-

(अ) शान्ति सुरक्षा कायम राख्न आवश्यक मेशिनरी तथा औजारहरू ।

(आ) हातहतियार ।

(इ) भीड नियन्त्रणको लागि आवश्यक सामानहरू ।

(ई) अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू ।

(उ) प्रहरीले प्रयोग गर्ने सञ्चार सम्वन्धी सामानहरू (सञ्चार मन्त्रालयको सिफारिस बमोजिम)

(ऊ) ट्राफिक सम्वन्धी सामानहरू ।

(ए) फिङ्गर प्रिन्ट्स र सो सम्वन्धी आवश्यक सामानहरू ।

(ऐ) अपराध अनुसन्धानको लागि चाहिने उपकरण तथा अन्य सामानहरू ।

(ओ) विष्फोटक सम्वन्धी प्रहरीलाई आवश्यक पर्ने सामानहरू ।

(औ) वैज्ञानिक प्रयोगशालाको लागि चाहिने सामानहरू ।

(अं) दैवीप्रकोप उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।

(ङ) वाणिज्य विभागको सिफारिसमा पर्वतारोहण दलले ट्रान्जिटको रुपमा नेपालको बाटो गरी आयात/निर्यात गर्ने मालवस्तुहरु ।

(च) नेपाल राष्ट्र बैङ्कको सिफारिसमा नेपाल राष्ट्र बैङ्कको नाममा पैठारी हुने बैङ्क नोट, सिक्का, सुन, चाँदी, टकमरीको निमित्त आवश्यक पर्ने कागज, धातु एवं रसायन, चेकवुक तथा बैङ्कलाई आवश्यक पर्ने अन्य मालवस्तुहरु ।

(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमा मालवस्तुहरु :-

(अ) वी पी कोइराला मेमोरियल क्यान्सर अस्पताल, वी पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको नाममा पैठारी हुने निर्माण तथा सञ्चालनको लागि आवश्यक निर्माण सामग्री एवं चिकित्सा सम्वन्धी उपकरणहरु एवं औजारहरु ।

(आ) क्यान्सर विरामीलाई निःशुल्क वितरण गर्ने प्रयोजनको लागि सरकारी वा सामुदायिक अस्पतालहरुले पैठारी गर्ने क्यान्सर निरोधक Glivec HGC र यस्तै औषधीहरु ।

(ज) उद्योग विभागको सिफारिसमा जुट उद्योगले आफ्नो उद्योगको सञ्चालनको लागि पैठारी गर्ने स्पेयर पार्टहरु ।

(२) **<u>भन्सार महसुल एक प्रतिशत मात्र लाग्ने</u> :-**

(क) स्वीकृति प्राप्त निजी वा सामुदायिक अस्पतालहरुले देहाय बमोजिमको शर्त अनुसार यस अनुसूचीको दफा १२ को खण्ड (क) को अधिनमा रही नेपालस्थित आधिकारिक विक्रेताहरु मार्फत पैठारी गर्ने देहाय बमोजिमको परिणामसम्मका एम्वुलेन्स र शववाहन :-

(अ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूशन नेपालको सिफारिसमा एक सयभन्दा कम शैया भएको निजी वा सामुदायिक अस्पतालको लागि एउटा एम्बुलेन्स र एउटा शवबाहन तथा एक सय वा सोभन्दा बढी शैया भएको अस्पतालको लागि दुई वटासम्म एम्बुलेन्स र एउटा शववाहन । यस उपखण्ड बमोजिम सिफारिस गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा एसोसियसन अफ प्राइभेट हेल्थ इन्स्टिच्यूशन नेपालले उक्त संस्थाले त्यसभन्दा अघि यस्तो सुविधा उपभोग नगरेको व्यहोरा उक्त सिफारिसपत्रमा खुलाउनु पर्नेछ ।

यसरी सुविधामा पैठारी भएको एम्बुलेन्स पुरानो भई प्रयोग गर्न नसकिने भएमा त्यसलाई स्क्र्याप गरेको प्रमाण भन्सार कार्यालयमा पेश गरेपछि सोही प्रकारको अर्को एम्बुलेन्स पैठारी गर्दा समेत यो सुविधा दिइनेछ ।

(आ) खण्ड (ख) वा यस खण्डको उपखण्ड (अ) बमोजिम एम्बुलेन्स वा शववाहन पैठारी गर्दा निम्न बमोजिमको शर्त समेत पालना गर्नु पर्नेछ :-

(१) एम्बुलेन्स वा शवबाहन पैठारी गर्दा पैठारीकै अवस्थामा त्यस्तो एम्बुलेन्स वा शवबाहनको अगाडि पछाडि टाढैबाट देखिने गरी ठूला-ठूला अक्षरमा एम्बुलेन्स (Ambulance) वा शवबाहन भनी लेखिएको हुनु पर्नेछ ।

(२) एम्बुलेन्समा साइरन, इमर्जेन्सी बत्ती, स्ट्रेचरका साथै अन्य आवश्यक औजारहरू फिट गरिएको हुनु पर्नेछ ।

(३) एम्बुलेन्स वा शवबाहनमा चालकको पछाडिपट्टि कुनै पनि सीट राखिएको हुनु हुँदैन ।

(४) त्यस्तो एम्बुलेन्स विरामीको सेवा बाहेक अन्यत्र प्रयोग गर्न र शवबाहन शवको ओसार पसार गर्न बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाइने छैन ।

(५) उक्त एम्बुलेन्स वा शवबाहन नेपाल सरकारको सवारी प्रदूषण मापदण्डभित्र रहेर सञ्चालन गर्नु पर्नेछ ।

(६) यसरी पैठारी भएको एम्बुलेन्स वा शवबाहनको सवारी दर्ता गर्दा एम्बुलेन्स वा शवबाहन भनी सवारी दर्ता प्रमाणपत्रमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

(७) एम्बुलेन्समा टाढैबाट देखिने गरी ठूला ठूला अक्षरमा "नेपाल सरकारबाट राजस्व छुट सुविधा प्राप्त" भन्ने पनि लेखिएको हुनु पर्नेछ ।

(८) राजस्व छुट सुविधामा पैठारी गरेका एम्बुलेन्सले विरामी ओसार पसार लगायतका सेवा प्रदान गरे बापत लिने भाडा दर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिम हुनेछ।

(इ) उपखण्ड (आ) मा उल्लिखित शर्त उल्लङ्घन गरेको पाइएमा त्यस्तो एम्बुलेन्स वा शवबाहन जफत गरी बिगो बमोजिम जरिबाना गरिनेछ ।

(ख) सरकारी, सामुदायिक एवं निजी क्षेत्रका अस्पताल बाहेक कानून बमोजिम दर्ता भएका अन्य संघ, संस्था, कम्पनी एवं उद्योगले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा यस उपदफाको खण्ड (क) को उपखण्ड (आ) बमोजिमको शर्तका अधिनमा रही पैठारी गर्ने एम्बुलेन्स र शवबाहन एक/एक थान । यस खण्ड बमोजिम सिफारिस गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उक्त संस्थाले त्यसभन्दा अघि यस्तो सुविधा उपभोग नगरेको व्यहोरा उक्त सिफारिसपत्रमा खुलाउनु पर्नेछ ।

(ग) सरकारी अस्पतालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा पैठारी गर्ने एम्बुलेन्स र शवबाहन ।

(घ) औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५क. मा जुनसुकै कुरा लेखिएको भए तापनि देशको आन्तरिक तथा बाह्य कारणले राम्रोसँग चल्न नसकी ठूलो नोक्सानी व्यहोर्नु परेका उद्योगहरूको प्रवर्द्धन तथा सुधारको लागि नेपाल सरकारले निश्चित मापदण्ड निर्धारण गरेर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै उद्योगलाई रुग्ण उद्योग घोषणा गरी त्यस्ता उद्योगलाई सोही सूचनामा तोकिएको निकायको सिफारिसमा त्यस्ता रुग्ण उद्योगहरूको पुनर्स्थापनाको लागि पैठारी गर्ने औद्योगिक मेशिनरी र पार्टपुर्जा ।

(ङ) पशु सेवा विभागको सिफारिसमा देहाय बमोजिमका मालवस्तुहरु :-

(अ) दाना तथा पशुपक्षी उद्योगहरूले पैठारी गर्ने भाग २८, २९ र ३० मा पर्ने कच्चा पदार्थ तथा सहायक कच्चा पदार्थ एवं प्याकिङ्ग मेटेरियल ।

यसरी सिफारिस गर्दा एक आर्थिक वर्षमा खपत हुन सक्ने परिमाण एकैपटक सिफारिस गर्न सक्नेछ । यस्तो सुविधा अनुसार पैठारी गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं उद्योगको ट्रेडमार्क अङ्कित प्याकिङ्ग मेटेरियलको सिफारिस गर्दा पशु सेवा विभागले खपत अनुपात र तयारी वस्तुको स्वदेशमा उपभोगको आधारमा गर्नु पर्नेछ ।

(आ) नश्ल सुधारको लागि विदेशबाट आयात गरिने उपशीर्षक ०५११.१० अन्तर्गत पर्ने उन्नत जातका चौपायको वीर्य (Semen) ।

(च) पर्यटन उद्योगको प्रचार तथा प्रवर्द्धनको लागि नेपालबाहिरबाट छपाई ल्याएको स्तरीय प्रचार सामग्री,

(छ) वैकल्पिक उर्जाका स्रोत सम्बन्धी देहाय बमोजिमका मालवस्तुहरू :-

(अ) वैकल्पिक उर्जाको स्रोत जस्तै हावाबाट विद्युत उत्पादन गर्ने हावा मिल र तिनका एसेसरिज र पार्टपुर्जा,

(आ) दरबन्दीमा माफी जनिए बाहेकका सौर्य शक्तिबाट विद्युत उत्पादन गर्ने उपकरण, तिनका पार्टपुर्जा (शीर्षक ८५.४१), सोलार फोटोभोल्टिक ट्यूबलर ब्याट्री (शीर्षक ८५.०७), सफा टेम्पोको ब्याट्री उत्पादन गर्न आवश्यक पर्ने एण्टिमोनियल लिड एल्वाय इन्गट, लिड (शीर्षक ७८.०१), ब्याट्री बक्स, सेपरेटर र ट्यूबलर ब्याग (शीर्षक ८५.०७) एवं शीर्षक ९४.०५ मा पर्ने सोलार लिड डिसि बत्तीहरु, उपशीर्षक २९०५.३२, ७४१०.२१, ७६०७.१९, ८४०३.१०, ८४०३.९०, ८४१२.८०, ८४१३.८१, ८४१९.१९, ८४१९.३१, ८५१६.६०, ८५४३.८९ अन्तर्गत पर्ने सौर्य ताप ऊर्जा सम्बन्धी उपकरण र पार्टपुर्जाहरु ।

(इ) गोबर ग्याँस लगायत बायोग्याँसका लागि आवश्यक पर्ने उपकरण जस्तै मेन ग्याँस भल्भ, गोबरग्याँस बत्ती, ग्याँस टेप (ब्रास) गोबरग्याँस चुल्हो र तिनका पार्टपुर्जा, रिडक्सन इल्वो र रवर होज पाइप,

(ई) गोबरबाट विद्युत उत्पादन गर्ने ब्याट्री बनाउने उद्योगले आयात गर्ने कच्चा पदार्थ (उद्योगको वार्षिक क्षमता र स्वीकृत स्कीममा तोकिएको परिमाणसम्म) सो ब्याट्री बनाउन आवश्यक कच्चा पदार्थहरू भनी उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागबाट सिफारिस भई आएका कच्चा पदार्थहरू

(उ) बायो उर्जामा आधारित बायो स्टोभ (राइस हस्क स्टोभ) ।

(ऊ) जैविक इन्धन उत्पादनको प्रयोजनको लागि आयात हुने मिल, मेशिनरी उपकरण, तिनका पार्टपुर्जा तथा रसायनहरु ।

(ज) ट्रलीबस सेवा सञ्चालन तथा विस्तारको लागि पैठारी गरिने यन्त्र, उपकरण, ट्रलीबस तथा त्यसका पार्टपुर्जाहरू,

(झ) कृषिजन्य उत्पादन, फलफूल, माछा आदि सुरक्षित गर्न निर्माण गरिने शित भण्डारको लागि आवश्यक पर्ने यन्त्र तथा उपकरणहरू र थर्मोकोल,

(ञ) बालीनालीको लागिमात्र प्रयोग हुने भाग ३८ का कीटनाशक, ढुसीनाशक, झारपातनाशक, मुसानाशक औषधी र त्यसको कच्चा पदार्थ,

(ट) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा पैठारी हुने देहाय बमोजिमका मालवस्तुहरु :-

(अ) सरकारी, सरकारी अनुदान प्राप्त र सामुदायिक अस्पतालले पैठारी गर्ने भाग ८४ र ९० का औषधीय एवं शल्यचिकित्सा सम्बन्धी यन्त्र उपकरण तथा औजारहरू, मुटुभित्र प्रत्यारोपण गरिने भल्भहरू, स्टेण्टहरू, पेस मेकरहरू ।

तर यसरी पैठारी गरेका मालवस्तुहरू वारेण्टी वा ग्यारेण्टीको अवधिमा पैठारी गरेको मितिले एक वर्षभित्र मर्मत गर्न लैजांदा वा मर्मत गरी ल्याउँदा वा सोको सट्टा सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्दा त्यसमा भन्सार महसुल पूर्ण छुट हुनेछ ।

(आ) सरकारी, सरकारी अनुदान प्राप्त, सामुदायिक र गैर सरकारी अस्पतालहरुले पैठारी गर्ने आँखा उपचारको प्रयोगमा आउने इण्ट्राओकुलर लेन्स उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ र तिनका सहायक सामग्रीहरु ।

(ठ) गाउँ विकास समितिको हकमा सम्बन्धित जिल्ला विकास समिति र नगरपालिकाको हकमा सम्बन्धित नगरपालिकाको सिफारिशमा बारुण यन्त्र (दमकल) एवं ढलको फोहोर पानी प्रशोधनको लागि पैठारी हुने ट्रिटमेण्ट प्लान्ट, मेशिनरी र संयन्त्रहरू ।

(ड) सम्बन्धित नगरपालिकाको सिफारिसमा फोहर मैला सङ्कलन गरी पुनः उत्पादन गर्ने उद्योगहरूले पैठारी गर्ने गार्वेज कम्पाक्टर, गार्वेज कन्टेनर तथा फोहर मैला प्रशोधन गरी पुनः उत्पादन गर्ने मेशिनरीहरू ।

५	२१०६.९०.२०	चूना मिश्रण भएको निकोटिनरहित पान मसलाहरू र यस्तै अन्य पदार्थहरू	प्रति किलो	रु.२७५।-
६	१४०४.९०.११	कत्था रस	प्रति किलो	रु.१०।-
	१४०४.९०.१२	कत्था	प्रति किलो	रु.११५।-
७	२२०२.९०.००	अल्कोहल रहित सबै किसिमको पेय पदार्थहरू	प्रति लिटर	रु.४।५०

८	२२०३.००.००	जौबाट बनेको वियर	प्रति लिटर	रु.८८।-
	२२०६.००.१०	कण्ट्री वियर (छ्याङ)	प्रति लिटर	रु.२०।-
९	२२०४.२९.००	स्वदेशमा निर्मित वाईन (चुत्रो, स्याउ र ऐसेलुबाट, निर्मित १२ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको)	प्रति लिटर	रु.५५।-
	-	१२ प्रतिशतसम्म अल्कोहल भएका वाइन र वियर बाहेकका अन्य पेय पदार्थहरू (पैठारीमा)	प्रतिलिटर	रु.२१०।-
	२२०४.१०.००, २२०४.२१.००, २२०४.२९.००, २२०४.३०.००, २२०५.१०.०० र २२०५.९०.००	१२ प्रतिशतसम्म अल्कोहल भएका वाइन (पैठारीमा)	प्रति लिटर	रु.२१०।-
	२२०४.१०.००, २२०४.२१.००, २२०४.२९.००, २२०४.३०.००, २२०५.१०.०० र २२०५.९०.००	१२-१७ प्रतिशतसम्म अल्कोहलको मात्रा भएको वाइन	प्रतिलिटर	रु.२२०।-
१०	२२०४.१०.००, २२०४.२१.००, २२०४.२९.००, २२०४.३०.००, २२०५.१०.००, २२०५.९०.०० र २२०६.००.९०	१७ प्रतिशतभन्दा बढी अल्कोहल भएको वाइन, जडिबुटी मिश्रित मदिरा, कक्टेल (अल्कोहलिक /अल्कोहलिक/ नन्अल्कोहलिक मिश्रण) तथा अन्य फर्मेण्टेड मदिराहरू	प्रति लिटर	रु.२४०।-
११	२२०६.००.९०	स्वदेशमा उत्पादित स्याउको रसबाट निर्मित साइडर	प्रति लिटर	रु.५५।-
	२२०४.१०.००, २२०६.००.९०	सेम्पेन, सेरी, मिड, पेरी, साइडर ।	प्रतिलिटर	रु.२४०।-
१२	२२०७.२०.००	डिनेचर्ड स्प्रिट (८० देखि ९९ प्रतिशतसम्म अल्कोहल भएको)	प्रति लिटर	रु.१०।-
१३	३८१४.००.००	थिनर, सल्भेण्ट	प्रति लिटर	रु.२२।-
१४	२२०७.१०.००	एनहाइड्रस इथानोल (९९ प्रतिशतभन्दा बढी अल्कोहल भएको)	प्रति लिटर	रु.६।-
१५		आयतनमा ५७.०६ प्रतिशतदेखि ८० प्रतिशतसम्म अल्कोहल भएको		

		मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने सबै प्रकारका मादक द्रबहरू		
	२२०८.२०.१०	(क) वाइन तथा ब्राण्डीको कच्चा पदार्थ	प्रति लिटर	रु.११५।-
	२२०८.३०.१०	(ख) ह्विस्कीको कच्चा पदार्थ	प्रति लिटर	रु.११५।-
	२२०८.४०.१०	(ग) रम र टाफीयाको	प्रति लिटर	रु.११५।-
	२२०८.५०.१०	(घ) जीन र जेनेभाको कच्चा पदार्थ	प्रति लिटर	रु.११५।-
	२२०८.६०.१०	(ङ) भोड्काको कच्चा पदार्थ	प्रति लिटर	रु.११५।-
	२२०८.७०.१०	(च) लिकर्स र कर्डियल्सको कच्चा पदार्थ	प्रति लिटर	रु.११५।-
	२२०८.९०.१०	(छ) अन्य मदिराको कच्चा पदार्थ (स्प्रीट समेत)	प्रति लिटर	रु.११५।-
१६	२२०७.१०.००	आयतनमा ८० प्रतिशत वा सो भन्दा बढी अल्कोहल भएका मदिराको कच्चा पदार्थको रुपमा प्रयोग हुने रेक्टिफाइड स्प्रिट	प्रति लिटर	रु.५०।-
	२२०७.१०.००	ई.एन.ए.	प्रति लिटर	रु.५०।-
१७		तयारी मदिरा		
	२२०८.२०.९०	(क) वाइन तथा ब्राण्डी (१) २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४९७।- रु.६६३।-
	२२०८.२०.९०	(२) ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४६४।- रु.६६३।-
		(ख) ह्वीस्की		
	२२०८.३०.९०	(१) २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४९७।- रु.६६३।-
	२२०८.३०.९०	(२) ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४६४।- रु.६६३।-

	(ग) रम र टाफिया		
२२०८.४०.९०	(१) २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४९७।- रु.६६३।-
२२०८.४०.९०	(२) ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४६४।- रु.६६३।-
	(घ) जीन र जेनेभा		
२२०८.५०.९०	(१) २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४९७।- रु.६६३।-
२२०८.५०.९०	(२) ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४६४।- रु.६६३।-
	(ङ) भोड्का		
२२०८.६०.९०	(१) २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४९७।- रु.६६३।-
२२०८.६०.९०	(२) ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४६४।- रु.६६३।-
	(च) लिकर्स र कर्डियल्स		
२२०८.७०.९०	(१) २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४९७।- रु.६६३।-
२२०८.७०.९०	(२) ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४६४।- रु.६६३।-
	(छ) अन्य तयारी मदिरा		
२२०८.९०.९०	(१) १५ यु.पि. शक्तिको (४८.५ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.६६७।- रु.७८५।-

	२२०८.९०.९०	(२) २५ यु.पि. शक्तिको (४२.८ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४९७।- रु.६६३।-
	२२०८.९०.९०	(३) ३० यु.पि. शक्तिको (३९.९४ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.४६४।- रु.६६३।-
	२२०८.९०.९०	(४) ४०यु.पि. शक्तिको (३४.२३ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.२३५।- रु.३९२।-
	२२०८.९०.९०	(५) ५० यु.पि. शक्तिको (२८.५३ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.८४।- रु.१६८।-
	२२०८.९०.९०	(६) ७० यु.पि. शक्तिको (१७.१२ प्रतिशत अल्कोहलको मात्रा भएको)	प्रति लिटर प्रति एल.पि.लिटर	रु.२०।- रु.६७।-
		तर आयातित मदिराको हकमा माथि उल्लिखित दरबन्दीमा तोकिएको अल्कोहलको मात्रामा एक प्रतिशतसम्म फरक भएमा सोही दरबन्दी लाग्नेछ र एक प्रतिशतभन्दा बढी फरक भएमा नजिकको उच्चदरको दरबन्दी अनुसार अन्तःशुल्क लगाई असूलउपर गरिनेछ ।		
१८	२४०१	प्याक नगरिएको कोरा सूर्ति पैठारीमा मात्र	प्रति कि. ग्राम	रु. ६०।–
	२४०३.९९.३०	खुद्रा विक्रीको लागि नराखिएको काटिएको सुर्ती (कट् टोबाको); धुलो सुर्ती (डस्ट टोबाको)	प्रति कि. ग्राम	रु. १६०।–
	२४०३.९९.२०	चूना मिलाई खाने खुद्रा विक्रीको लागि प्याकिङ्ग गरिएको सुर्ती	प्रति कि. ग्राम	रु.१६०।-
	२४०३.९९.१०	जर्दा, खैनी, नस (स्नफ) र सुर्ती मिश्रित तयारी वस्तुहरु (दाँत माझ्ने वस्तु समेत)	प्रति कि. ग्राम	रु.२४०।-
	२४०३.९९.१०	निकोटिनयुक्त पानमसलाहरु र गुट्खा	प्रति कि. ग्राम	रु.२७५।-
	२४०२.९०.००	तयारी विडी	प्रति एम	रु.६०।-
	२४०३.१९.१०	पाइप सूर्ति	प्रति कि.ग्राम	रु.७००।-

१९	२४०२.१०.०० र २४०२.९०.००	सवै प्रकारको सिगार	प्रति खिल्ली	रु.९।-
२०	७२१३, ७२१४ र ७२१५ (उप शीर्षक ७२१४.९९.१० समेत	फलामे डण्डी	प्रति मे.टन.	रु.१०००।-
२१	२५१६.१२.००, २५१६.२०.००, २५१६.९०.००, ६८०२.२३, ६८०२.९३	ग्रेनाइट	मोल प्रतिशत	१५
	२५१५.१२.००, २५१५,२०.००, र ६८०२.२१.०० देखि ६८०२.९९.०० सम्म	मार्बल	मोल प्रतिशत	५
	६९०८	ग्लेज टायलहरू	मोल प्रतिशत	५
२२	१९०२	चाउ चाउ (नुडल्स) र तिनको टुक्राटाक्री, म्याकारोनी र पास्ता	प्रति के.जि.	रु. ७५०
	२१०६.९०.६० १९०५	जंक फुड्स (कुरकुरे, कुरमुरे, चिजबल्स, लेज, पेष्ट्री आदि)	प्रति के.जि.	रु. ७५०
२३	भाग १६	मासु, माछाका तयारी परिकारहरू (टिनप्याक)	मोल प्रतिशत	५
	२३०९.१०.००	कुकुर, बिरालोको खाना	मोल प्रतिशत	५
२४		चुरोट (सूर्तिबाट तयार भएको सवै प्रकारको चुरोट)		
		(१) ७० मि.मि. सम्मको लम्बाईमा		
	२४०२.२०.००	(क) फिल्टर नभएको	प्रति एम	रु.२७२।-
	२४०२.२०.००	(ख) फिल्टर भएको	प्रति एम	रु.५९७।-
	२४०२.२०.००	(२) ७० भन्दा बढी ७५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको)	प्रति एम	रु.७६३।-
	२४०२.२०.००	(३) ७५ भन्दा बढी ८५ मि.मि. सम्मको लम्बाईमा (फिल्टर भएको)	प्रति एम	रु.९७७।-
	२४०२.२०.००	(४) ८५ मि.मि. भन्दा बढी लम्बाईमा (फिल्टर भएको)	प्रति एम	रु.१३०६।-
२५		सिमेण्ट		
	२५२३.२१.००	(क) पोर्टल्याण्ड सिमेण्ट सेतो (रङ्गीन वा रङ्गविहिन)	प्रति मे.टन	रु.१८०।-

	२५२३.२९.००	(ख) पोर्टलैण्ड सिमेण्ट (खैरो)	प्रति मे.टन	रु.१८०।-
	२५२३.३०.००	(ग) अलुमिनियस सिमेण्ट	प्रति मे.टन	रु.१८०।-
	२५२३.९०.००	(घ) अन्य हाइड्रोलिक सिमेण्ट	प्रति मे.टन	रु.१८०।-
२६	३२०८, ३२०९, ३२१०	सबै प्रकारका पेन्ट्स	मोल प्रतिशत	५
२७	६९०४.१०.००	(क) सबै प्रकारका (सेरामिक) ईटाहरू (आन्तरिक उत्पादन बाहेक)	प्रति हजार	रु.६००।-
२८	७०.०३, ७०.०४, ७०.०५, ७०.०६, ७०.०७, ७०.०८ र ७००९.१०	ग्लास सिट र सवारी साधनमा प्रयोग हुने सिसा तथा ऐनाहरु	मोल प्रतिशत	५
२९		सवारी साधनहरू :		
		(क) कार, जीप र भ्यानहरू (भन्सार शीर्षक ८७०२ र ८७०३) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६)	मोल प्रतिशत	६०
		(ख) माइक्रोबसहरू (११ देखि १४ सिटसम्म भएको (भन्सार शीर्षक ८७०२) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६)	मोल प्रतिशत	५५
		(ग) डवल क्याव पिकअप (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६)	मोल प्रतिशत	६०
		(घ) तीन पांग्रे गाडीहरू (अटोरिक्सा) (भन्सार शीर्षक ८७०३) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६)	मोल प्रतिशत	५५
		(ङ.) सिंगल क्याव पिकअप (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६)	मोल प्रतिशत	५०
		(च) डेलिभरी भ्यान (भन्सार शीर्षक ८७०४) र तिनका चेसिस (भन्सार शीर्षक ८७०६)	मोल प्रतिशत	३०
		(छ) मिनिबसहरू (१५ देखि २५ सिटसम्म भएको) (भन्सार उपशीर्षक ८७०२१०२०)	मोल प्रतिशत	३५

		(ज) मिनिवसहरू (१५ देखि २५ सिटसम्म भएको) (भन्सार उपशीर्षक ८७०२९०.२०)	मोल प्रतिशत	३५
		(झ) भन्सार शीर्षक ८७०२ मा पर्ने (१५ देखि २५ सिटसम्म भएको) मिनिवसका चेसिस (भन्सार शीर्षक ८७०६)	मोल प्रतिशत	३५
		(ञ) बस र ट्रकहरू (भन्सार शीर्षक ८७०२,८७०४ र तिनका चेसिस भन्सार शीर्षक ८७०६)	मोल प्रतिशत	५
		(ट) मोटरसाइकल (भन्सार शीर्षक ८७११)	मोल प्रतिशत	४०
३०	84.43	प्लेटहरू, सिलिण्डरहरू र शीर्षक ८४.४२ का छपाईका अन्य उपादानहरूद्वारा मुद्रण कार्यको लागि प्रयोग हुने छाप्ने (मुद्रण) यन्त्रावली; अन्य मुद्रण यन्त्रहरू, प्रतिलिपि उतार्ने यन्त्रहरू, र फ्याक्स गर्ने यन्त्रहरू, संयोजित भएका वा नभएका; तिनका अङ्गहरू र सहायक वस्तुहरू (पार्ट्स एण्ड एसेसरिज)।		
		-अन्य मुद्रकहरू, प्रतिलिपि उतार्ने यन्त्रहरू र फ्याक्स गर्ने यन्त्रहरू; संयोजन भएका वा नभएका:		
	8443.31.00	--मुद्रण गर्ने, प्रतिलिपि उतार्ने वा फ्याक्स पठाउनेमध्ये दुई वा दुईभन्दा बढी कार्यहरू सम्पन्न गर्न सक्ने यन्त्रहरू, स्वचालित आँकडा प्रशोधन यन्त्र वा संजाल (नेटवर्क) मा जोड्न सकिने किसिमका	मोल प्रतिशत	10
	8443.39.00	-- अन्य	मोल प्रतिशत	10

३१	84.72	अन्य कार्यालय यन्त्रहरू (अफिस मशिन्स) (उदाहणत: हेक्टोग्राफ वा स्टेन्सिल डुप्लिकेटिङ्ग मशिनहरू, एड्रेसिङ्ग मशिनहरू, अटोम्याटिक ब्याङ्कनोट डिस्पेन्सरहरू, क्वाइनसौर्टिङ्ग मशिनहरू (मुद्रा छांट्ने यन्त्र), क्वाइन काउण्टिङ्ग वा च्यापिङ्ग मशिनहरू, पेन्सिल शार्पेनिङ्ग मशिनहरू, परफोरेटिङ्ग वा स्ट्याप्लिङ्ग मशिनहरू) ।		
	8472.90.00	- अन्य	मोल प्रतिशत	15
३२	84.79	यस भागको अन्यत्र उल्लेख नभएका वा समावेश नभएका, व्यक्तिगत कार्य (इनडिभिजुअल फङ्कसन्स) भएका यन्त्रहरू र यान्त्रिक साधित्रहरू (मेकानिकल अप्लायन्सेस) ।		
		--अन्य :		
	8479.89.90	---अन्य	मोल प्रतिशत	10
33		चारपाटे (वर्गाकार समेत) भएको वा नभएको विद्युत संचित गर्ने यन्त्र (एकुमुलेटर); तिनका छुट्याउने यन्त्र (सेपरेटर) समेत ।		
	8507.10.00	-पिष्टन इन्जिन जगाउन प्रयोग हुने प्रकारको सीसा अम्ल (लीड-एसीड)	मोल प्रतिशत	5
	8507.20.00	-अन्य लीड एसीड एकुमुलेटर	मोल प्रतिशत	5
	8507.80.00	-अन्य एकुमुलेटर	मोल प्रतिशत	5

३४	85.17	टेलिफोन सेटहरू, सेलुलर संजालहरू वा अन्य तारविहिन संजालहरूका लागि प्रयोग हुने टेलिफोनहरू समेत; ध्वनी, छवी वा अन्य आँकडा प्रसारण वा संग्रहण निमित्तका उपकरणहरू, तारसहित वा तारारहित संजाल (जस्तै: स्थानीय वा बृहत क्षेत्र संजाल (लोकल अर वाइड एरिया नेटवर्क)) मा सञ्चार गर्न प्रयोग हुने उपकरणहरू समेत, शीर्षक ८४.४३, ८५.२५, ८५.२७ वा ८५.२८ का प्रसारण वा संग्रहण उपकरणहरू बाहेक ।		
		-ध्वनी, छवी वा अन्य आँकडा प्रसारण वा संग्रहण निमित्तका उपकरणहरू, तारसहित वा तारारहित संजाल (जस्तै: स्थानीय वा बृहत क्षेत्र संजाल (लोकल अर वाइड एरिया नेटवर्क)) मा सञ्चार गर्न प्रयोग हुने उपकरणहरू समेत:		
	8517.61.00	--आधार स्थानहरू (बेस स्टेशन्स)	मोल प्रतिशत	5
	8517.62.00	--ध्वनी, छवी वा अन्य आँकडालाई संग्रहण गर्ने परिवर्तन गर्ने र प्रसारण वा पुनरुत्पादन गर्ने यन्त्रहरू, स्वीचीङ्ग र राउटिङ्ग उपकरणहरू समेत	मोल प्रतिशत	5
	8517.69.00	--अन्य	मोल प्रतिशत	5
	8517.70.00	-अङ्गहरू (पार्टस)	मोल प्रतिशत	5

३५	85.18	सूक्ष्मध्वनीवाहक (माइक्रोफोन) हरू र त्यस निमित्तका धारकहरू (स्टयाण्डस); संलग्नक (इनक्लोजर) मा आरोपित (माउण्टेड्) भए वा नभएका ध्वनि विस्तारक यन्त्रहरू (लाउड् स्पीकर्स); सुक्ष्मध्वनि वाहक (माइक्रोफोन) सम्मिलित (कम्वाइण्ड) भएको वा नभएको कर्ण श्रवणयन्त्र (हेड फोन) हरू तथा कर्ण श्रवणयन्त्र (इयर फोन) हरू, र एक सूक्ष्मध्वनिवाहक (माइक्रोफोन) तथा एक वा एकभन्दा बढी ध्वनि विस्तारक यन्त्र (लाउडस्पीकर) हरू भएका समुच्चय (सेट) हरू; श्रव्यावृत्ति वैद्युतिक विस्तारक (अडियो फ्रिक्वेन्सी इलेक्ट्रिक एम्प्लिफायर) हरू; वैद्युतिक ध्वनी प्रवर्ध्दक यन्त्र (इलेक्ट्रिक साउण्ड एम्प्लीफायर) का समुच्चयहरू (सेट्स)		
	8518.10.00	-माइक्रोफोन र तिनका अडेसाहरू	मोल प्रतिशत	5
		-बट्टाभित्र अड्याइएका वा नअड्याइएका लाउड स्पिकरहरू:		
	8518.29.00	--अन्य	मोल प्रतिशत	5
३६	85.23	डिस्कहरू, टेपहरू, सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) सञ्चय उपकरणहरू, “स्मार्ट कार्डहरू” र ध्वनी वा अन्य प्रवृत्तिलाई अभिलेखन गर्न निमित्तका अन्य माध्यम, अभिलेखन गरिएका वा नगरिएका डिस्क उत्पादनका लागि प्रयोग हुने म्याट्रिसहरू र माष्टरहरू, तर भाग ३७ का उत्पादनहरू बाहेक ।		
		-चुम्वकीय माध्यम:		
	8523.29.90	--अन्य	मोल प्रतिशत	5
	8523.40.00	-चाक्षुषीय (अप्टिकल) माध्यम		
	8523.41.00	--रेकर्ड नगरिएको	मोल प्रतिशत	5

	8523.49.00	--अन्य	मोल प्रतिशत	5
	8523.51.00	--सुगठित अवस्थाका वाष्पीकरण नहुने (सोलिड-स्टेट नन्-भोलाटाइल) सञ्चय उपकरणहरू	मोल प्रतिशत	5
	8523.52.00	--"स्मार्ट कार्डहरू"	मोल प्रतिशत	5
	8523.59.00	--अन्य	मोल प्रतिशत	5
	8523.80.00	-अन्य	मोल प्रतिशत	5
३७	85.25	संग्रहण उपकरण (रिसेप्सन ऐपरेटस) वा ध्वनि अभिलेखन (साउण्ड रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरण (ऐपरेटस) समाविष्ट भए वा नभएको, रेडियो प्रसारण (रेडियो-ब्रोडकास्टिङ्ग) वा टेलिभिजन निमित्तका प्रसारण उपकरण (ट्रान्समिसन एपरेटस); टेलिभिजन क्यामराहरू; डिजिटल क्यामराहरू र भिडियो क्यामरा-रिकर्डर्स ।		
	8525.60.00	-संग्रहण उपकरण (रिसेप्सन एपरेटस्) समाविष्ट ट्रान्समिसन उपकरणहरू	मोल प्रतिशत	5
	8525.80.00	-टेलिभिजन क्यामराहरू, डिजिटल क्यामराहरू र भिडियो क्यामरा रिकर्डरहरू (भिडियो क्यामरा रेकर्डर्स)	मोल प्रतिशत	5
३८	85.28	रेडियो प्रसारण (ब्रोडकास्ट) ग्राहकहरू (रिसिभर्स) अथवा ध्वनि वा भिडियो अभिलेखन (रिकर्डिङ्ग) वा पुनरुत्पादन (रिप्रोड्यूसिङ्ग) उपकरणहरू (ऐपरेटस) समाविष्ट (इनकरपोरेटिङ्ग) भएका वा नभएका, टेलिभिजन निमित्तका संग्रहण (रिसेप्सन) उपकरण (ऐपरेटस); टेलिभिजन संग्रहण उपकरणहरू समाविष्ट नभएका मोनिटरहरू (परीविक्षकहरू) र प्रोजेक्टर(प्रक्षेपित्र) हरू ।		
		-प्रोजेक्टर (प्रक्षेपित्र) हरू		

	8528.61.00	--शीर्षक ८४७१ को स्वचालित आँकडा प्रशोधन प्रणालीमा पूर्णरुपमा वा मुख्यरुपमा प्रयोग हुने किसिमको	मोल प्रतिशत	10
		रङ्गिन टेलिभिजन		
	८५२८.७२.१०	-- अनएसेम्बल्ड अवस्थाका रङ्गिन टेलिभिजन	मोल प्रतिशत	५
	८५२८.७२.९०	--अन्य रङ्गिन टेलिभिजन	मोल प्रतिशत	५
	८५४०.११.००	रङ्गिन टेलिभिजनका पिक्चर ट्युबहरू	मोल प्रतिशत	५
३९	85.29	शीर्षक ८५.२५ देखि ८५.२८ सम्मका उपकरणहरूको लागि पूर्णतया र मुख्यतया प्रयोग योग्य पार्टपुर्जाहरू ।		
		-अन्य :		
	8529.90.10	---टेलिभिजन रिसिभरका	मोल प्रतिशत	15
४०	85.31	शीर्षक ८५.१२ वा ८५.३० बाहेकका विद्युतीय ध्वनि वा दृश्य सूचक उपकरणहरू (जस्तै-घण्टी, साइरन, इंडिकेटर प्यानेल, चोर घण्टी (वर्गलर एलार्म) वा आगलागीको घण्टी (फायर अलार्म) ।		
	8531.20.00	-तरल स्फटिक सामाग्री (एल.सी.डि.) वा प्रकाश इमिटिङ डायोड्स (एल.इ.डी.) समाविष्ट इण्डीकेटर प्यानेल	मोल प्रतिशत	10
	8531.90.00	-पार्टपुर्जाहरू	मोल प्रतिशत	10
४१	85.32	स्थिर भ्यारिएवल र मिलाउन हुने विद्युतीय सन्धारित्र (क्यापासिटर) (प्रि-सेट) ।		
	8532.10.00	-५०।६० हर्ज सर्किटको प्रयोगको लागि तयार गरिएको स्थिर सन्धारित्र (क्यापासिटर) र ०.५ के.भार (पावर क्यापासिटर) भन्दा कम क्षमता नभएको रिएक्टीभ शक्ति सञ्चालन गर्न सक्ने भएको	मोल प्रतिशत	10
		-अन्य स्थिर सन्धारित्र (क्यापासिटर):		
	8532.21.00	--ट्यान्टालम	मोल प्रतिशत	10

	8532.22.00	--आल्मुनियम इलेक्ट्रोलाइटिक	मोल प्रतिशत	10
	8532.23.00	--सेरामिक डाइईलेक्ट्रिक, सिङ्गल लेयर	मोल प्रतिशत	10
	8532.24.00	--सेरामिक डाइईलेक्ट्रिक, मल्टिलेयर	मोल प्रतिशत	10
	8532.25.00	--कागज वा प्लाष्टिकको डाइईलेक्ट्रिक	मोल प्रतिशत	10
	8532.29.00	--अन्य	मोल प्रतिशत	10
	8532.30.00	-भ्यारिएवल वा एडजष्टेवल (मिलाउन हुने) (प्रि-सेट) क्यापासिटर	मोल प्रतिशत	10
	8532.90.00	-पार्टपुर्जाहरू	मोल प्रतिशत	10
४२	85.33	विद्युत प्रतिरोधक (रेसिष्टर) (रियोस्ट्याट् र पोटेन्शीयोमिटर समेत), ताप प्रतिरोधक बाहेक ।		
	8533.10.00	-स्थिर कार्बन प्रतिरोधक, कम्पोजिसन वा फिल्म जस्ता	मोल प्रतिशत	10
		-अन्य स्थिरप्रतिरोधक :		
	8533.21.00	--२० वाटसम्मको शक्ति सञ्चालन क्षमताका लागि	मोल प्रतिशत	10
	8533.29.00	--अन्य	मोल प्रतिशत	10
		-तार जोडिएको घटबढ हुने (भ्यारिएवल) प्रतिरोधक, रियोस्ट्-याट्स र पोटेन्शीयोमिटर :		
	8533.31.00	--२० वाटसम्मको शक्ति सञ्चालन क्षमताका लागि	मोल प्रतिशत	10
	8533.39.00	--अन्य	मोल प्रतिशत	10
	8533.40.00	-अन्य घटबढ हुने प्रतिरोधक, रियोष्ट्याट्स र पोटेन्शीयोमिटर समेत	मोल प्रतिशत	10
	8533.90.00	-पार्टपुर्जाहरू	मोल प्रतिशत	10
	8534.00.00	प्रिन्टेड सर्किट (छापिएका परिपथहरू) ।	मोल प्रतिशत	10

४३	85.36	१००० भोल्टसम्मको भोल्टेज भएको वाल्ने निभाउने (स्वीचिङ) वा विद्युतीय परिपथको लागि वा विद्युत परिपथमा वा सँग जोड्नको लागि चाहिने वैद्युतिक उपकरणहरू (जस्तै, स्वीच, रिले, फ्यूज, सर्ज सप्रेसर, प्लग, सकेट, ल्याम्प-होल्डर र अन्य संयोजकहरू (कनेक्टर्स) जक्सन बक्सेस); चाक्षुषीय तन्तुहरू (अप्टिकल फाइवर्स), चाक्षुषीय तन्तुका मुट्ठा वा मोटा तारहरू निमित्तका संयोजकहरू (कनेक्टर्स)।		
	8536.50.00	-अन्य स्वीचहरू	मोल प्रतिशत	15
		-ल्याम्प होल्डर, प्लग र सकेटहरू:		
	8536.69.00	--अन्य	मोल प्रतिशत	15
	8536.90.00	-अन्य उपकरणहरू	मोल प्रतिशत	15
४४	85.44	विद्युतरुद्ध (इन्सुलेटेड), (इनामेल लगाएको वा एनोडाइज समेत), तार (वायर), केबुल (को-एक्सेल केबुल समेत) र कनेक्टरसँग जोडिएको वा नजोडिएको अन्य इन्सुलेटेड कन्डक्टर; अप्टिकल फाइबर केबुल, तार, विद्युत कण्डक्टर वा कनेक्टर जोडेको वा नजोडेको प्रत्येक ढाकिएका रेशाहरू (शिद्ड फाइबर) वाट बनेको तार।		
		-१००० भोल्टसम्मको लागि अन्य इलेक्ट्रिक कण्डक्टरहरू:		
	8544.42.00	--कनेक्टरसँग जोडिएका	मोल प्रतिशत	15
	8544.49.00	--अन्य	मोल प्रतिशत	15
	8544.70.00	-अप्टिकल फाइवर केबुल	मोल प्रतिशत	10
	8511.10, 85.12, 87.08, 87.14	-मोटर पार्टस र मोटरसाइकल पार्टस (साइकल र रिक्साका पार्टस वाहेक तथा अशक्त व्यक्तिहरु निमित्तका क्यारिजेज (उप शीर्षक ८७१४.२०) वाहेक)	मोल प्रतिशत	5

४५	90.10	यो भागको अन्यत्र उल्लेख नभएको वा समावेश नभएको तस्वीर सम्बन्धी (चलचित्र सम्बन्धी समेत) प्रयोगशालाहरूमा प्रयोग हुने उपकरण र औजारहरू; नेगेटोस्कोप; प्रोजेक्सन स्क्रीन (प्रक्षेपक पर्दा) ।		
	9010.90.00	-पार्टपुर्जा र सहायक सामानहरू	मोल प्रतिशत	10
४६	90.11	सूक्ष्म फोटोग्राफी (फोटोमाइक्रोग्राफी), सिनेफोटोमाइक्रोग्राफी वा माइक्रोप्रोजेक्सन (सूक्ष्म प्रक्षेपण) को लागि समेत संयुक्त चाक्षुष सूक्ष्मदर्शी यन्त्रहरू (कम्पाउण्ड अप्टिकल माइक्रोस्कोप) ।		
	9011.10.00	-स्टीरियोस्कोपिक माइक्रोसकोप्स	मोल प्रतिशत	5
	9011.20.00	-सूक्ष्म फोटो खिच्ने (फोटोमाइक्रोग्राफी), सूक्ष्म चलचित्र खिच्ने (सिनेफोटोमाइक्रोग्राफी) वा सूक्ष्म प्रक्षेपण (माइक्रो प्रोजेक्सन) का अन्य सूक्ष्म दर्शक यन्त्रहरू (माइक्रोस्कोप्स)	मोल प्रतिशत	5
	9011.90.00	-पार्टपुर्जाहरू र सहायक सामानहरू	मोल प्रतिशत	5
४७	90.12	चाक्षुष (अप्टिकल) सूक्ष्मदर्शक यन्त्रहरू (माइक्रोस्कोप्स) बाहेकका सूक्ष्मदर्शक यन्त्रहरू; विवर्तित उपकरणहरू(डिफ्रयाक्सन एपरेटस))।		
	9012.10.00	-दुरुवीक्षण यन्त्रहरू - माइक्रोस्कोप्स), अप्टिकल माइक्रोस्कोपहरू बाहेक; विवर्तन उपकरणहरू (डिफ्रयाक्सन एपरेटस्)	मोल प्रतिशत	5
	9012.90.00	-पार्टपुर्जाहरू र सहायक सामग्रीहरू	मोल प्रतिशत	5

४८	90.17	खिच्ने, चिनो लगाउने, वा गणितीय हिसाव गर्ने औजारहरू (जस्तै-खिंच्ने मेशिन, नक्सा उतार्ने यन्त्र, प्रोट्रयाक्टर, नक्साका सेटहरू, स्लाइड् रुलहरू, डिस्क क्याल्कुलेटर); यस भागमा अन्यत्र नपरेको, हातले लम्वाई नाप्ने औजारहरू (जस्तै-नाप्ने डण्डी र फित्ता वा माइक्रोमिटर, क्यालिपर्स) ।		
	9017.20.00	-अन्य खिच्ने, चिनो लगाउने र गणितीय हिसाव गर्ने औजारहरू	मोल प्रतिशत	5
	9017.90.00	-पार्टपुर्जाहरू र सहायक सामग्रीहरू	मोल प्रतिशत	5
४९	90.26	ग्यांस वा अरु तरल पदार्थका प्रवाह, तह, दवाव वा अन्य विविधता (भेरियवल्स) नाप्ने वा परीक्षण गर्ने (जस्तै-प्रवाहमापक, सतहमापक, म्यानोमीटर (हावा वा वाष्पको दवाव नाप्ने यन्त्र) तापमापक) औजार र उपकरणहरू, शीर्षक ९०.१४, ९०.१५, ९०.२८ वा ९०.३२ का औजार र उपकरणहरू बाहेक ।		
	9026.10.00	-तरलको प्रवाह वा सतह नाप्न वा परीक्षण गर्नको लागि	मोल प्रतिशत	5
	9026.20.00	-दवाव नाप्न वा परीक्षण गर्नको लागि	मोल प्रतिशत	5
	9026.80.00	-अन्य औजारहरू र उपकरणहरू	मोल प्रतिशत	5
	9026.90.00	-पार्टपुर्जाहरू र सहायक सामग्रीहरू	मोल प्रतिशत	5

५०	90.27	भौतिक वा रासायनिक विश्लेषण (जस्तै-ध्रुवीकरणमापक (पोलारी-मिटर), परावर्तमापक रिफ्रयाक्टोमिटर), वर्णक्रममापक (स्पेक्ट्रो- मिटर), ग्यांस वा धुवां विश्लेषण गर्ने उपकरणहरू) का प्रयोगका औजारहरू र उपकरणहरू; च्यापच्याप लाग्ने (भिस्कोसिटी), छिद्रता (पोरोसिटी), प्रसरण (एक्सपान्सन) सतहको धारण-क्षमता (सर्फेस टेन्सन) वा यस्तै नाप्ने वा परीक्षण गर्ने औजार र यन्त्रहरू; तापको मात्रा, ध्वनि वा प्रकाशको नाप वा परीक्षण गर्ने औजारहरू र उपकरणहरू (एक्स्पोजर मीटर समेत); सूक्ष्मकर्तक (माइक्रोटोम्स) ।		
	9027.20.00	-वर्णलेख (क्रोक्याटोग्राफ) र विद्युत् संरचण सम्बन्धी (इलेक्ट्रोफोरिसिस) उपकरणहरू	मोल प्रतिशत	5
	9027.50.00	-चाक्षुष विकीरण (यू.भी., भिजिवल, आइ. आर.) प्रयोग गर्ने अन्य औजारहरू र उपकरणहरू	मोल प्रतिशत	5
	9027.80.00	-अन्य औजारहरू र उपकरणहरू	मोल प्रतिशत	5
५१	90.30	ओसीलोस्कोप (दोलनदर्शी), स्पेक्ट्रम (वर्णपट) विश्लेषक र शीर्षक ९०.२८ का मापक (मिटर) बाहेकका विद्युतको मात्रा नाप्ने वा परीक्षण गर्नको लागि प्रयोग हुने अन्य औजारहरू र उपकरणहरूस अल्फा, बिटा, गामा, एक्स-रे, कस्मिक (अन्तरिक्ष) वा अन्य आयोनाइजिङ (विद्युत अणु) विकीरण (रेडीएसन) नाप्ने वा पत्ता लगाउने औजार र उपकरणहरू ।		
	9030.40.00	-विशेषतः दूरसञ्चारको लागि निर्मित अन्य औजारहरू र उपकरणहरू (जस्तै-क्रस-टकमीटर, गेन मिजरिङ्ग गर्ने औजारहरू, डिस्टोर्सन फ्याक्टर मिटर, सोफोमिटर)	मोल प्रतिशत	5

	9030.90.00	-पार्टपुर्जाहरू र सहायक सामग्रीहरू	मोल प्रतिशत	5

द्रष्टव्य :-

(१) अन्तःशुल्क दरबन्दीमा माथि जुनसुकै कुरा लेखिएको भए तापनि एम्बुलेन्स, शव वाहन, अपाङ्गहरुले प्रयोग गर्न मिल्ने गरी बनाईएका स्कुटर र ब्याट्रीबाट चल्ने टेम्पोको चेसिसमा अन्तःशुल्क लाग्ने छैन ।

अपाङ्गले प्रयोग गर्ने स्कुटर पैठारी वा स्थानीय खरिद गर्दा तिरेको अन्तःशुल्क त्यस्तो स्कुटर यातायात व्यवस्था कार्यालयमा निजको नाममा दर्ता भएको अवस्थामा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिसमा पैठारी गर्दा तिरेको अन्तःशुल्क सम्बन्धित भन्सार कार्यालयबाट र स्थानीय खरीद गर्दा तिरेको अन्तःशुल्क आन्तरिक राजस्व विभागबाट फिर्ता गरिनेछ ।

(२) आर्थिक वर्ष २०६५/६६ सम्म खरिद भई मौज्दातमा रहेका अन्तःशुल्क लाग्ने सवारी साधनहरूको अन्तःशुल्क असूल गर्ने प्रक्रिया आर्थिक ऐन, २०६५ बमोजिम नै हुनेछ ।

(३) उद्योगले पैठारी गर्ने शीर्षक ७२.१३ को उपशीर्षक ७२१३.९१.१० को M.S Wire Rod in Coil कच्चा पदार्थमा उद्योग विभागको सिफारिसमा अन्तःशुल्क छूट दिइनेछ ।

(४) कुनै पनि मदिराको कक्टेल गरेमा सि.नं. १० बमोजिमको दरबन्दी लाग्नेछ ।

(५) ७० यू.पी. शक्तिको तयारी मदिरा सि.नं. १६ को रेक्टिफाइड स्प्रिट प्रयोग गरी मात्र बनाउन पाइनेछ ।

(६) मार्बलको स्थानीय उत्पादनमा अन्तःशुल्क लाग्ने छैन ।

(७) सम्वत २०६५ साल कार्त्तिक १ गते नेपाल राजपत्रमा प्रकाशित निजी गुण्टा, झिटी भारी सम्बन्धी सूचना अन्तर्गत प्राप्त सुविधा अन्तर्गत भन्सार महसुल छूटमा पैठारी गरिएको व्यक्तिगत प्रयोजनका वस्तुहरूमा अन्तःशुल्क लाग्ने छैन ।

(८) मोटर साइकलको स्थानीय उत्पादनमा पचास प्रतिशत र अन्य सवारी साधनको स्थानीय उत्पादनमा लाग्ने अन्तःशुल्कमा पच्चीस प्रतिशत छूट हुनेछ ।

(९) विद्युतीय माध्यमबाट चल्ने सवारी साधनहरूमा अन्तःशुल्क लाग्ने छैन ।

(१०) औद्योगिक नीति, २०६७ को अनुसूची-९ मा उल्लेख भएका अति

अविकसित क्षेत्रमा स्थापित स्थानीय फलफूलमा आधारित उद्योगबाट उत्पादित ब्राण्डीको उत्पादनमा यस अन्तःशुल्क दरबन्दी अनुसार लाग्ने अन्तःशुल्कमा असी प्रतिशत छूट हुनेछ ।

(११) अन्तःशुल्क दरबन्दी प्रयोजनको लागि निर्धारित आठ अंकको उपशीर्षकलाई तथ्याङ्क प्रयोजनको लागि महानिर्देशकले अंक थप गर्न सक्नेछ ।

(१२) अन्तःशुल्क लाग्न सक्ने वस्तुहरूको व्याख्या तथा हार्मोनाइज्ड कोड तोक्ने काम आवश्यकता अनुसार भन्सार विभागसँग परामर्श लिई विभागले गर्न सक्नेछ ।

(१३) मदिरा, वियर र चुरोट आयातकर्ता वा सो को विक्रेता इजाजतपत्रवालाले विक्री गर्ने खुद्रा मूल्य आर्थिक वर्षको शुरुमा र मूल्य परिवर्तन भएको अवस्थामा परिवर्तन हुनासाथ सार्वजनिक सूचना प्रकाशन गरी जानकारी गराउनु पर्नेछ ।

(१४) शीर्षक ८५.०७ अन्तर्गत पर्ने लिड एसिड मोटर व्याट्रीको आन्तरिक उत्पादनमा अन्तःशुल्क लाग्नेछैन ।

(१५) मदिराको अन्तःशुल्क गणना गर्दा प्रति एल. पि. लिटर वा प्रति लिटरमध्ये जुन बढी हुन्छ सोही दरमा गणना गरी असूलउपर गरिनेछ ।

अनुसूची-१

(मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा (३) संग सम्बन्धित)

<u>कर छुट हुने वस्तु तथा सेवाहरु</u>

समूह १: आधारभूत कृषि उत्पादनहरू
(क) धान, चामल (शीर्षक १०.०६), गहूँ (शीर्षक १०.०१ र १०.०२), मकै (शीर्षक १०.०५), जौ (शीर्षक १०.०३), कोदो, (उपशीर्षक १०.०८.२०), फापर, (उपशीर्षक १०.०८.१०), दलहन र दाल (शीर्षक ०७.१३), पिठो र सुजी (शीर्षक ११.०२, ग्रिट्स (शीर्षक ११.०४), धानको चिउरा (उप शीर्षक १९.०४.९०), चना, बोडी, केराऊ, सिमी (शीर्षक ०७.०८ र ०७.१३), यस्तै खाद्यान्नको रुपमा प्रयोग हुने आधारभूत अप्रशोधित कृषि उत्पादनहरू र तिनका अवशेष ।
(ख) हरियो तथा ताजा सागसब्जी, (शीर्षक ०७.०१ देखि ०७.११ सम्म, ०७.१२.२०, (उपशीर्षक ०७.०३.२० बाहेक), ताजा फलफूल (शीर्षक र उपशीर्षक ०८.०१.१९, ०८.०३, ०८.०४.३०, ०८.०४.४०, ०८.०४.५०, ०८.०५, ०८.०६.१०, ०८.०७ देखि ०८.१० सम्म), ताजा फूल, (उपशीर्षक ०६.०३.१०), कन्दमूल तथा फलफूल, तरकारी र कन्दमूलको रुपमा प्रयोग हुने ताजा तथा अप्रशोधित कृषि उत्पादनहरू (शिर्षक ०७.१४) । (होटल, रेष्टुरेण्ट, बार, गेष्टहाउस, क्याफ्टेरिया वा यस्तै अन्य संस्थाले गर्ने आपूर्ति बाहेक) ।
(ग) अप्रशोधित नगदेबाली (जस्तै उखु (उपशीर्षक १२.१२.९९), कपास (शीर्षक ५२.०१ र ५२.०३), अलैंची (उपशीर्षक ०९.०८.३१.१०), अदुवा र सूठो (उपशीर्षक ०९.१०.११), सनपाट (शीर्षक ५३.०१ र उपशीर्षक ५३.०३.१०), किसानले बिक्री गर्ने अप्रशोधित सुर्ती, चियाको पात (उपशीर्षक ०९.०२.१०, ०९.०२.२०), चियाको पैकिङ वट्टा (टि चेष्ट) (उपशीर्षक ४४.१५.१०), कफिको गेडा (उपशीर्षक ०९.०१.११ र ०९.०१.१२), भटमास (शीर्षक १२.०१), बदाम (शीर्षक १२.०२), हलेदो (उपशीर्षक ०९.१०.३०) पिना र सोयावडी मस्यौरा (शीर्षक २३.०४ र २३.०५) ।
(घ) जडीबुटी (तिनको सार समेत) ।
समूह २ : आधारभूत आवश्यकताका वस्तुहरू
(क) धारा तथा टेङ्करबाट खुला रुपमा आपूर्ति हुने पिउने पानी ।
(ख) दाउरा (उपशीर्षक ४४.०१.१०) ।

(ग) गोल (शीर्षक ४४.०२) ।

(घ) नून (उपशीर्षक २५.०१.००.९०) ।

(ङ) मट्टितेल (उपशीर्षक २७.१०.१९.१०) ।

समूह ३ : जीवजन्तु तथा सोको उपज

(क) खसी र बोका (उपशीर्षक ०१.०४.२०), भेंडा र च्यांग्रा (उपशीर्षक ०१.०४.१०) चौंरी, राँगा (शीर्षक ०१.०२) बँदेल र सुंगुर (शीर्षक ०१.०३), खरायो (उपशीर्षक ०१.०६.१४) र तिनको अप्रशोधित काँचो खाद्य परिकारहरू (शीर्षक ०२.०१ देखि शीर्षक ०२.०४ सम्म, शीर्षक ०२.०६) ।

(ख) गाई र भैंसी (०१.०२), वाखी (०१.०४.२०), र तिनको ताजा दूध (०४.०१), (पास्चराईज्ड समेत), दही (०४.०६.१०), मौरी (शीर्षक ०१.०६.४१) तथा मौरी राख्ने घार (४४.१५.१०), तथा मौरी पालन उद्योगले पैठारी गर्ने मौरी पालनको लागि आवश्यक पर्ने मेटल व्यारल, रानी छेक्ने पाता, मौरी ब्रुस, आधार चाका रोलर, गियर पम्प र ह्रील प्लेट तथा मौरीपालन व्यवसायको मेसिन (शीर्षक ८४.३६) र मह छान्ने र रस छान्ने मेसिन (शीर्षक ८४.३३) ।

(ग) हाँस, भाले तथा पोथी कुखुरा, टर्की, लौकाट र यस्तै अन्य पंक्षीहरू (शीर्षक ०१.०५), तिनको ताजा मासु, अप्रशोधित काँचो परिकारहरू (शीर्षक ०२.०७) र अण्डा (शीर्षक ०४.०७) ।

(घ) ताजा वा सुकाएको माछा (प्याकिङ्ग गरिएको बाहेक) (शीर्षक ०३.०१ (उपशीर्षक ०३.०२.३३ देखि ०३.०२.३६ सम्म र ०३.०२.९० बाहेक) ((शीर्षक ०३.०३) (उपशीर्षक ०३.०३.९० बाहेक), (उप शीर्षक ०३.०५.५९, ०३.०७.४१ र ०३.०७.४९) ।

समूह ४ : कृषि सामग्रीहरू

(क) बाली, घाँस, फूल वा वोट विरुवाको वीउ वीजन, विरुवा, विरुवाको कलमी तथा विउ विजनको रुपमा प्रयोग हुने गानो जरा (शीर्षक ०६.०१, ०६.०२, ०६.०४ र १२.०९) ।

(ख) मल, रासायनिक मल र माटोको उपचार सामग्री (भाग ३१) ।

(ग) कृषि कार्यमा प्रयोग हुने सामान्य औजारहरू : जमीन खन्ने तथा सफा गर्ने कुटो, कोदालो र सावेल, हाते औजारहरू, हाते आरा बाहेक झारपात तथा काठ काट्ने हाते औजारहरू, अन्नको गेडा झार्ने र भूस सफा गर्ने हाते औजारहरू, पशुहरूको चारा काट्ने हाते औजारहरू तथा हलोमा प्रयोग

गरिने फाली (शीर्षक ८२.०१) ।

(घ) बालीनालीको लागि मात्र प्रयोग हुने भन्सार दरबन्दीको भाग ३८ का किटनाशक, ढुसीनाशक, झारपातनाशक, मुसानाशक औषधी (उपशीर्षक ३८.०८.९१.९०, ३८.०८.९२, ३८.०८.९३, ३८.०८.९९) ।

(ङ) ट्याक्टर (शीर्षक ८७.०१), कल्टिभेटर (उपशीर्षक ८४.३२.२९), हैरो (उपशीर्षक ८४.३२.२१), लेभलर (उपशीर्षक ८४.३२.८०), पशुको चारा काट्ने मेशिन (शीर्षक ८४.३३), थ्रेसर (उपशीर्षक ८४.३३.५२), माछा मार्ने जाली (उपशीर्षक ५६.०८.११), माछा पाल्ने तयारी केजहरू, मत्स्य इन्कुवेटर, सिँचाइ कार्यमा प्रयोग हुने २ हर्षपावरदेखि ८ हर्षपावरसम्म शक्ति भएको इञ्जिन सहितको पम्पिङ सेट र सोको साथमा रहेको ३० मिटरसम्मको होज पाइप ।

(च) भन्सार दरबन्दीको भाग २३, २८ र २९ मा पर्ने फिडसप्लिमेण्टको कच्चा पदार्थ, भन्सार दरबन्दीको भाग २३ अन्तर्गतका पशुपंक्षीको दाना र फिडसप्लिमेण्ट, भाग २५ को चुनढुङ्गाको धुलो । हड्डिको धुलो र माछाको धुलो ।

(छ) सामान्य भाँडावर्तन बाहेकका कुखुराको दाना खुवाउने विशेष प्रकारको भाँडा र कुखुराको पानी पिउने विशेष किसिमका भाँडा र अण्डा राख्ने क्रेट ।

समूह ५ : औषधी उपचार र यस्तै स्वास्थ्य सेवाहरू

(क) स्वास्थ्य सेवा (मूल्य अभिवृद्धि करमा दर्ता भएका संस्थाले प्रदान गरेको स्वास्थ्य सेवा बाहेक) ।

(ख) मानव रगत र मानव रक्तजन्य पदार्थहरू र भ्याक्सिन, (शीर्षक ३०.०२) रक्त सञ्चार सेवाको लागि आवश्यक पर्ने नेपाल रेडक्रस सोसाइटीले आयात गर्ने रगत राख्ने प्लाष्टिकका थैला, ट्रान्सफ्युजन सेट, टेस्टिङ्ग किट्स, रिएजेन्ट तथा रक्त परीक्षण रिएजेण्ट निर्माणको लागि आवश्यक पर्ने विभिन्न औजार उपकरणहरु एवं रसायनहरु ।

(ग) चिकित्सा अनुसन्धानमा प्रयोग हुने मानव वा जनावरका अंग तथा तन्तुहरू (शीर्षक ३०.०१) ।

(घ) पशु उपचार तथा मानवीय उपचारका औषधीहरू (३०.०६.६०) र गर्भ निरोधक साधनहरू (शीर्षक ४०.१४.१०, ९०.१८), (शीर्षक ३०.०३, ३०.०४ (च्यावनप्रास बाहेक), (उपशीर्षक ४०.१४.१०) ।

(ङ) मुटुको उपचारमा प्रयोग हुने पेसमेकर (९०.२१.५०), स्टेण्ट, मुटुको भल्व

	(९०.२१.९०), मृगौला रोगको उपचारका लागि आवश्यक उपकरणहरु, डायलाइसिसमा प्रयोग हुने वाथ कन्सेन्ट्रेट ठोस वा तरल (३८.२४.९०), अशक्त र अपाङ्ग व्यक्तिहरुको प्रयोगको लागि मात्र उपयुक्त हुने गरी बनेका साधनहरु (स्कुटर समेत) (८७.१३.१० र ८७.१४.२०), दृष्टिविहिनहरूले प्रयोग गर्ने सेतो छडी (ह्वाइट केन) (शिर्षक ६६.०२), स्लेटस्टाइलस, ब्रेल नोटटेकर, ब्रेलो (ब्रेल प्रिन्टर), रङ्गसूचक, पानीसूचक र प्रकाशसूचक यन्त्रहरू, आवाज दिने थर्मामिटर, ब्रेल टाइपराइटर, ब्रेल घडी, एवाकस, मेग्नीफाइङ्ग ग्लास, ब्रेल कम्पास, ब्रेल पुस्तक, ब्रेल इम्बोसर, ब्रेल स्टेनसिल मेशिन ।
(च)	एक्स-रे फिल्म (उपशीर्षक ३७.०१.१०) र उपचारको निमित्त प्रयोग हुने अक्सिजन ग्याँस (उपशीर्षक २८.०४.४०) **व्याण्डेज** र क्रेप व्याण्डेज (शीर्षक ३०.०५) ।
(छ)	औषधी उद्योगको कच्चा पदार्थ: हार्मोनाइज्ड कोडको भाग २८ भित्र पर्ने औषधी उद्योग तथा आइ.ओ.एल. उत्पादनमा प्रयोग गर्ने धातुका लवणहरु, अक्साइडहरु र हाइड्रोअक्साइडहरुका अतिरिक्त भाग २९ अन्तर्गत गर्ने औषधीका कच्चा पदार्थ (औषधीको सक्रिय तत्व) तथा औषधी उद्योगले औषधी उत्पादनको लागि प्रयोग गर्ने तथा आइ.ओ.एल. उत्पादनमा प्रयोग हुने कच्चा पदार्थ र प्याकिंग मेटेरियल, औषधि व्यवस्था विभागको सिफारिसमा औषधी उद्योग तथा अस्पतालको अनुसन्धान तथा विकासमा प्रयोग हुने शीर्षक ९०.१८ र ९०.२७ मा पर्ने उपकरणहरु र आँखा उपचारकालागि आवश्यक इन्ट्रा ओकुलर लेन्स उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ र सहायक सामाग्री ।
समूह ६ : शिक्षा	
(क)	विद्यालय तथा विश्व विद्यालयमा हुने अनुसन्धान सम्बन्धी कार्यहरू ।
(ख)	नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरुबाट प्रदान गर्ने व्यवशायिक वा पेसागत तालिम वा पुनर्ताजगी तालिमहरु ।
(ग)	विद्यालय तथा विश्व विद्यालयहरूले प्रदान गर्ने शिक्षण सेवा ।
समूह ७ : किताब, अखवार र मुद्रित सामग्रीहरू	
(क)	पुस्तक, पात्रो, अखवार, पत्रपत्रिका (शीर्षक ४९.०१, ४९.०२, ४९.०४) र त्यसको मुद्रण तथा प्रकाशन ।
(ख)	अखवारी कागज (शीर्षक ४८.०१) ।
समूह ८ : सांस्कृतिक, कलात्मक र कालीगढी सेवा	

(क) चित्रकला, मूर्तिकला, वास्तुकला तथा यस्तै प्रकारका अन्य हस्तकलाहरू र तत्सम्बन्धी सेवा ।

(ख) सांस्कृतिक कार्यक्रम ।

(ग) पुस्तकालय, संग्रहालय, कला संग्रहालय, चिडियाघर तथा वनस्पति उद्यान र राष्ट्रिय निकुञ्जको प्रवेश शुल्क ।

समूह ९ : यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरू

हवाई यात्रा, सार्वजनिक यात्रुवाहक यातायात (केवुलकार बाहेक), ढुवानी सेवा (आपूर्तिसँग सम्बन्धित ढुवानी बाहेक) तथा निर्यातको प्रयोजनका लागि भएको कार्गो सेवा ।

समूह १० : व्यावसायिक वा पेशागत सेवा

कलाकार, खेलाडी, लेखक, नमूनाकार, अनुवादक, दोभाषेले स्थागत वा व्यक्तिगत रुपमा प्रदान गर्ने पेशागत सेवा, विदेशमा जनशक्ति आपूर्ति गर्ने सेवा ।

समूह ११ : अन्य वस्तु तथा सेवा

१. शित भण्डारले उपलब्ध गराउने कृषि पैदावार भण्डारण सेवा ।

२. हुलाक सेवा (नेपाल सरकारबाट सञ्चालित मात्र)

(क) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन वा हस्तान्तरण सम्बन्धी सेवा ।

(ख) चिठीपत्र, पैसा तथा पुलिन्दा परिवहन हस्तान्तरण सम्बन्धी सेवाको लागि आवश्यक पर्ने अन्य सेवाहरू ।

(ग) हुलाक टिकट (शीर्षक ४९.०७) ।

(घ) नेपाल सरकारद्वारा प्रदान गर्ने सेवाहरू ।

३. अन्तःशुल्क टिकट र राहदानी (शीर्षक ४९.०७), क्यास मेशिन (उपशीर्षक ८४.७०.९०) ।

४. वित्तीय सेवा, जीवन बीमा सेवा, पुनर्विमा सेवा र समाशोधन गृह (क्लियरिङ्ग हाउस) सेवा ।

५. बैङ्क नोट, सिक्का तथा चेक बुक

(क) नेपाली नोटको छपाइ तथा निष्काशन ।

(ख) नेपालबाहिरबाट नेपालभित्र हुने बैङ्क नोटको आपूर्ति, (शीर्षक ४९.०७) ।

(ग)	चेक बुक (शीर्षक ४९.०७) ।
६.	सुन, चाँदी
(क)	सुन (शीर्षक ७१.०८), सुनका सिक्का (उपशीर्षक ७१.१८.९०), सुनका गहना (शीर्षक ७१.१३) र हीरा जवाहरात ।
(ख)	चाँदी (शीर्षक ७१.०६) चाँदीका सिक्का (उपशीर्षक ७१.१८.९०) चाँदीका तैयारी वस्तु र गरगहना (शीर्षक ७१.१३) ।
७.	विद्युत आपूर्ति ।
८.	कच्चा ऊन (शीर्षक ५१.०१) ।
९.	ब्याट्रीबाट चल्ने टेम्पो (उपशीर्षक ८७.०३.२१.१०) र तिनका चेसिस (उपशीर्षक ८७.०६.००.१५) र वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिशमा सफा टेम्पोमा प्रयोग हुने डिप साइकल लिड एसिड ब्याट्रीहरु (शीर्षक ८५.०७) ।
१०.	वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्रको सिफारिसमा बायो ग्याँस, सौर्य शक्ति र वायु शक्तिबाट उर्जा उत्पादन गर्ने संयन्त्र तथा उपकरणहरू, ट्यूवलर ब्याट्री (शीर्षक ८५.०७), एवं शीर्षक ९४.०५ मा पर्ने सोलार लिड डिसि बत्तीहरु, उपशीर्षक २९०५.३२, ७४१०.२१, ७६०७.१९, ८४०३.१०, ८४०३.९०, ८४१२.८०, ८४१३.८१, ८४१९.१९, ८४१९.३१, ८५१६.६०, ८५४३.८९ अन्तर्गत पर्ने सौर्य ताप ऊर्जा सम्बन्धी उपकरण र पार्टपुर्जाहरु ।
११.	हवाईजहाज र हेलिकप्टर (शीर्षक ८८.०२ (उपशीर्षक ८८०२.६० बाहेक)) तथा तिनका इञ्जिन (उपशीर्षक ८४०७.१०.००) गेयर वक्स (उपशीर्षक ८८०५.१०) दमकल (उपशीर्षक ८७०५.३०) एम्बुलेन्स र शव वाहन (शीर्षक ८७.०२ र ८७.०३) ।
१२.	जुट ब्याचिङ आयल (उपशीर्षक २७.१०.१९.१३) जुटका उत्पादनहरू (शीर्षक ५३.०६, ५३.०७ र ५३.१०) र उद्योग विभागको सिफारिशमा जुट उद्योगले आफ्नो उद्योगको संचालनको लागि पैठारी गर्ने स्पेयर पार्ट्स ।
१३.	भन्सार दरबन्दीको भाग ८४ का ५ प्रतिशतसम्म भन्सार महसुल लाग्ने घरायसी प्रयोग हुन सक्ने बाहेकका मील मेशिनरी एवं यन्त्र उपकरणहरु, मोल्डिंग गर्ने साँचो (पार्टपुर्जा बाहेक) । तर उद्योगले आफ्नो व्यवसायिक प्रयोजनको लागि प्रयोग गर्ने बाहेकका लिफ्ट र विद्युतीय भऱ्याङ्ग (८४.२८) मा मुल्य अभिवृद्धि कर

	छुट हुनेछैन ।
१४.	ऊनी गलैंचा तथा गलैंचाको ऊनी धागो कताई, रङ्गाई, धुलाई र बुनाई ।
१५.	शत प्रतिशत सूतिको साडी, लुंगि, धोती (मर्दाना/जनाना) पेटानी, गम्छा (शीर्षक ६२.११) र सूति धागो (शीर्षक ५२.०५ र ५२.०७) ।
१६.	स्वेदशमै हातले बुनिने स्वीटरमा प्रयोग हुने ऊनी धागो (कृत्रिम र एक्रेलिक बाहेक) ।
१७.	नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृति प्राप्त भएको कुनै दैवी प्रकोप वा परोपकारको लागि अनुदानमा प्राप्त हुने वस्तुहरू ।
१८.	भिटी, गुण्टा, भारी आदेशको सुविधा अन्तर्गत पैठारी गरिएको भन्सार महसुल नलाग्ने व्यक्तिगत प्रयोजनका वस्तुहरू ।
१९.	कपडा, सलाई (काठको काटी मात्र), धुप र टायर-ट्युब उद्योगहरूले आफ्नो उत्पादनको उक्त सामान बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रक्रिया बमोजिम ती उद्योगलाई फिर्ता दिइनेछ ।
२०.	मैदा उद्योगले आफ्नो उत्पादन (मैदा) बिक्री गर्दा उठाएको करबाट खरिदमा तिरेको कर घटाउँदा बाँकी बुझाउनु पर्ने देखिएको कर बराबरको रकम विभागले तोकेको प्रक्रिया बमोजिम पच्चीस प्रतिशत मात्र फिर्ता दिइनेछ ।
२१.	तोरीको तेल उत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादनको तोरीको तेल र स्वदेशमा उत्पादित वनस्पती घ्यू र अन्य प्रशोधित खानेतेल उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुलाई आफ्नो उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा ५० (पचास) प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ । तर ठूलो परिमाण (Bulk) मा प्रशोधित तेल आयात गरी उपभोक्ता प्याकेजमा प्याकिङ्ग (Refilling) गरी बिक्री वितरण गर्ने प्याकेजिङ्ग उद्योगहरुले यस्तो सुविधा पाउने छैनन् ।
२२.	दुग्ध पदार्थको कारोवार गर्ने स्वदेशी डेरी उद्योगले आफ्नो कर योग्य उत्पादन बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा ५० (पचास) प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ ।
२३.	सेलुलर मोवाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ताले सेलुलर मोवाइल फोनसेटको कच्चापदार्थ वा तयारी सामानमा तिरेको कर

	त्यस्ता सामान मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुलाई बिक्री गरेको प्रमाण पेश गरेमा विभागले तोकेको प्रक्रिया बमोजिम साठी प्रतिशत फिर्ता दिइनेछ ।
२४.	चिनी उत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादन मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुलाई विक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमा ७० (सत्तरी) प्रतिशत मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया बमोजिम फिर्ता दिइनेछ ।
२५.	जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने नेपालमा उत्पादन नहुने यन्त्र उपकरणहरू, मेशीनरी औजारहरु र तिनका पार्टपुर्जा, पेनस्टक पाईप वा सो बनाउन प्रयोग हुने फलामे पाता पैठारी गर्दा वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेदेखि बाहेक अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा मूल्य अभिवृद्धि कर छूट गरिनेछ ।
२६.	विदेशी नियोग तथा दातृ संस्थाले कूटनैतिक सुविधा वा महसुल सुविधामा पैठारी गरेका सवारी साधन कुनै आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अनुरुप आयोजनालाई नै हस्तान्तरण गरी सरकारी नम्बर प्लेटमा परिवर्तन गर्दा वा कुनै आयोजनाको नाममा पूर्ण वा आंशिक महसुल सुविधामा (लगत वा बैङ्क ग्यारेण्टीमा पैठारी भएको बाहेक) पैठारी भएका सवारी साधन आयोजना समाप्तिपछि अर्थ मन्त्रालयको स्वीकृति लिई सरकारी नम्बर प्लेटमा परिवर्तन गरी सरकारी निकायमा हस्तान्तरण गर्दा मूल्य अभिवृद्धि कर लाग्ने छैन ।
२७.	कूटनैतिक नियोग, परियोजना र अन्य निकायहरूले (सरकारी एवं गैरसरकारी संघ संस्था) महसुल सुविधामा पैठारी गरेका शुरु उत्पादन वर्षले १५ वर्ष नाघेका पुराना सवारी साधन अर्थ मन्त्रालयको स्वीकृति लिई पुनः प्रयोग हुन नसक्ने गरी स्क्रयाप गरी रजिष्ट्रेशन रद्द गर्न चाहेमा त्यस्तो सवारी साधनमा मूल्य अभिवृद्धि कर लाग्ने छैन ।
२८.	निजी प्रयोगको लागि नेपाली नागरिकले मूल्य अभिवृद्धि कर छूटमा आयात गरिएका सवारीसाधनका धनीको मृत्यू भई सवारीसाधनलाई निजको पति वा पत्नीको नाममा नामसारी गर्दा विभागको स्वीकृतिको आधारमा त्यस्ता सवारी साधनहरूमा लाग्ने मूल्य अभिवृद्धि कर छूट हुनेछ ।
२९.	बण्डेड वेयर हाउस वा नगद धरौटी (पासबुक) को सुविधा नलिएका उद्योगहरूले आफूले निकासी गर्ने मालवस्तु उत्पादनको लागि आवश्यक

	पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं नेपालमा उत्पादन नहुने प्याकिङ मेटेरियल पैठारी गरी सोबाट उत्पादित तयारी मालवस्तु तोकिएको अवधिभित्र तोकिएको प्रक्रिया अनुसार निकासी गरेमा त्यस्ता कच्चा पदार्थ, सहायक कच्चा पदार्थ एवं प्याकिङ मेटिरियल पैठारी गर्दा भन्सार बिन्दुमा लागेको कर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिए बमोजिमका मालवस्तुमा तोकिए बमोजिमको मितिदेखि तोकिए बमोजिमको समदरमा भन्सार बिन्दुबाटै मूल्य अभिवृद्धि कर फिर्ता दिइनेछ ।
३०.	नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको प्रधान कार्यालयको नाममा पैठारी हुने निम्न लिखित सामानहरूमा सम्बन्धित मन्त्रालयको सिफारिसमा छूट प्रदान गरिनेछ :–
(क)	सैनिक, सशस्त्र प्रहरी र नेपाल प्रहरीको प्रयोगका खरखजाना, हातहतियार, गोलिगट्ठा, बारुद र तिनका स्पेयरपार्टस, विशेष प्रकारको तेल र टल्लीहरू, एक्सेसरिज, बिस्फोटक पदार्थ, सैनिक सामग्री उत्पादन गर्न आवश्यक पर्ने कच्चा पदार्थ तथा सुरक्षाको निमित्त प्रयोग गर्ने मेशिनरी औजार र पार्टपुर्जाहरू ।
(ख)	शान्तिसुरक्षा कायम गर्न आवश्यक पर्ने मेशिनरी औजारहरू, भीड नियन्त्रणका सामानहरू, अपराध अनुसन्धानको लागि आवश्यक उपकरण तथा अन्य सामानहरू तथा सञ्चार मन्त्रालयको सिफारिसमा सैनिक जवान, सशस्त्र प्रहरी र नेपाल प्रहरीले प्रयोग गर्ने सञ्चार सम्बन्धी सामानहरू ।
(ग)	सैनिक जवान, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा घोडा खच्चरहरुको स्वास्थ्य उपचारको लागि आवश्यक पर्ने औजार, उपकरण, औषधी र तत्सम्बन्धी सामानहरू ।
(घ)	सैनिक जवान, सशस्त्र प्रहरी, नेपाल प्रहरीको अभ्यास तथा तालिममा प्रयोग हुने सामानहरू ।
(ङ)	नेपाली सेनाले प्रयोग गर्ने इञ्जिनियरिङ्ग सर्भे र निर्माण कार्यमा प्रयोग हुने हेभि अर्थमुभिंग प्लान्ट, औजार र सो सम्बन्धी पार्टस, अप्टिकल इक्वीपमेन्ट तथा रक्षा मन्त्रालयद्वारा तोकिए बमोजिमको डिफेन्स स्टोरका सामानहरू ।
(च)	नेपाली सेनाले प्रयोग गर्ने क्याम्पिङ्ग इक्वीपमेण्ट तथा स्पेशल फोर्स र प्याराट्रुपरलाई आवश्यक पर्ने विभिन्न सामानहरू ।
(छ)	नेपाली सेनाको नाममा पैठारी हुने हवाईजहाज, हेलिकप्टर र तीनका

पार्टपुर्जा, प्यारासुट (ब्याग समेत) टुल्स, लुब्रिकेन्ट्स तथा ग्राउण्ड इक्वीपमेन्टहरू । (ज) अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने उपकरण तथा औजारहरू । (झ) वैज्ञानिक प्रयोगशालालाई आवश्यकपर्ने सामानहरू । (ञ) दैवी प्रकोप उद्धार कार्यमा प्रयोग हुने सामानहरू ।
समूह १२ : भवन र जग्गा
घर तथा जग्गाको खरिद बिक्री तथा बहाल (होटल, गेष्टहाउस र एपार्टमेण्टले उपलब्ध गराउने होटल, गेष्टहाउस सरहको व्यावसायिक रुपमा सञ्चालित निकायले उपलब्ध गराउने सेवा बाहेक) ।
समूह १३ : बाजी, क्यासिनो र चिट्ठा बाजी वा जुवा खेलाउनका निमित्त प्रदान गरिने सुविधा सम्बन्धी क्रियाकलाप, चिट्ठा ।
द्रष्टव्य: (१) माथि उल्लेख भए बमोजिम शीर्षक र उपशीर्षकहरुमा किटानसाथ उल्लेख भएको वस्तु तथा सेवामा मात्र मूल्य अभिवृद्धि कर छूट हुनेछ । कर छूट गरिएका वस्तु तथा सेवाको व्याख्या तथा वस्तुको हार्मोनाइज्ड कोड आवश्यकता अनुसार भन्सार विभागसँग परामर्श लिई विभागले थपघट तथा परिमार्जन गर्न सक्नेछ । (२) उपरोक्तानुसार स्वदेशमा उत्पादित बनस्पति घ्यू र तोरीको तेल, मैदा तथा सेलुलर मोबाइल फोन सेट, चिनी तथा स्वदेशी डेरी उद्योगमा आंशिक सुविधा दिई सो अनुसार कर फिर्ता दिने व्यवस्था रहेकोमा ती वस्तुको बजार अनुगमन समेतको समन्वयात्मक व्यवस्था आन्तरिक राजस्व विभागले गर्नेछ । (३) कर लाग्ने वस्तुमा कुनै छूट वा कर फिर्ता दिन मनासिव देखेमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छूट दिन सक्नेछ ।

अनुसूची-२
(मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ को उपदफा (२) सँग सम्बन्धित)
शून्य दर लाग्ने वस्तु तथा सेवा

१. नेपालबाहिर निर्यात हुने वस्तुः वस्तुको आपूर्ति देहाय बमोजिम भएको छ भन्ने कुरा प्रमाणित भएमा :-

(क) नेपालबाहिर निर्यात गरेको, वा

(ख) नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा स्टोरको रुपमा राखिएको, वा

(ग) नेपालबाहिर गन्तव्य स्थान भएको अन्तर्राष्ट्रिय उडानमा खुद्रा बिक्री वा आपूर्ति वा उपभोग गर्नका लागि राखिएको ।

२. नेपालबाहिरको व्यक्तिलाई आपूर्ति हुने सेवा :

(क) नेपालभित्र बसोबास भएको व्यक्तिले नेपालमा कुनै व्यावसायिक कारोबार, व्यावसायिक प्रतिनिधित्व वा कानूनी रुपमा मान्य प्रतिनिधि नभएको नेपालबाहिरका व्यक्तिलाई आपूर्ति गरेको सेवा,

(ख) नेपालभित्र बसोबास भई दर्ता भएको व्यक्तिले नेपालबाहिर बसोबास भएको व्यक्तिलाई गरेको वस्तु वा सेवाको आपूर्ति ।

३. नेपाल सरकार, परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनैतिक सुविधा प्राप्त व्यक्ति वा नियोगले तथा महसुल सुविधा प्राप्त कूटनैतिक नियोगमा कार्यरत व्यक्तिले पैठारी गर्ने वस्तु तथा सेवा ।

४. साविकको कुनै सन्धि वा सम्झौतामा पैठारी गर्दा बिक्रीकर छुट प्रदान गरिएको भए सम्बन्धित आयोजनाको सिफारिसमा ती सन्धि वा सम्झौता बहाल रहेसम्म दर्ता भएका करदातासँग स्थानीय खरीद गरेमा त्यस्तो आपूर्तिमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

५. प्रचलित कानून बमोजिम स्थापना भएको विशेष आर्थिक क्षेत्रमा सञ्चालन भएको उद्योगलाई बिक्री गरिने कच्चा पदार्थ तथा उत्पादित सामान ।

६. वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा सौर्य शक्तिबाट उर्जा उत्पादन गर्ने सयन्त्र तथा उपकरणमा प्रयोग हुने व्याट्री स्वदेशी उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सिफारिस र विभागले तोकेको प्रक्रिया बमोजिम सो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

७. जल विद्युत आयोजनाका लागि आवश्यक पर्ने मेशिनरी औजारहरू र तिनका पार्टपुर्जा, यन्त्र उपकरणहरू, पेनस्टक पाईप वा सो बनाउन प्रयोग हुने फलामे पाता स्थानीय उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट आपूर्ति गर्ने भएमा वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रबाट स्वीकृत हुनेको हकमा सो केन्द्रको र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेदेखि बाहेक अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिस र विभागले तोकेको प्रक्रिया बमोजिम सो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिनेछ ।

८. घरेलु तथा साना उद्यमीहरूले स्वदेशमा उत्पादन गरेका मूर्तिकला, चित्रकला, वास्तुकला र त्यस्तै प्रकारका अन्य हस्तकलाहरूका सामान नेपालका स्वीकृत निर्यात गृह (एक्सपोर्ट ट्रेडिङ्ग हाउस) मार्फत विदेश निकासी गरेमा त्यस्ता सामान उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थमा तिरेको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया पूरा गरेपछि फिर्ता दिईनेछ ।

९. अपाङ्गले प्रयोग गर्ने स्कुटर पैठारी वा स्थानीय खरीद गर्दा तिरेको मूल्य अभिवृद्धि कर त्यस्तो स्कुटर यातायात व्यवस्था कार्यालयमा निजको नाममा दर्ता भएको अवस्थामा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय वा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको सिफारिसमा पैठारी गर्दा तिरेको मूल्य अभिवृद्धि कर सम्बन्धित भन्सार कार्यालयबाट र स्थानीय खरीद गर्दा तिरेको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागबाट फिर्ता गरिनेछ । त्यसरी फिर्ता गरिएको मूल्य अभिवृद्धि कर अपाङ्ग बाहेक अन्य व्यक्तिलाई बिक्री गरेमा असूल उपर गरिनेछ ।

यो पुस्तक तयार गर्दा त्रुटी नहोस् भन्ने हरसम्भव प्रयास गरिएको छ । तथापि, कुनै त्रुटी फेला परेमा वा कार्यसम्पादनको क्रममा कुनै द्विविधा उत्पन्न भएमा आर्थिक अध्यादेश, २०७० अनुसार हुने भएकाले सो हेर्न हुन वा यस विभागको महसुल शाखामा सम्पर्क राख्न अनुरोध गरिएको छ ।

- भन्सार विभाग, त्रिपुरेश्वर ।